# नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरुको संकलन

(बाह्र वुंदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत)

## असार २०६९


नेपाल सरकार

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

सिंहदरवार, काठमाण्डौ

फोन नं. ४२११५५०, ४२११०८९, ४२१११८९

फ्याक्स : ४२१११८६, ईमेल : info@peace.gov.np

वेभ : www.peace.gov.np

# नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरुको संकलन

(बाह्र वुंदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत)

## असार, २०६९


नेपाल सरकार

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

सिंहदरवार, काठमाण्डौ

फोन नं. ४२११५५०, ४२११०८९, ४२१११८९

फ्याक्स : ४२१११८६, ईमेल : **info@peace.gov.np**

वेभ : **www.peace.gov.np**

# विषय सूचि


| क्र.सं. | विषय | मिति |
|---|---|---|
| १ | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको बाह्र बुंदे समझदारीपत्र | २०६२।८।७ |
| २ | सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच भएको दोस्रो समझदारी पत्र | |
| ३ | श्री ५ ज्ञानेन्द्रको वैशाख ११, २०६३ को सम्बोधन | २०६३।१।११ |
| ४ | २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, २०६३ | २०६३।२।४ |
| ५ | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच दुईपक्षीय सहमतिद्वारा लागू गरिएको युद्धविराम आचार-संहिता | २०६३।२।१२ |
| ६ | नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच कोपुण्डोलमा सम्पन्न सहमति | २०६३।३।१ |
| ७ | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शिर्ष नेताहरु बिच भएको आठ बुंदे समझदारीपत्रको प्रेस वक्तव्य | २०६३।३।२ |
| ८ | नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति | २०६३।३।२ |
| ९ | युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार | २०६३।३।१२ |
| १० | युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ | |
| ११ | संयुक्त राष्ट्रसंघ समक्ष नेपाल सरकार द्वारा प्रेषित पांच बुंदे पत्र | २०६३।४।२४ |
| १२ | संयुक्त राष्ट्रसंघ समक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा प्रेषित पांच बुंदे पत्र | २०६३।४।२४ |
| १३ | सात दल र ने.क.पा.(माओवादी) का शीर्ष नेताहरुको बैठकका निर्णयहरु | २०६३।७।२२ |
| १४ | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता | २०६३।८।५ |
| १५ | नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३ | २०६३।८।२२ |
| १६ | वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरुको प्रतिबद्धता | २०६३।१२।१६ |
| १७ | अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम | २०६३।१२।१६ |
| १८ | अन्तरिम सरकार संचालनको सामान्य विधि र मान्यता | २०६३।१२।१६ |
| १९ | संयुक्त समन्वय समिति | २०६३।१२।१६ |
| २० | अन्तरिम सरकारका मन्त्रीहरुले पालना गर्नुपर्ने आचार संहिता | २०६३।१२।१६ |
| २१ | प्रधानमन्त्री पदका लागि सांसद गिरिजाप्रसाद कोइरालालाई सर्वसम्मतिले निर्णय गर्ने राजनीतिक सहमति | २०६३।१२।१६ |

| क.सं. | विषय | मिति |
|---|---|---|
| २२ | संविधान सभाको निर्वाचन २०६४ साल चैत्र भित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्र विन्दुमा राखेर सात राजनीतिक दलहरु बीच भएको २३ वुंदे सहमति | २०६४।९।८ |
| २३ | संविधान संशोधन र शान्ति प्रक्रियालाई अगाडी बढाउन राजनीतिक दलहरुका बीच भएको सहमति | २०६५।३।११ |
| २४ | संविधान सभाको म्याद थप गर्न मिति २०६७।२।१४ मा भएको सहमति | २०६७।२।१४ |
| २५ | प्रधानमन्त्री माधव कुमार नेपाल र ए.नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल बीच भएको सहमति | २०६७।५।२८ |
| २६ | माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७ | २०६७।५।३१ |
| २७ | शान्ति प्रक्रियाका सम्बन्धमा प्रधानमन्त्री माधव कुमार नेपाल र एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बीच भएको सहमति | २०६७।९।३० |
| २८ | माओवादी सेनाका लडाकुहरु विशेष समिति मातहत आएको घोषणा समारोह | २०६७।१०।८ |
| २९ | शान्ति प्रक्रिया टुंग्याउन दलहरुबीच भएको सातबुँदे सहमति | २०६८।७।१५ |
| ३० | शान्ति प्रक्रिया टुंग्याउन दलहरुबीच भएको छबुँदे सहमति | २०६८।८।१३ |
| **३१** | | |
| ३१.१ | सरकारी वार्ताटोली र निजामति कर्मचारी सम्वद्ध संस्थाहरूका प्रतिनिधिबिच भएको सहमति | २०६४।३।१० |
| ३१.२ | सरकारी वार्ताटोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका वार्ता टोलीबीच भएको सहमति | २०६४।३।२७ |
| ३१.३ | सरकारी वार्ता टोली र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका प्रतिनिधिवीच भएको सहमति | २०६४।४।२२ |
| ३१.४ | नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको सम्झौता | २०६४।५।१३ |
| ३१.५ | सरकारी वार्ताटोली र चुरे भावर प्रदेश एकता समाज, नेपालका प्रतिनिधिवीच सम्पन्न सहमति | २०६४।५।२७ |
| ३१.६ | सरकारी वार्ताटोली र राष्ट्रिय वादी अधिकार संघर्ष समितिकाबीच भएको सहमति | २०६४।६।२८ |
| ३१.७ | नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच सम्पन्न सम्झौता | २०६४।११।१६ |
| ३१.८ | सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच भएको सहमति | २०६४।११।१८ |

| क्र.सं. | विषय | मिति |
|---|---|---|
| ३१.९ | सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषदबीच भएको सहमति | २०६४।१२।६ |
| ३१.१० | शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू र संघीय लिम्बुवान राज्यपरिषद्को वार्ता टोलीबीच भएको सहमति | २०६८।७।३० |
| ३१.११ | सरकारी वार्ताटोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६५।५।२० |
| ३१.१२ | सरकारी वाताटोली र मधेशी भाइरस किलर्स पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६५।८।२६ |
| ३१.१३ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको वार्ता टोलीबीच भएको सहमति | २०६५।९।११ |
| ३१.१४ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) को वार्ता टोलीबीच भएको सहमति | २०६८।७।१८ |
| ३१.१५ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) बीच भएको सहमति | २०६८।८।८ |
| ३१.१६ | सरकारी वार्ताटोली र तराई संयुक्त जनक्रान्ती पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६५।९।१६ |
| ३१.१७ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) का वार्ता टोलीबीच भएको सहमति | २०६५।९।२६ |
| ३१.१८ | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६५।१०।५ |
| ३१.१९ | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६६।७।२८ |
| ३१.२० | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६८।३।१७ |
| ३१.२१ | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६८।११।३० |
| ३१.२२ | सरकारी वार्ताटोली र लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) का वार्ता टोलीबीच भएको सहमति | २०६५।११।१० |
| ३१.२३ | सरकारी वार्ताटोली र आदीवासी थारू समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।१ |
| ३१.२४ | सरकारी वार्ताटोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।३ |
| ३१.२५ | सरकारी वार्ताटोली र मधेश मुक्ति टाईगर्सका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।७ |
| ३१.२६ | सरकारी वार्ताटोली र नेपाल पिछडा वर्ग (OBC) महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।११ |
| ३१.२७ | सरकारी वार्ताटोली र नेपाल पिछडा वर्ग (OBC) महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६६।३।७ |

| क्र.सं. | विषय | मिति |
|---|---|---|
| ३१.२८ | सरकारी वार्ताटोली र नेपाल पिछडा वर्ग (OBC) महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६८।२।६ |
| ३१.२९ | सरकारी वार्ताटोली र नेपाल पिछडा वर्ग (OBC) महासंघ तथा राष्ट्रिय जनता दल, नेपालबीच भएको सहमति | २०६९।१।१३ |
| ३१.३० | सरकारी वार्ताटोली र ताम्सालीङ संयुक्त संघर्ष समिति, नेपालका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।२९ |
| ३१.३१ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति | २०६७।१।२४ |
| ३१.३२ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति | २०६८।४।२३ |
| ३१.३३ | सरकारी वार्ताटोली र क्षत्री राष्ट्रिय आन्दोलन समिति बीच भएको सहमति | २०६८।२।८ |
| ३१.३४ | सरकारी वार्ताटोली र संयुक्त जनतान्तित्रक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति | २०६८।४।२८ |
| ३१.३५ | सरकारी वार्ताटोली र संयुक्त जनतान्तित्रक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति | २०६८।९।१६ |
| ३१.३६ | सरकारी वार्ताटोली र पूर्व जनमुक्ति सेना, नेपाल बीच भएको सहमति | २०६८।५।२ |
| ३१.३७ | सरकारी वार्ताटोली र वहिर्गमित जनमुक्ति सेना, नेपाल बीच भएको सहमति | २०६८।९।२१ |
| ३१.३८ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति | २०६८।५।२ |
| ३१.३९ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति | २०६८।९।२८ |
| ३१.४० | सरकारी वार्ताटोली र ब्राम्हण, खस क्षत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समिति बीच भएको सहमति | २०६८।८।९ |
| ३१.४१ | सरकारी वार्ताटोली र संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्च बीच भएको सहमति | २०६८।९।१४ |
| ३१.४२ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) बीच भएको सहमति | २०६८।१०।७ |
| ३१.४३ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) बीच भएको सहमति | २०६८।११।१३ |
| ३१.४४ | सरकारी वार्ताटोली र जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप) बीच भएको सहमति | २०६८।११।२१ |
| ३१.४५ | सरकारी वार्ताटोली र संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा बीच भएको सहमति | २०६९।१।६ |
| | अनुसूची - १ | |

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको बाह्र बुंदे समझदारीपत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Domocracy) बीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरुको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसदभित्रका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

## समझदारी भएका बुँदाहरु

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित्त प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरुले निरंकुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने सझदारी भएको छ ।

२.आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा सम्बाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिवद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयु क्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा. (माओवादी) ले आफ्नो प्रतिवद्धता प्रष्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

५. ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्वाध ढङ्गले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी) ले प्रतिवद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अव त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त भएको छ ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्य मान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिवद्धता गरिएको छ ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आव्हान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार हुन । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरु पूर्ण रुपले प्रतिवद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसंग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरु खासगरी भारत र चीनसंग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रबादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्र यास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरु र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथदिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ-संगठनहरु सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजिवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक आव्हान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरुको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिवद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरुबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्बादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ ।

मिति : २०६२ मंसिर ७ गते

# सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको दोस्रो समभ्रुदारी पत्र

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समभ्रुदारीपछि देशमा तीब्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समभ्रुदारी आम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न । साथै सो समभ्रुदारीप्रति अन्तराष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ । यो स्थितिमा यो समभ्रुदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं ।

यहाँ हामी पुनः स्मरण गराउन चाहन्छौं कि "आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साभ्रा सहमतिको खोजी गर्ने समभ्रुदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समभ्रुदारी भएको छ ।"

उक्त प्रक्रियागत आधारमा हुने संविधान सभाको निर्वाचन मार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरुमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरु, नागरिक समाज, पेशागत समूह, जनवर्गीय संगठनहरु, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरु र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

त्यसरी नै नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरुको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं ।

| | |
|---|---|
| ...................................... | ...................................... |
| (गिरिजाप्रसाद कोइराला) | (अमृतकुमार बोहरा) |
| सभापति | का.वा. सभापति |
| नेपाली कांग्रेस | ने.क.पा. (एमाले) |

....................................
(शेरबहादुर देउवा)
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)

....................................
(लिलामणी पोखरेल)
अध्यक्ष
जनमोर्चा नेपाल

....................................
(नारायणमान विजुक्छे)
अध्यक्ष
नेपाल मजदूर किसान पार्टी

....................................
(राजेन्द्र महतो)
महामन्त्री
नेपाल सद्भावना पार्टी

....................................
(नन्दकुमार प्रसाई)
अध्यक्ष
संयुक्त बाममोर्चा

# श्री ५ ज्ञानेन्द्रको वैशाख ११, २०६३ को सम्बोधन

प्यारा देशबासीहरु,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरुको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधि सभालाई यसै घोषणामार्फत पुनर्स्थापित गरिबक्सेका छौं । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरुलाई आह्वान गर्दछौं । पुनर्स्थापित प्रतिनिधि सभाको बैठक २०६३ साल बैशाख १५ गते शुक्रबार दिनको १ बजे संसदभवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेका छौं ।

नेपाल र नेपालीको बृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ । जनआन्दोलनमा जीवन गुमाएकाप्रति समवेदना र घाइते एवम् आहत भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल

# २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, २०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन उत्सर्ग र सहभागिता प्रति उच्च सम्मान गर्दै,

स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल-नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारी अनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनर्संरचना सहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

"राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याहरुको समाधान गर्न" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरुलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरुलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरु प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ, र राज्यशक्ति यही प्रतिनिधिसभा मार्फत् प्रयोग हुने भएकोले देहायको घोषणा गर्दछ -

## १. व्यवस्थापिकाका सम्बन्धमा

१.१ नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ । कानून निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ ।

१.२ संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

१.३ प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहाय बमोजिम हुनेछ -

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रनिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ ।

१.४ प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ ।

## २ . कार्यकारिणीका सम्बन्धमा

२.१ नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ। "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ।

२.२ प्रतिनिधिसभा सदस्य नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन्।

२.३ मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ। मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन्। प्रशासन, सेना, प्रहरी लगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन्।

२.४ सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।

## ३ . सेनाका सम्बन्धमा

३.१ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ।

३.२ राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ। नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ।

३.३ नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ।

३.४ सेनाको परमाधिपति सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ।

३.५ सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ।

## ४ . राजपरिषद्का सम्बन्धमा

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ। त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ।

## ५ . राजदरवार सम्बन्धमा

५.१ राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ।

५.२ श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ।

५.३ श्री ५ को निजी सम्पत्ति र आयमाथि कानून बमोजिम कर लाग्नेछ।

५.४ श्री ५ बाट भए गरेका कामहरुका वारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइने छ।

५.६ राजदरवारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरे बमोजिम हुनेछ।

## ६ . मुलकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिने छ।

## ७ . प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई बैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ।

## ८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ।

## ९. विविध

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यस प्रति निष्ठावान रही सबैले आ-आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढांचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान, २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनैपनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहने छ ।

# नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच दुईपक्षीय सहमतिद्वारा लागू गरिएको युद्धविराम आचार-संहिता

प्रस्तावना

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै;

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. माओवादीबीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै;

प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै;

नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभाव विना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने.क.पा.माओवादीवीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचार संहिता जारी गरिएको छ :

## भयमुक्त नागरिक जीवनको सुनिश्चितता

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।
२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।
३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन विछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ति नगर्ने तथा सुराकी नगर्ने ।
४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।
५. हात हतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकता अनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

## जनतामा विश्वासको वातावरण निर्माण

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्व्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने ।
७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरुले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दवाव नदिने ।

### जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

८. युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरु नगर्ने । तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरु गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्वाधरुपले संचालन हुन दिने ।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुऱ्याउने ।

११. खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरु तथा दैनिक उपभोगका वस्तुहरु ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

### शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरुको सुसञ्चालन

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरुपले संचालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

### सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग

१३. युद्धविराम, आचार संहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार- प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४. संचार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

### बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१५. कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

### रिहाई र पुनर्स्थापन

१६. विभिन्न व्यक्तिहरुमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरुलाई रिहाई गर्दै जाने ।

१७. वेपत्ता नागरिकहरुको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८. विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९. द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

### वार्ता सहजीकरण

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरुको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

## अनुगमन

२१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

## विविध

२२. आचार संहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको सामाधान गरिने ।

२३. प्रस्तावनाको भावना अनुरुप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

२४. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

२५. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने ।

| नेकपा (माओवादी) का तर्फबाट | नेपाल सरकारका तर्फबाट |
| --- | --- |
| नाम : कृष्णबहादुर महरा | नाम : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।२।१२ | मिति : २०६३।२।१२ |

# नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच कोपुण्डोलमा सम्पन्न सहमति

नेपाल सरकार र ने.क.पा.(माओवादी) वीच मिति २०६३ साल असार १ गते सम्पन्न दोश्रो वार्तामा निम्न लिखित निर्णय भएको छ :-

१. सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरुको सहभागितामा नेपाल सरकार र ने.क.पा.( माओवादी) बीच यथाशीघ्र वार्ताको आयोजना गरिनेछ ।

२. सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको १२ बुँदे समभ्रदारी र नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच मिति २०६३।२।१२ मा भएको युद्धविराम आचार संहिताको कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको छ ।

| | |
|---|---|
| १. संयोजक | डा. वीरेन्द्र प्रसाद मिश्र |
| २. सदस्य | डा.अर्जुन कार्की |
| ३. सदस्य | डा.ओम गुरुङ्ग |
| ४. सदस्य | प्रा. कपिल श्रेष्ठ |
| ५. सदस्य | डा.के.वि. रोकाया |
| ६. सदस्य | केशव भट्टराई |

यसअघि मिति २०६३/३/१ मा डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उपरोक्त समिति गठन गरिएकोमा मिति २०६३/३/१२ को सहमति अनुसार डा. वीरेन्द्र प्रसाद मिश्रलाई संयोजक तोकिएको ।

| | |
|---|---|
| ७. सदस्य | कृष्ण पहाडी |
| ८. सदस्य | गौरी प्रधान |
| ९. सदस्य | चण्डिराज ढकाल |
| १०.सदस्य | चरण प्रसाई |
| ११. सदस्य | तारानाथ दाहाल |
| १२. सदस्य | निलाम्बर आचार्य |
| १३. सदस्य | पद्मलाल वि.क. |
| १४. सदस्य | प्रा. डा. भूपति ढकाल |
| १५. सदस्य | मल्ल के. सुन्दर |
| १६. सदस्य | डा.महेश मास्के |
| १७. सदस्य | माधव वास्कोटा |
| १८. सदस्य | रमन श्रेष्ठ |
| १९. सदस्य | डा.राममान श्रेष्ठ |
| २०. सदस्य | वाङ्छे शेर्पा |
| २१. सदस्य | विष्णु निष्ठुरी |
| २२. सदस्य | विष्णु पुकार श्रेष्ठ |
| २३. सदस्य | शान्ता श्रेष्ठ |
| २४. सदस्य | श्याम श्रेष्ठ |
| २५. सदस्य | शिव गाउँले |
| २६. सदस्य | शुशिल प्याकुरेल |

२७. सदस्य ई.सरोज देवकोटा
२८. सदस्य डा. सुधा शर्मा
२९. सदस्य सुवोध प्याकुरेल
३०. सदस्य सुशिलचन्द्र अमात्य

३. युद्धविराम आचारसंहिताको अनुगमन गर्न गठित राष्ट्रिय अनुगमन समितिलाई मानव अधिकार सम्वद्ध विषयहरुको अनुगमनमा सहयोग पुऱ्याउन तथा मानव अधिकारको अनुगमन गर्न संयुक्त राष्ट्र संघीय मानवाधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयलाई अनुरोध गर्ने ।

४. सरकार माओवादीबीच सम्पन्न हुने वार्तामा निम्न महानुभावहरु पर्यवेक्षकको रुपमा रहनु हुनेछ ।

१. लक्ष्मण प्रसाद अर्याल
२. देवेन्द्रराज पाण्डे
३. पद्मरत्न तुलाधर
४. दमननाथ ढुङ्गाना
५. मथुराप्रसाद श्रेष्ठ

**नेकपा माओवादीका तर्फबाट**

संयोजक : कृष्णबहादुर महरा

हस्ताक्षर :

मिति : २०६३।३।१

**नेपाल सरकारका तर्फबाट**

संयोजक : कृष्णप्रसाद सिटौला

हस्ताक्षर :

मिति : २०६३।३।१

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शिर्ष नेताहरु बिच भएको आठ बुंदे समझदारीपत्रको प्रेस वक्तव्य

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ । बैठकमा सहमति भएका बुँदाहरु निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताकासाथ कार्यान्वयन गर्ने ।

२. प्रतिश्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरुप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने ।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्ने ।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरुको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरुप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरु विघटन गर्ने ।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरुमा सहमतिका आधारमा निर्णय लिने ।

६. नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभाव विना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने । निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने ।

७. संविधान सभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरुको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने । लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्ने ।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरुसंग सम्बन्धित सबै कार्यहरु अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ ।

**नेकपा (माओवादी) को तर्फबाट**
प्रचण्ड
अध्यक्ष
नेकपा (माओवादी)

**सात राजनीतिक दलको तर्फबाट**
श्री गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री तथा सभापति
नेपाली कांग्रेस
श्री माधव कुमार नेपाल
महासचिव
नेकपा (एमाले)
श्री शेर बहादुर देउवा
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)
श्री अमिक शेरचन
उप-प्रधानमन्त्री तथा
अध्यक्ष जनमोर्चा नेपाल
श्री नारायणमान विजुक्छे
अध्यक्ष
नेपाल मजदूर किसान पार्टी
श्री भरत विमल यादव
उपाध्यक्ष
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
श्री प्रभुनारायण चौधरी
मन्त्री तथा अध्यक्ष
बाममोर्चा नेपाल

मिति : २०६३।०३।०२ गते ।

# नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच निम्नलिखित सहमति भएको छ :-

२०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेका जनअधिकार, सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र अहिलेको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरु सुनिश्चित गर्दै मिति २०६३।२।१२ मा नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सहमति भएको आचारसंहिताको प्रस्तावनाको भावना अनुरुप अन्तरिम संविधानको मस्यौदा तयार गर्न निम्न प्रकार अन्तरिम संविधान मस्यौदा समिति गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १. | संयोजक | लक्ष्मणप्रसाद अर्याल |
| २. | सदस्य | हरिहर दाहाल |
| ३. | सदस्य | सिन्धुनाथ प्याकुरेल |
| ४. | सदस्य | शम्भु थापा |
| ५. | सदस्य | महादेव यादव |
| ६. | सदस्य | खिमलाल देवकोटा |

समितिले १५ दिनभित्र मस्यौदा तयार गरी सरकार माओवादी वार्ताटोली समक्ष प्रस्तुत गर्नेछ र वार्ता टोलीले सरकार माओवादी शिखर वार्ताको निर्देशानुसार सरकार।माओवादी शिखर वार्तामा मस्यौदा पेश गरिनेछ ।

**नेकपा माओवादीका तर्फबाट**
संयोजक : कृष्णबहादुर महरा

हस्ताक्षर :

मिति : २।३।२०६३

**नेपाल सरकारका तर्फबाट**
संयोजक : कृष्णप्रसाद सिटौला

हस्ताक्षर :

मिति : २।३।२०६३

# युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच सहमति भइ मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा ने.क.पा. (माओवादी) सहमत भएका छन्ः-

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोली वीच सहमति भै तयार गरिएको २५ बुँदे आचार संहितामा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अन्तराष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।

२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कही कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।

३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको आठ बुँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने ।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचार संहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानविन र अनुसन्धान गर्ने एवं आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने ।

५. अनुसन्धान र छानविन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा विना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने । यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने ।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदन माथि छलफल गर्न र कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र ने.क.पा. (माओवादी) को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने ।

७. अनुसन्धान, छानविन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र ने.क.पा.(माओवादी) का प्रतिनिधिहरु रहेको उक्त संयुक्त समिति समक्ष प्रस्तुत गर्ने । यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिश तथा प्रतिवेदन अनुगमन समितिका संयोजकमार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने । अनुगमन सम्बन्धी आवधिक एवं अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरु रहने । यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने । संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरु कार्यान्वयन गराउने । संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने ।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरु तथा स्थानीय अनुगमन टोलीहरु गठन गर्न सक्ने ।

१०. राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने । सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्ताटोलीले गर्ने ।

११. राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने ।

१२. सबै राजनीतिक दलहरुका स्थानीय निकायहरु र मानव अधिकारवादी, नागरिक समाज लगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने ।

१३. मानव अधिकार सम्बद्ध विषयहरुको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने ।

१४. संविधान सभाको निर्वाचन पछि बन्ने संविधान लागु हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने ।

१५. राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाडौंमा रहने र नेपाल सरहदभित्र आवश्यकतानुसार अन्य कार्यालय स्थापना गर्न सकिने ।

१६. राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहीहरु अभिलेखका रुपमा सुरक्षित राखिने ।

१७. यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

ने.क.पा. (माओवादी) का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा
हस्ताक्षर :
मिति : २०६३।३।१२

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
हस्ताक्षर :
मिति : २०६३।३।१२

# युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३

१. **नाम :** युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ ।

२. **लागू हुने मिति :** समितिको बैठकले पारित गरी वार्ता टोलीबाट अनुमोदन भएको मितिदेखि लागू हुनेछ ।

३. **परिभाषा :**

(क) "समिति" भन्नाले युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिलाई बुझाउनेछ ।
(ख) "वार्ताटोली" भन्नाले नेपाल सरकार र ने.क.पा.(माओवादी) को वार्ताटोलीलाई जनाउनेछ ।
(ग) "संयोजक" भन्नाले समितिको संयोजकलाई जनाउनेछ ।
(घ) "सदस्य" भन्नाले समितिको सदस्यलाई जनाउनेछ ।
(ङ) "आचारसंहिता" भन्नाले नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच २०६३।२।१२ मा सहमति भई निर्माण गरिएको २५ बुँदे युद्धविराम आचारसंहितालाई जनाउनेछ ।
(च) "कार्यविधि" भन्नाले युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ लाई जनाउनेछ ।
(छ) "कार्यालय" भन्नाले समितिको केन्द्रीय कार्यालय वा अन्य कार्यालय समेतलाई जनाउनेछ ।
(ज) "संयुक्त समिति" भन्नाले वार्ताटोलीले गठन गर्ने संयुक्त समितिलाई जनाउनेछ ।
(झ) "उपसमिति" भन्नाले समितिले आवश्यकतानुसार गठन गरेको उपसमितिलाई जनाउनेछ ।
(ञ) "सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली" भन्नाले निश्चित घटना, विषय वा क्षेत्रको लागि आवश्यकतानुसार समितिले निर्माण वा गठन गरेको सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोलीलाई जनाउनेछ ।
(ट) "शान्ति प्रकृया" भन्नाले नेपाल सरकार र २०६२/०६३ को जनआन्दोलनमा सहभागी सात दल तथा ने.क.पा.माओवादी वीचको संवाद, समझदारी, सहमति र सम्झौता अनुसार नेपालमा २०५२ सालदेखिको हिंसात्मक विद्रोह र नेपाली समाजमा विद्यमान द्वन्द्वहरुलाई शान्तिपूर्ण रुपान्तरणका लागि अन्तर्राष्ट्रिय शान्ति प्रकृया सम्बन्धी सिद्धान्तहरु अनुसार गरिने सम्पूर्ण कार्यहरुलाई बुझाउनेछ ।

४. **क्षेत्राधिकार :** समितिको क्षेत्राधिकार वार्ताटोलीद्वारा मिति २०६३।३।१२ मा तोकिएको १७ बुँदे कार्यक्षेत्र र अधिकार बमोजिम हुनेछ ।

५. **समितिको बैठक :**

(क) समितिको बैठक संयोजकले बोलाउनेछन् ।
(ख) समितिको बैठक सामान्यतया महिनाको दुई पटक बस्नेछ ।
(ग) बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा निजले तोकेको सदस्यले गर्नेछन्, कसैलाई नतोकिएको अवस्थामा समितिका सदस्यहरु मध्येबाट वर्णानुक्रमानुसार गर्नेछन् ।
(घ) समितिको बैठक ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएपछि गणपूरक संख्या मानिनेछ, गणपूरक संख्या नपुगी दोश्रो पटक बोलाईएको बैठकमा उपस्थित संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

**६. बैठकको निर्णय :**

(क) समितिको बैठकले निर्णय गर्दा यथासम्भव सर्वसम्मतीबाट गरिनेछ ।
(ख) बैठकको निर्णय प्रमाणित गर्ने र सम्बन्धित निकायमा पठाउने दायित्व संयोजकको हुनेछ ।

**७. कार्यालय :** समितिको केन्द्रीय कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ । नेपाल सरहदभित्र अन्यत्र पनि आवश्यकतानुसार कार्यालय स्थापना गर्न सकिनेछ ।

**८. उपसमिति :** समितिले आफ्नो कार्य सहज ढङ्गले संचालन गर्न आवश्यकतानुसार विषयगत, क्षेत्रगत तथा अन्य उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

**९. सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली :** कुनै घटना, विषय वा क्षेत्रको लागि आवश्यकतानुसार समितिको सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली स्थापना तथा गठन गरी खटाउन सकिनेछ ।

**१०. संयोजकको दायित्व :**

(क) समितिको नेतृत्व लिई आवश्यक काम कारबाहीको संयोजन गर्ने र निर्देशन दिने,
(ख) समितिको प्रतिनिधित्व गर्ने गराउने,
(ग) कार्यालय संचालन गर्ने गराउने,
(घ) समितिको कार्य संचालनको क्रममा कुनै सदस्यको सहयोग लिनु परेमा सदस्यलाई जिम्मेवारी तोक्ने,
(ङ) समितिको बैठकको लागि छलफलको बिषय सूची तय गर्ने,
(च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

**११. समितिका सदस्यले पालना गर्नु पर्ने आधारभूत दायित्वहरु :**

(क) स्वतन्त्र तथा निष्पक्ष रहने,
(ख) आचारसंहिता तथा क्षेत्राधिकार प्रति सचेत र प्रतिबद्ध रहने,
(ग) शान्ति प्रक्रियालाई सहज र गतिशील बनाउन सम्बद्ध पक्ष बीच आपसी विश्वास र सद्भाव अभिबृद्धि गराउन प्रयत्नशील रहने,
(घ) तोकिएको जिम्मेवारी पूरा गर्ने,
(ङ) शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने अभिव्यक्ति दिन तथा त्यस्तो कृयाकलापमा संलग्न हुन नहुने,
(च) समितिको काम कारबाहीको सिलसिलामा गोपनियता र सहचारिता अवलम्बन गर्नुपर्ने,
(छ) समितिको सदस्यको हैसियतले कार्यसम्पादन गर्दा तथा अभिव्यक्ति दिँदा १७ बुँदे कार्यक्षेत्र र अधिकार पालना गर्ने, तर पेशागत वा आस्थाको आधारमा क्रियाशिल रहँदा वा अभिव्यक्ति दिँदा यस खण्डले बन्देज लगाएको मानिनेछैन ।

**१२. सूचना तथा तथ्यको संकलन :** समितिले निम्न माध्यमहरुबाट सूचना तथा तथ्यको संकलन गर्नेछ :

(क) सर्वसाधारणबाट सूचना तथा तथ्यको संकलन गर्ने,
(ख) घटनाको तथ्य सूचना संकलन गर्न सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली खटाउने,
(ग) विभिन्न संचार माध्यमहरुबाट सूचना तथा तथ्यको संकलन गर्ने,
(घ) कार्यालयको माध्यमबाट सूचना तथा तथ्यको संकलन गर्ने,
(ङ) समितिका सदस्यहरुको माध्यमबाट सूचना तथा तथ्यको संकलन गर्ने,

(च) विभिन्न संघ संस्था, नागरिक समाजबाट सूचना तथा तथ्यको संकलन गर्ने,
(छ) सम्बद्ध पक्षहरुबाट घटना विशेषको अनुसन्धान तथा अनुगमन गर्न माग भएमा अनुसन्धान तथा अनुगमन गर्ने ।

**१३. प्रतिवेदन :**

(क) समितिले विभिन्न श्रोतबाट प्राप्त तथ्य तथा सूचनाको स्वतन्त्र, निष्पक्ष र वस्तुगत रुपले अध्ययन, अनुसन्धान, विश्लेषण गरी प्रतिवेदन तयार पार्नेछ ।
(ख) खण्ड (क) बमोजिमको प्रतिवेदन सिफारिश सहित वार्ताटोली वा संयुक्त समितिलाई बुझाउनेछ ।
(ग) प्रतिवेदन सामान्यतया सार्वजनिक गरिनेछ ।
(घ) समिति प्रतिवेदनलाई कार्यान्वयन गर्न क्रियाशिल रहनेछ ।
(ङ) पाक्षिक रुपमा नियमित अनुगमन प्रतिवेदन सम्बद्ध निकायमा प्रस्तुत गरिनेछ ।

**१४. आर्थिक व्यवस्थापन र संचालन :** समितिको लागि आवश्यक आर्थिक श्रोतको व्यवस्था नेपाल सरकारले गरे बमोजिम हुनेछ ।

**१५. कर्मचारी व्यवस्थापन :** समितिलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गरे बमोजिम हुनेछ ।

**१६. समितिको छाप र लेटरप्याड :** समितिको छाप तथा लेटरप्याडका नमूनाहरु अनुसूचि १ मा राखिएको छ ।

**१७. संशोधन :** यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ । उक्त संशोधन वार्ता टोलीले अनुमोदन गरेपछि लागू हुनेछ ।

**अनुसूचि - १**

नेपाली लेटरप्याडको नमूना

# युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति

बबमरमहल, काठमाण्डौ
नेपाल
फोन नं. ४२१६८२३

प.सं. :-

च.नं. :-

अंग्रेजी लेटरप्याडको नमूना

# National Monitoring Committee on Code of Conduct for Ceasefire
**(NMCC)**

**Babarmahal, Kathmandu**
**Nepal**

Date:..................................

*Ref No.:*

नेपाली छापको नमूना :

युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति
२०६३
बबमरमहल, काठमाण्डौ

अंग्रेजी छापको नमूना :

**National Monitoring Committee on Code of Conduct for Ceasefire**
**2063**
**Babarmahal, Kathmandu**

# संयुक्त राष्ट्रसंघ समक्ष नेपाल सरकार द्वारा प्रेषित
# पांच बुंदे पत्र

Excellency,

I have the honour to refer to my latter dated July 2, 2006 requesting the cooperation of the United Nations in the ongoing peace process in Nepal. In this context, I am happy to acquaint you that United Nations team, which left Kathmandu a week ago, held extensive yet fruitful consultations with all concerned stakeholders of peace process here in Nepal. The UN team, as I understand, is likely to submit its report to you on Nepal.

In the mean time, Excellency, I wish to inform you that further to the Eight-Point Understanding between the Seven Party Alliance (SPA) and the Communist Party of Nepal (Maoist) (CPN-M) of June 16, 2006 and the commitment expressed by the Government of Nepal (GON) to the Agreement, the GON and the CPN-M hereby request the United Nations to provide its assistance as follows with a view to creating a free and fair atmosphere for the election of a Constituent Assembly and the entire peace process:

1. Continue its human rights monitoring through the Office of the High Commissioner for Human Rights in Nepal (OHCHR, Nepal)

2. Assist the monitoring of the Code of Conduct during the Ceasefire.

3. On the basis of the agreement to seek UN assistance in the "the management of arms and armed personnel of both the sides", deploy qualified civilian personnel to monitor and verify the confinement of CPN-M combatants and their weapons within designated cantonment areas. Later the modalities for all arrangements, including of arms and amunitions, will be worked out among the parties and the UN.

4. Monitor the Nepal Army to ensure that it remains in its barracks and its weapons are not used for or against any side. The modalities will be worked out among the parties and the UN.

5. Provide election observation for the election of the Constituent Assembly in consultation with the parties.

Please accept, Excellency, the assurances of my highest consideration.

(G.P.Koirala)

Excellency Kofi A. Annan
Secretary General,
United Nations, NY
United States of America

# संयुक्त राष्ट्रसंघ समक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा प्रेषित पांच बुंदे पत्र

Excellency,

I have the honour to refer to my letter dated July 24, 2006 requesting the cooperation of the United Nations in the ongoing peace process in Nepal. In this context, I am happy to acquaint you that United Nations team, which left Kathmandu a week ago, held extensive yet fruitful consultations with all concerned stakeholders of peace process here in Nepal. The UN team, as I understand, is likely to submit its report to you on Nepal.

In the mean time, Excellency, I wish to inform you that further to the Eight-Point Understanding between the Seven Party Alliance (SPA) and the Communist Party of Nepal (Maoist) (CPN-M) of June 16, 2006 and the commitment expressed by the Government of Nepal (GON) to the Agreement, the GON and the CPN-M hereby request the United Nations to provide its assistance as follows with a view to creating a free and fair atmosphere for the election of a constituent assembly and the entire peace process:

1. Continue its human rights monitoring through the Office of the High Commissioner for Human Rights in Nepal (OHCHR, Nepal)

2. Assist the monitoring of the Code of Conduct during the Ceasefire.

3. On the basis of the agreement to seek UN assistance in the "the management of arms and armed personnel of both the sides", deploy qualified civilian personnel to monitor and verify the confinement of CPN-M combatants and their weapons within designated cantonment areas. Later the modalities for all arrangements, including of arms and amunitions, will be worked out among the parties and the UN.

4. Monitor the Nepal Army to ensure that it remains in its barracks and its weapons are not used for or against any side. The modalities will be worked out among the parties and the UN.

5. Provide election observation for the election of the Constituent Assembly in consultation with the parties.

Please accept, Excellency, the assurances of my highest consideration.

Excellency Kofi A. Annan
Secretary General,
United Nations, NY
United States of America

(Prachanda)
Chairman,
Central Committee
CPN (Maoist)

# सात दल र ने.क.पा. (माओवादी) का शीर्ष नेताहरुको बैठकका निर्णयहरु

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र ने.क.पा.(माओवादी) वीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति र २५ बुँदे आचारसंहिता लगायत नेपाल सरकार र ने.क.पा.(माओवादी) वीच सम्पन्न सवै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्राचार प्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्दै राज्यको अग्रगामी पुनर्संरचना गर्नुपर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउदै,

नेपाली जनताको भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने दुवै पक्षको प्रतिवद्धतालाई कार्यान्वयन गर्न आज मिति २०६३ साल कार्तिक २२ गते सात दल र ने.क.पा.(माओवादी) का शीर्ष नेताहरुको बैठकबाट निम्न लिखित निर्णयहरु भएका छन् :

## I विगतका सहमतिहरुको कार्यान्वयन सम्बन्धमा

१. विगतमा गरिएका सबै समझदारी, सहमति र आचारसंहितालाई पूर्ण रुपले, इमान्दारितापूर्वक र कडाईका साथ कार्यान्वयन गर्ने गराउने ।
२. विगतमा राज्य र माओवादी दुवै पक्षबाट वेपत्ता पारिएका भनिएका नागरिकहरुको सम्बन्धमा छानबीन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबीन आयोग गठन गर्ने ।
३. कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीब्रता दिने । विस्थापितहरु घर फर्किने वातावरणको सुनिश्चितता गर्ने । यस निम्ति जिल्ला-जिल्लामा दुबै पक्ष सम्मिलित समिति गठन गर्ने । यी सबै कार्यलाई एक महिनाभित्र पूर्णता दिने ।
४. राज्य र ने.क.पा.(माओवादी) द्वारा राजनीतिक नेता तथा कार्यकर्ता हरुमाथि लगाईएका सबै आरोप र अभियोगहरु फिर्ता भएको सार्वजनिक घोषणा गर्ने र दुवै तर्फका राजनीतिक बन्दीहरुलाई तुरुन्त रिहा गर्ने ।

## II सेना र हतियार व्यवस्थापन सम्बन्धमा

संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, २५ बुँदे आचारसंहिता र संयुक्त राष्ट्र संघलाई पठाइएको पाँच बुँदे पत्रको भावनाअनुरुप निम्न कामहरु गर्ने :-

**माओवादी सेनाको सम्बन्धमा :**

१. २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.क.पा.(माओवादी) को तर्फबाट संयुक्त राष्ट्र संघलाई पठाइएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकुहरु (Combatants) निम्न लिखित स्थानहरुमा अस्थायी शिविरहरु (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने ।

**मुख्य शिविरहरु निम्न स्थानहरुमा रहनेछन छन् :**

| | | | |
|---|---|---|---|
| १. कैलाली | २. सुर्खेत | ३. रो ल्पा | ४. पाल्पा |
| ५. काभ्रे | ६. सिन्धुली | ७. इलाम | |

**मुख्य शिविरहरु वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरु रहनेछन् ।**

२. माओवादी सेनाका लडाकुहरु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा वाहेक अन्य सवै हतियारहरु शिविर भित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीका लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँज गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, ने.क.पा.(माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने ।

३. माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४. माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटि बनाएर काम गर्ने ।

५. माओवादी नेताहरुको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाको सम्बन्धमा :**

६. संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरु कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरु सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्वन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, नेपाल सरकार र ने.क.पा.(माओवादी) को सहमतिले तयार गर्ने ।

७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र

समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने ।

८. नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायतका कामहरुलाई निरन्तरता दिने ।

## III अन्तरिम संविधानका विषयवस्तुवारे :

### १. अन्तरिम संविधानबारे

(क) अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई आज भएका सहमतिका आधारमा पूर्णता दिने ।

(ख) पुनर्स्थापित प्रतिनिधिसभाद्वारा अन्तरिम संविधान जारी गरिनेछ र नवगठित अन्तरिम विधायिकाले उक्त संविधानलाई अनुमोदन गर्नेछ ।

### २. राजतन्त्रबारे

(क) मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन ।

(ख) स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने ।

(ग) राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सवै सम्पत्तिहरु (जस्तै विभिन्न स्थानका दरवारहरु, वन तथा निकुञ्जहरु, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु आदि) राष्ट्रियकरण गर्ने ।

(घ) राजसंस्था कायम राख्ने वा नराख्नेवारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने ।

### ३. अन्तरिम व्यवस्थापिका-संसद बारे

(क) अन्तरिम व्यवस्थापिका निम्न प्रकार एक सदनात्मक संसद हुनेछ :

(i) सात राजनीतिक दल र अन्य दलका हाल प्रतिनिधिसभा र राष्ट्रिय सभाका निर्वाचित सदस्यहरु समेत गरी २०९ जना (जनआन्दोलनको विपक्षमा रहेकाहरु वाहेक) । संयुक्त वाम मोर्चाको वर्तमान संसदमा प्रतिनिधि नभएको हुँदा सहमतिका आधारमा मनोनयन गरिने ।

(ii) ने.क.पा.(माओवादी) को तर्फबाट ७३ जना ।

(iii) जनवर्गीय तथा पेशागत संगठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरु र राजनीतिक व्यक्तित्वहरुबाट ४८ जना (सहमतिको आधारमा मनोनित गर्ने) ।

कुल संख्या - ३३०

तर जनआन्दोलनको विपक्षमा रहेकाहरु अन्तरिम व्यवस्थापिकामा रहने छैनन् ।

(ख) अन्तरिम व्यवस्थापिकाको गठन भए पश्चात् पुनर्स्थापित प्रतिनिधिसभा र राष्ट्रियसभा भंग हुने ।

(ग) अन्तरिम व्यवस्थापिका-संसद गठन भएको दिनदेखि ने.क.पा.(माओवादी) को नेतृत्वमा रहँदै आएका जनसरकार, जनअदालत लगायतका सत्तासम्बद्ध सवै निकाय भंग हुने ।

(घ) अन्तरिम व्यवस्थापिका राजनीतिक सहमतिका आधारमा संचालन गर्ने ।

## ४. अन्तरिम सरकारवारे

(क) सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद् गठन गर्ने ।
(ख) अन्तरिम मन्त्रिपरिषद्को संरचना र कार्य विभाजन आपसी सहमतिबाट तय गर्ने ।
(ग) अन्तरिम सरकारको संचालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृति अनुरुप गर्ने ।

## ५. न्यायपालिकाबारे

(क) स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्यमान्यतालाई अनुसरण गर्ने ।
(ख) न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने ।
(ग) संविधानसभा सम्बन्धी विवादहरुको निरुपण गर्न संवैधानिक अदालतको गठन गर्ने ।

## ६. संवैधानिक अंगहरुबारे

(क) प्रधानमन्त्री, प्रधान न्यायाधिश र अन्तरिम व्यवस्थापिकाका सभामुख सहितको नयाँ संवैधानिक परिषद्को व्यवस्था गरेर यस मार्फत् संवैधानिक अंगहरुको नियुक्ति लगायतका विषयहरुमा सिफारिश गर्ने व्यवस्था मिलाउने । नियुक्तिहरु गर्दा निश्चित मापदण्डलाई आधार बनाउने ।
(ख) सहमतिको आधारमा निर्वाचन आयोगलाई पूर्णता दिने ।

## ७. स्थानीय निकायहरुबारे

(क) सात दल र ने.क.पा.(माओवादी) को सहमतिले जिल्ला, नगर र गाउँ स्तरमा अन्तरिम स्थानीय निकाय गठन गर्ने ।

## ८. नागरिकता समस्या सम्बन्धमा

(क) संविधानसभाको निर्वाचन अगावै नागरिकताबाट वञ्चित सबै नेपाली नागरिकहरुलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।
(ख) २०४६ साल चैत्र मसान्तलाई आधार बर्ष मानी त्यसभन्दा अगाडि नेपालमा जन्म भई निरन्तर स्थायी बसोबास गर्दै आएका सबै नेपाली नागरिकहरुलाई सरल ढंगले नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था गर्ने ।
(ग) नागरिकता प्राप्ति सम्बन्धी अन्य व्यवस्था कानूनमा उल्लेख भए बमोजिम हुने ।

## ९. संविधानसभा निर्वाचन सम्वन्धमा

(क) आगामी २०६४ जेठ भित्र संविधानसभावको निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गर्न अन्तरिम मन्त्रिपरिषद्लाई अधिकार प्रदान गर्ने ।
(ख) संविधानसभाको निर्वाचन मिश्रित प्रणालीको आधारमा गर्ने । २०५ सदस्य उम्मेदवारलाई मत दिने “पहिलो हुने निर्वाचित हुने” (First Past the Post) प्रणाली अनुसार र २०४ सदस्य पार्टीलाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने । यस सम्वन्धमा निर्वाचन आयोगसँग छलफल गरेर कानून वनाउने ।

(ग) दलहरुले उम्मेदवारहरु सूचीकृत गर्दा उत्पीडित जाति, क्षेत्र, मधेशी, महिला, दलित लगायत अन्य वर्ग समेतको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने ।
(घ) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद् वाट मनोनित हुने १६ जना ।
(ङ) संविधानसभाको कुल संख्या ४२५ कायम गर्ने ।
(च) अन्तरिम संविधान जारी हुँदाका वखत १८ वर्ष उमेर पुगेका नेपाली नागरिक मतदाता हुने ।
(छ) संविधानसभाको निर्वाचनको अनुगमन संयुक्त संघद्वारा गराउने ।

## १०. राज्यको ढाँचावारे

(क) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्सरचना गर्ने ।
(ख) राज्यको पुनर्सरचनाको लागि सुझाव दिन एक उच्च स्तरीय आयोगको गठन गर्ने ।
(ग) राज्यको पुनर्सरचनाको अन्तिम टुङ्गो संविधानसभाले लगाउने ।

## ११. आर्थिक-सामाजिक रुपान्तरणवारे निर्देशक सिद्धान्तहरु

(क) सामन्तवादका सवै रुपहरुको अन्त्य गर्ने आर्थिक सामाजिक रुपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।
(ख) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति तय गर्ने ।
(ग) राष्ट्रिय उद्योगधन्दा र साधनश्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुसरण गर्ने ।
(घ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।
(ङ) सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।
(च) सरकारी लाभको पदमा रहेर भष्ट्राचार गरी अकूत सम्पति आर्जन गर्नेहरु उपर कडा कार्वाही गरी दण्डित गर्ने नीति लिने ।
(छ) देशको आर्थिक-सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रुपले समृद्धशाली वनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।
(ज) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिको लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरुको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

## IV द्वन्द्वपीडितहरुको व्यवस्थापन सम्वन्धमा

१. सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरुको परिवारलाई तथा यस क्रममा घाइते भई अपांग र अशक्त भएकाहरुलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।
२. छानवीन आयोगको प्रतिवेदनको आधारमा वेपत्ता भएकाहरुको पीडित परिवारलाई राहत उपलव्ध गराउने ।
३. सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरुको पुनर्स्थापना गर्न नष्ट भएका निजी तथा सार्वजनिक सम्पतिहरुको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरुको पुर्ननिर्माण गर्न विशेष कार्यक्रम संचालन गर्ने ।

४. सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भिर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको वारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने ।

## V विविध

१. सवै सहमति र सम्झौताहरुको कार्यन्वयन भए नभएको अनुगमन गर्न सहमतिले एक उच्चस्तरीय सयुक्त अनुगमन समिति गठन गर्ने ।
२. आचारसंहिता, समझदारी-सहमति, सम्झौता तथा कानून विपरितका गतिविधि एवं कामकारवाही गर्ने जो कसैलाई पनि सरकारले कारवाही गरी दण्डित गर्नेछ ।
३. गणतन्त्र, आर्थिक-सामाजिक रुपान्तरण, जनमत संग्रह, निर्वाचन प्रणाली लगायत अहिले साझा सहमति कायम हुन नसकेका विषयहरुमा पार्टीहरु संविधान सभाको निर्वाचनको क्रममा आ-आफ्ना नीति र मत अनुसार प्रस्तुत हुन स्वतन्त्र हुने छन् ।

## VI समय मय-तालिका

१. नेपाल सरकार र नेकपा (माओवादी) वीच विस्तृत शान्ति सम्झौता २०६३ कार्तिक ३० गतेसम्म गर्ने ।
२. उल्लेखित II १ बमोजिम २०६३ मंसिर ५ गतेभित्र माओवादी सेनाका लडाकुहरु हातहतियारसहित निर्धारित शिविरमा जम्मा (Confine) भैसक्ने र हतियार भण्डारण गर्ने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने ।
३. उल्लेखित II ५ बमोजिम २०६३ मंसिर ५ गतेभित्र नेपाली सेना व्यारेकभित्र सिमित रहने, निर्धारित हातहतियार भण्डारण गर्ने र त्यसको अनुगमन संयुक्त राष्ट्र संघले गर्ने ।
४. २०६३ मंसिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने ।
५. २०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिकाको गठन गर्ने र प्रतिनिधि सभा र राष्ट्रिय सभाको विघटन गर्ने ।
६. २०६३ मंसिर १५ सम्म अन्तरिम मन्त्रिपरिषद्को गठन गर्ने ।

प्रचण्ड
अध्यक्ष, नेकपा (माओवादी)

गिरिजा प्रसाद कोइराला
प्रधानमन्त्री तथा
सभापति, नेपाली कााँग्रेस

माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

शेर बहादुर देउवा
सभापति, नेपाली कााँग्रेस (प्रजातान्त्रिक)

अमिक शेरचन
उप-प्रधानमन्त्री
तथा अध्यक्ष, जनमोर्चा नेपाल

भरत विमल यादव
उपाध्यक्ष, नेपाल सद्भावना पार्टी
(आनन्दीदेवी)

नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी

सि.पी.मैनाली
अध्यक्ष, संयुक्त वाम मोर्चा

मितिः २०६३ कार्तिक २२

माथिका निर्णयहरुमा अन्य सवै दलहरुको सहमति भएकाले कार्यान्वयनमा जाने कुरामा सहमत हुँदै हाम्रो पार्टीको निम्न बमोजिम भिन्न मत रहेको छ :

१. राजसंस्था राख्ने वा नराख्ने भन्ने बारेमा संविधान सभाको निर्वाचन सँग सँगै जनमत संग्रह गर्नुपर्छ भन्ने ने.क.पा.(एमाले) को भिन्न मत रहेको छ ।
२. संविधान सभाको निर्वाचनको निम्ति समानुपातिक प्रणाली नै अपनाउन सवैभन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने ने.क.पा.(एमाले) को भिन्न मत रहेको छ ।

माधव कुमार नेपाल
महासचिव
ने.क.पा.(एमाले)

मितिः २०६३/७/२२

# नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता

**प्रस्तावना**

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी)बीच सम्पन्न २५ बुँदे आचारसंहिता, २०६३ साल कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरुको बैठकका निर्णयहरु लगायत नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच सम्पन्न सवै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै,

प्रतिष्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्यमान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउदै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

२०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधान सभामार्फत् नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै,

नेपाल सरकार र नेकपा (माओवादी) का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिवद्धताकासाथ नेपाल सरकार र नेकपा (माओवादी) का बीच यो विस्तृत शान्ति संझौता सम्पन्न गरिएको छ ।

## १. प्रारम्भिक

१.१ यस सम्झौताको नाम **"विस्तृत शान्ति सम्झौता, २०६३"** रहेको छ । छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिने छ ।

१.२ यो संझौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणा मार्फत् आजैका मितिदेखि लागू हुनेछ ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने गराउने छन् ।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्ष बीच भएका सबै सहमति, समझदारी, आचारसंहिता र निर्णयहरु यस सम्झौताको अभिन्न अङ्ग मानिने छन् ।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकता अनुसार पछि गरिने सहमति र सम्झौताहरु पनि यसैका अंग मानिने छन् ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :

(क) **"युद्धविराम"** भन्नाले नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच एक अर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरुको परिचालन, सुदृढीकरण, आक्रामक एवं हिंसात्मक कारवाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ ।

(ख) **"अन्तरिम संविधान"** भन्नाले संविधान सभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मको लागि जारी गरिने "नेपालको अन्तरिम संविधान, २०६३" लाई जनाउँछ ।

(ग) **"अन्तरिम मन्त्रीपरिषद्"** भन्नाले अन्तरिम संविधान बमोजिम गठन हुने "अन्तरिम मन्त्रीपरिषद" लाई जनाउँछ ।

घ) **"दुवै पक्ष"** भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पक्षलाइ जनाउँछ ।

(ङ) **"प्रचलित कानुन"** भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ । तर यस परिभाषाले अन्तरिम संविधान, २०६३ जारी हुनु अघिको कानुनी व्यवस्थालाई वाधा पुऱ्याउने छैन ।

(च) **"प्रमाणीकरण"** भन्नाले संयुक्त राष्ट्र संघले सेना, लडाकु र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ ।

## ३. राजनीतिक-आर्थिक-सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापन :

दुबै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक-सामाजिक रुपान्तरणको नीति तथा कार्यक्रम अवलम्वन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमत छन् :

३.१. २०६३ कार्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरुको बैठकका निर्णयहरु (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने ।

३.२. अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका-संसद गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपमा संविधान सभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यवहारिक प्रत्याभूति गर्ने ।

३.३. मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर

राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरु (जस्तै विभिन्न स्थानका दरबारहरु, वन तथा निकुञ्जहरु, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु आदि) राष्ट्रियकरण गर्ने । राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्धारा साधारण वहुमतले टुंगो लगाउने ।

३.४. विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्वन गर्ने ।

३.५. वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई संवोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।

३.६. सामन्तवादका सवै रुपहरुको अन्त्य गर्ने आर्थिक सामाजिक रुपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

३.७. सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्वन गर्ने ।

३.८. राष्ट्रिय उद्योगधन्दा र साधनश्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुसरण गर्ने ।

३.९. शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

३.१०. सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

३.११. सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरु उपर कडा कार्वाही गरी दण्डित गर्ने नीति लिने ।

३.१२. देशको आर्थिक-सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रुपले समृद्धशाली वनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

३.१३. श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरुको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

## ४. सेना र हतियार व्यवस्थापन

संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, संयुक्त राष्ट्र संघलाई पठाइएको पाँच बुँदे पत्र र कार्तिक २२ गते सम्पन्न शीर्ष नेताहरुको बैठकका निर्णयहरु अनुरुप निम्न कामहरु गर्नेः-

### माओवादी सेनाको सम्बन्धमा -

४.१. २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.क.पा.(माओवादी) को तर्फबाट संयुक्त राष्ट्र संघलाई पठाइएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकुहरु

(Combatants) निम्न लिखित स्थानहरुमा अस्थायी शिविरहरु (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने ।

**मुख्य शिविरहरु निम्न स्थानहरुमा रहनेछन् :**

| | | | |
|---|---|---|---|
| १. कैलाली | २. सुर्खेत | ३. रोल्पा | ४. नवलपरासी |
| ५. चितवन | ६. सिन्धुली | ७. इलाम | |

मुख्य शिविरहरु वरिपरि तीनतीन वटाका दरले सहायक शिविरहरु रहनेछन् ।

४.२. माओवादी सेनाका लडाकुहरु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा वाहेक अन्य सवै हतियारहरु शिविर भित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीका लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, ने.क.पा. (माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने ।

४.३. माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४.४ माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रीपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

४.५ माओवादी नेताहरुको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाको सम्बन्धमा -**

४.६. संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरु कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरु सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्वन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, नेपाल सरकार र ने.क.पा.(माओवादी) को सहमतिले तयार गर्ने ।

४.७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने ।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायतका कामहरुलाई निरन्तरता दिने ।

## ५. युद्धविराम

### ५.१ सैन्य कारवाही र सशस्त्र परिचालनको अन्त्य :

#### ५.१.१. दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिवद्धता व्यक्त गर्दछन् :-

क) प्रत्यक्ष वा अप्रत्यक्षरुपमा एक अर्कोप्रति लक्षित कुनै पनि किसिमको हात हतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

ख) दुबै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहितरुपमा अर्को पक्षको हातहतियार खानतलासी वा वरामदी गर्ने कार्य,

ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दवाव पुऱ्याउने कार्य,

घ) एक अर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

ङ) हत्या तथा हिंसात्मक कारवाहीहरु

च) अपहरण/पक्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य

छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

ज) हवाई आक्रमण वा बम्बारी,

झ) जमिन मुनी बारुद विछ्याउने कार्य (माइनिङ्ग) र विध्वंसात्मक कार्य (स्यावोटेज),

ञ) एक अर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२. दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगठ्ठा तथा विष्फोटक पदार्थ ओसार पसार वा एक अर्का विरुद्ध सैनिक हर्कत गर्ने छैनन् । तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हात हतियार, विष्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थ जस्ता सामानहरु गैरकानूनी रुपमा ओसार पसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा वरामदी गर्न सक्नेछ ।

५.१.३. कुनै पनि व्यक्ति वा समूह अवैध हात हतियार, गो लीगठ्ठा र विष्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन् ।

५.१.४. दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एक अर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् ।

५.१.५. कुनै पनि नागरिक सभा वा राजनैतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्व्याट पोशाकसहित उपस्थित हुने छैनन् ।

५.१.६. नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति संझौताको मर्म र भावना अनुरुप तथा प्रचलित कानूनबमोजिम कानून व्यवस्था र शान्ति सुव्यवस्था एवं अपराध अनुसन्धानको कार्य चालु राख्नेछ ।

५.१.७. एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्न समेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८. सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरु लगत खडा गरी तत्काल फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

## ५.२ स्थिति सामान्यीकरणका उपायहरु :

५.२..१. इच्छा विपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असूली गर्न पाइने छैन ।

५.२..२. आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३. दुवै पक्षद्वारा वेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको बास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४. दुबै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५. दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गंभीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६. दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिवद्धताकासाथ देशमा विद्यमान सबै स्वरुपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८. दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरु पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।

५.२.९. उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरु आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकुल वातावरण श्रृजना गर्ने कार्यमा सबै राजनितिक दलहरु, नागरिक समाज र स्थानीय संघ संस्थाहरु समेतको सहयोगमा व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न गराउन दुबै पक्ष सहमतछन् ।

५.२.१०. दुवै पक्ष परिवारका कुनै सदस्य एक अर्का पक्षसँग सम्वद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरुमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दवाव नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११. नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरुलाई देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको क्रममा तिनीहरुलाई कुनै पनि किसिमको वाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरुको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

५.२.१२. संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय दातृ समुदाय लगायत नेपाल स्थित कूटनैतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, प्रेस, मानव अधिकारवादीहरु, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरुलाई नेपाल राज्यभित्र कानुन बमोजिम निर्वाध आवत जावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् ।

५.२.१३. दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरु शिष्ट र मर्यादित ढङ्गले संचालन गर्न प्रतिबद्ध छन् ।

## ६. युद्ध समाप्ति

६.१ २०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) वीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार माओवादीवीच चालु युद्धविरामलाई स्थायी रुप दिदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौं ।

६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको २०६३ साल कार्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरु दीर्घकालीन शान्तिको लागि मूल नीतिगत आधार हुनेछन् ।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा आइसकेपछि सहमति, संझौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन, डरत्रास र कुनै पनि रुपमा हिंसा र हतियारको प्रयोग गर्न कानूनतः दण्डनीय हुनेछ ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न र पक्ष विपक्षमा लाग्न पाउने छैनन् । तर उनीहरुलाई मताधिकारबाट बञ्चित गरिनेछैन ।

## ७. मानव अधिकार, मौलिक अधिकार र मानवीय कानूनको परिपालना

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै दुबै पक्ष देहायका विषयहरुमा आफ्नो सहमति जनाउँछन् :

### ७.१ मानव अधिकार :

७.१.१ दुवै पक्षले मानव अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको प्रतिवद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिवद्ध छन् ।

७.१.३ दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरु माथि कानुन अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारवाही समेत गर्नेछन् ।

७.१.५ दुवै पक्षले धर्म निरपेक्षताको मूल्य मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।

## ७.२ बाँच्न पाउने अधिकार :

७.२.१ दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट बञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन ।

## ७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

७.३.१. दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानून बमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानुनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।

७.३.२. दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानूनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन् । दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरुका परिवारजन, कानूनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससंग सम्बन्धित जानकारी दिन सहमत छन् ।

७.३.३. दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरु आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरुले चाहे अनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिवद्धता व्यक्त गर्दछन् ।

## ७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१. दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषण विरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिवद्ध छन् ।

७.४.२. दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधि मार्फत् सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

७.४.३. दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिवद्ध छन् ।

## ७.५ आर्थिक-सामाजिक अधिकार

७.५.१. व्यक्तिले स्वतन्त्ररुपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवन यापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिवद्ध छन् ।

७.५.२. दुवै पक्ष सबै जनताको खाद्य सुरक्षा सम्बन्धी हकको सम्मान एवम् प्रत्याभूति गर्न प्रतिवद्ध छन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् ।

७.५.३. दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुर्‍याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरुको औषधि उपचार गर्न एवं पुर्नस्थापनाको कार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।

७.५.४. दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिवद्ध छन् । दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन् । शिक्षण संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरुलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य व्यारेक नराख्न सहमति व्यक्त गर्दछन् ।

७.५.५. कानून बमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

७.५.६. दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्वल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदावाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरुलाई शान्तिपूर्ण रुपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन् ।

## ७.६ महिला तथा बालबालिकाको अधिकार

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरुको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिका विरुद्ध हुने वालश्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरुमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरुलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरु तुरुन्त उद्धार गरिने छन् र तिनीहरुको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

## ७.७. वैयक्तिक स्वतन्त्रताको अधिकार

७.७.१. दुवै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिना हातहतियार भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता, आफूखुशी पेशा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक कृयाकलापमा सहभागी हुने स्वतन्त्रता, कानुनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न गराउन सहमत छन् ।

# ८. मतभेद निरुपण तथा कार्यान्वयन संयन्त्र यन्त्रः

८.१ दुवै पक्ष विगतमा भए गरेका त्रुटिहरुलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रुपमा सच्यांउदै लैजाने गरी वैयक्तिक एवम् सामुहिक रुपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकता अनुसार संयन्त्रहरुको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्री परिषद्ले तय गरे बमोजिम हुनेछ ।

८.३ दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी सम्वाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा (माओवादी) वीच भएका सबै निर्णय, सहमति र समझदारीहरु कार्यान्वयन गर्न अन्तरिम मन्त्रीपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचना

सम्बन्धी उच्चस्तरीय सुझाव आयोग लगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरुको गठन गर्ने र तिनीहरुको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुबै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

## ९. कार्यान्वयन तथा अनुगमन

यस सम्झौतामा उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनको लागि निम्न व्यवस्था गर्न दुवै पक्ष सहमत भएका छन् -

९.१ दुवै पक्ष संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयबाट यस संझौतामा उल्लेखित मानवअधिकार सम्बन्धी प्रावधानहरुको अनुगमनको कामलाई निरन्तरता दिन सहमत छन् ।

९.२ दुबै पक्ष संयुक्त राष्ट्र संघको नेपाल स्थित मिशनबाट पूर्व प्रेषित पाँच बुँदे पत्र र यस संझौतामा उल्लेख भए अनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमत छन् र त्यस कार्यमा सहयोग पुऱ्याउन प्रतिवद्धता व्यक्त गर्दछन् ।

९.३ दुबै पक्ष संयुक्त राष्ट्र संघबाट संविधान सभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमत छन् ।

९.४ राष्ट्रिय मानव अधिकार आयोगले कानून बमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानव अधिकार अनुगमन सम्बन्धी कार्यहरु पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्य सम्पादन गर्ने क्रममा मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५ माथि उल्लेखित सबै निकायले दिएका प्रतिवेदनहरु बुझ्न, अनुरोध गरेका सूचनाहरु उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयन सहमति र छलफलको आधारमा गर्न दुवै पक्ष सहमत छन् ।

## १०. विविधः

१०.१ कार्तिक २२ गतेको निर्णयको मर्म र शान्ति संझौताको भावना अनुरुप सरकार वा राज्य संयन्त्रका कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरुपको संयन्त्र संचालन नगर्न दुवै पक्ष सहमत छन् ।

१०.२ दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य पूरक सहमतिहरुमा हस्ताक्षर गर्न मञ्जुर गर्दछन् ।

१०.३ दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिने छ। संशोधन गर्न चाहेमा सो को लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यता प्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानूनको मापदण्ड तथा शान्ति स्थापनाको मूल मर्मभन्दा न्यून हुने छैन ।

१०.४ यो संझौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो संझौताको प्रस्तावना र अनुसूचीमा सङ्लग्न दस्तावेजहरुका आधारमा दुबै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्ने छ र यो व्याख्या अन्तिम हुनेछ ।

१०.५ अन्तरिम व्यवस्थापिका-संसद गठन भए पछि यस संझौतामा उल्लेखित 'दुई पक्ष' को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ । यसपछि यस संझौतामा उल्लेखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने गराउने दायित्व अन्तरिम मन्त्रीपरिषद्ले व्यवस्था गरे बमोजिम हुनेछ ।

संझौताको पालना तथा कार्यान्वयनमा सहयोग पुऱ्याउनु सबै राजनीतिक दलहरुको कर्त्तव्य तथा जिम्मेवारी हुनेछ ।

१०.६ सिङ्गो मुलुक संविधान सभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भइरहेको बेला आफ्ना समस्या र मागहरुलाई संवाद र वार्ताको माध्यमबाट समाधान गर्न तथा संविधान सभाको निर्वाचन तथा शान्ति सुरक्षाको स्थितिलाई सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७ सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधान सभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सकृय सहभागिता जनाई सफल बनाउन नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय सङ्गठनहरु, पत्रकार जगत, बुद्धिजीवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

१०.८ पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुऱ्याउन सबै मित्र राष्ट्रहरु तथा संयुक्त राष्ट्र सङ्घ लगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्दछौं ।

देश र जनताको भविष्यप्रतिको जिम्मेवारी बोध गर्दै र यस विस्तृत शान्ति सम्झौता प्रति पूर्ण प्रतिबद्ध हुंदै हामी-नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौं ।

| | |
|---|---|
| प्रचण्ड | गिरिजा प्रसाद कोइराला |
| अध्यक्ष | प्रधानमन्त्री |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | नेपाल सरकार |

हस्ताक्षर मिति :- २०६३/८/५

# नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३

## प्रस्तावना

संयुक्त राष्ट्र संघका महासचिवलाई प्रेषित २४ साउन (९ अगस्त) को पत्र तथा ५ मंसिर २०६३ (२१ नेभेम्बर २००६) को विस्तृत शान्ति सम्झौताका व्यवस्थाहरुलाई ध्यानमा राख्दै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा भाग लिन पाउने नेपाली जनताको मौलिक अधिकारको प्रत्याभूति गर्दै,

संविधानसभा मार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र सामाजिक-आर्थिक-साँस्कृतिक रुपान्तरण गर्न दुवै पक्षबीच भएको विस्तृत शान्ति सम्झौताको आधारमा देशमा २०५२ (१९९६) सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण लोकतान्त्रिक सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै, तथा संयुक्त राष्ट्र संघको रोहवरमा सम्पन्न भएको प्रस्तुत द्विपक्षीय सम्झौताका शर्तहरु पूर्ण रुपमा पालना गर्ने इच्छालाई पुष्टि गर्दै, माओवादी सेनाका लडाकुहरु र उनीहरुका हतियारहरु तोकिएका अस्थायी शिविरहरुमा सीमित रहेको तथा नेपाली सेना आफ्नो व्यारेकभित्र सीमित रहेको र उसका हतियार कुनै पनि पक्ष विरुद्ध प्रयोग नभएको अन्तर्राष्ट्रिय मान्यताहरु अनुसार अनुगमन गर्न संयुक्त राष्ट्र संघका योग्य गैर-सैनिक (सिभिलियन) कर्मचारीहरु खटाई दुवै पक्षका हतियार र सेनाको व्यवस्थापन अनुगमन गर्न संयुक्त राष्ट्र संघको सहयोग प्राप्त गर्न दुवै पक्ष मन्जूर गर्दछन् ।

## १. सम्झौताका कार्यविधिहरु

### १.१ सिद्धान्तहरु

कुनै पनि पक्षले युद्धकौशलीय वा रणनीतिक फाइदा प्राप्त गर्ने गरी सेना परिचालन गर्ने वा पुनःपरिचालन गर्ने कार्य गर्नेछैन ।

यस सम्झौताको उल्लङ्घन गरिएको कुनै पनि जानकारी वा प्रतिवेदन, सोको प्रमाण संलग्न गरी वा नगरी, संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुलाई दिईनेछ र त्यसपछि नेपालस्थित संयुक्त राष्ट्र संघीय नियोगका उपयुक्त प्रतिनिधि मार्फत पक्षहरुलाई सोको जानकारी दिईनेछ ।

अन्तरिम सरकारबाट परिचालन गरिएका सुरक्षा बलले अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हातहतियार, विष्फोटक पदार्थ वा हातहतियार बनाउन प्रयोग गरिने कच्चा पदार्थ गैर-कानूनी रुपमा ओसारपसार गर्ने कार्य रोकथाम गर्ने सम्बन्धमा नियमित गस्ति गर्न, खानतलासी गर्न र त्यस्ता हातहतियार वा पदार्थ जफत गर्न सक्नेछ ।

संयुक्त राष्ट्र संघ, नेपालस्थित अन्तर्राष्ट्रिय दातृ निकाय र कूटनीतिक नियोगहरु, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु, संचार, मानव अधिकारकर्मीहरु, निर्वाचन पर्यवेक्षकहरु तथा बिदेशी पर्यटकहरुलाई नेपाल राज्यमा कानून बमोजिम निर्वाध रुपमा आवतजावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् । पक्षहरुले नेपालका सबै

भागहरुमा संयुक्त राष्ट्र संघीय नियोग र सम्बद्ध कर्मचारी, मालसामान र सेवाको सुरक्षा, संरक्षण र उनीहरुको आवतजावत गर्ने स्वतन्त्रता र हित सुनिश्चित गर्नेछन् ।

पक्षहरुले हातहतियारको गैर-कानूनी ओसारपसार र सशस्त्र समुहको घुसपैठ नियन्त्रण गर्ने उद्देश्यले गरिएका प्रयत्नहरुमा सहयोग गर्न आवश्यक सबै उपायहरु तुरुन्त अवलम्बन गर्नेछन् ।

दुवै पक्ष अठार वर्ष वा सोभन्दा मुनिका बालबालिकालाई सैन्य वलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरुको तुरुन्त उद्धार गरिनेछ र तिनीहरुको पुनर्स्थापनाको लागि आवश्यक र उपयुक्त सहयोग प्रदान गरिनेछ ।

## १.२ परिभाषा

देहायका परिभाषाहरु स्वीकार गरिएका छन् :

(१) ***"अस्थायी शिविर (माओवादी सेना)"*** भन्नाले हतियार, खरखजाना र उपकरण लगायत माओवादी लडाकु ईकाइ (युनिट) हरुलाई राख्न र उनीहरुलाई सेवाहरु उपलब्ध गराउनका लागि अस्थायी रुपमा तोकिएको र स्पष्ट रुपमा परिभाषित भौगोलिक क्षेत्र सम्झनु पर्छ । माओवादी सेनाका सबै तहहरुका लागि अस्थायी शिविरहरु व्यवस्था गरिएको छ ।

(२) ***"व्यारेकमा राख्ने (नेपाली सेना)"*** भन्नाले हतियार, खरखजाना र उपकरण लगायत नेपाली सेनाका ईकाइ (युनिट) हरुलालई व्यारेकमा राख्ने/खटाउने कार्य सम्झनु पर्छ । यस सम्झौतामा अन्यत्र तोकिएका कृयाकलाप हरुकालागि वा पक्षहरुबीच आपसी रुपमा अन्यथा सहमति भएकोमा वाहेक गुल्म (कम्पनी) भन्दा तल्लो तहको कुनै पनि ईकाइ (युनिट) लाई स्वतन्त्र रुपमा परिचालन गरिने छैन ।

(३) ***"सुरक्षित हतियार भण्डारण क्षेत्रहरु"*** भन्नाले हतियार, गोलिगठ्ठा तथा विष्फोटक पदार्थहरुको भण्डारण गर्नका लागि प्रयोग गरिएका नियमित गोलिगठ्ठा भण्डार सहितका सैनिक व्यारेकहरु वा जिम्मेवार ईकाइ (युनिट) वाट नियन्त्रित र सुरक्षा दिईएका अस्थायी शिविरहरुको विशेष परिधि (पेरिमिटर) भित्र स्थापित भण्डारण कन्टेनरहरु सम्झनु पर्दछ ।

(४) ***"पक्षहरु"*** भन्नाले नेपाल सरकार (नेपाली सेना समेत) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (माओवादी सेना समेत) सम्झनु पर्दछ ।

(५) ***"संयुक्त राष्ट्र संघीय अनुगमन"*** भन्नाले यस सम्झौतामा उल्लिखित शर्तहरुको सापेक्षिक परिपालना निर्धारण गर्न र सबै पक्षहरु तथा अन्य सम्बद्ध पक्षहरुलाई आफ्ना ठहरहरुको जानकारी गराउन संयुक्त राष्ट्र संघीय नियोगबाट गरिएका सबै प्रयत्नहरु सम्झनु पर्दछ ।

(६) ***"संयुक्त अनुगमन समन्वय समिति"*** भन्नाले संयुक्त राष्ट्र संघको अध्यक्षतामा गठित दुवै पक्षका सदस्यहरु रहेको अनुगमन, रिपोर्टिङ्ग र समन्वय समिति सम्झनु पर्दछ । पक्षहरुले यस सम्झौताको पालना गरे नगरेको सम्बन्धमा यस सम्झौताको धारा ६.१ को व्यवस्था अनुसार संयुक्त अनुगमन समन्वय समितिले सुपरीवेक्षण गर्नेछ ।

(७) ***"संयुक्त अनुगमन टोलीहरु"*** भन्नाले शत्रुतापूर्ण कार्यको अन्त्य (Cessation of hostility) को अनुगमन गर्न सहयोग पुराउने निकायहरु सम्झनु पर्दछ । संयुक्त अनुगमन टोलीहरु क्षेत्रीय र स्थानीय तहमा तथा मोबाइल टोलीहरुमा परिचालित हुनेछन् । एकजना संयुक्त राष्ट्र संघीय अनुगमनकर्ता टोली नेता हुने प्रत्येक टोलीमा नेपाली सेनाको एकजना अनुगमनकर्ता र माओवादी सेनाको एकजना अनुगमनकर्ता रहनेछन् । संयुक्त अनुगमन टोलीहरुलाई हतियार भण्डारण निरीक्षण गर्ने कार्यमा प्रयोग गरिने छैन ।

संयुक्त राष्ट्र संघीय अनुगमन टोली र माओवादी सेनाको प्रतिनिधिले माओवादी सेना रहेका अस्थायी शिविरहरुको निरीक्षण गर्नेछन् । संयुक्त राष्ट्र संघीय अनुगमन टोली र नेपाली सेनाको प्रतिनिधिले नेपाली सेनाका व्यारेकहरुको निरीक्षण गर्नेछन् ।

(८) ***"माओवादी सेनाका लडाकुहरु"*** भन्नाले यस सम्झौताको प्रयोजनका लागि ११ जेठ २०६३ (२५ मे २००६) भन्दाअघि सेवा प्रबेश गरेका, बालिग र नेकपा (माओवादी) को परिचयपत्र तथा पक्षहरुबाट मन्जूर गरिएका अन्य माध्यमहरु समेतबाट आफ्नो सेवा प्रदर्शन गर्न सक्षम, कर्तव्य पालनामा नियमित र सक्रिय रुपमा खटिएका माओवादी सेनाका सदस्यहरु समेतलाई जनाउँछ ।

## १.३ प्रबर्द्धन

पक्षहरुले आफ्ना कमाण्डर, सदस्य र सम्बद्ध समुहहरुमा यस सम्झौताको र यसका व्यवस्थाहरुको परिपालनाको सम्बन्धमा सचेतना प्रबर्द्धन गर्नेछन् ।

पक्षहरु, नेपाल सरकार, नेपाली सेना, नेकपा (माओवादी) र माओवादी सेनाले स्थानीय समुदाय र पक्षहरुका कमाण्डर, सदस्य र सम्बद्ध समुहहरुले संयुक्त राष्ट्र संघीय कार्यादेश तथा यस सम्झौतामा उल्लिखित पक्षहरुका सम्पूर्ण दायित्वहरु बुझेको सुनिश्चित गर्नको निम्ति संयुक्त राष्ट्र संघीय नियोगको सहयोगमा एक सचेतनामूलक कार्यक्रम तर्जुमा गर्नेछन् । जानकारीमूलक कार्यक्रमहरुमा स्थानीय भाषाहरुमा बैठकका कामकारवाही गर्ने, मुद्रण र विद्युतीय माध्यमको प्रयोग गर्ने कुराहरु समेत समावेश हुनेछन् ।

## १.४ चरणहरु

यो सम्झौता हस्ताक्षर भएपछि लागू हुनेछ । त्यसपछि देहाय बमोजिमका चरणहरुमा यो सम्झौताको कार्यान्वयन गरिनेछ ।

(१) रिपोर्टिङ्ग र प्रमाणीकरण,
(२) सैन्य बलको पुनःखटनपटन (Redeployment) र एकट्ठा (Concentration),
(३) माओवादी सेनालाई अस्थायी शिविरमा राख्ने, नेपाली सेना व्यारेकमा रहने तथा हातहतियारको नियन्त्रण, र
(४) सम्झौताको पूर्ण परिपालना ।

यी सबै कार्यहरु सम्पन्न गर्नका लागि पक्षहरुले संयुक्त राष्ट्र संघसंग परामर्श गरी एउटा विस्तृत र व्यावहारिक समयतालिका तर्जुमा गर्नेछन् ।

## २ रिपोर्टिङ्ग र प्रमाणीकरण

पक्षहरुले आ-आफ्ना सेनाहरुको बारेमा विस्तृत जानकारी दिनेछन् र संयुक्त राष्ट्र संघले यस्तो जानकारीलाई उपयुक्त गोपनीयताका साथ उपयोग गर्नेछ । पक्षहरुले देहायका कुराहरु लगायत वर्तमान भण्डारणहरु देखाउने नक्सा र रेखाङ्कनहरु उपलब्ध गराउने छन् :

(१) सैन्य क्रम (Order of battle)/सैनिक संरचना, संगठन, सैनिकको खटनपटन र संख्या,
(२) धराप, बारुदी सुरुङ्ग, विष्फोट नभएका गोलीगट्ठा, स्टाण्डर्ड बिस्फोटक पदार्थहरु, अपरिष्कृत विस्फोटक उपकरण (Improvised explosive devices) र यस्ता सामग्रीहरुको वास्तविक अवस्थिति,
(३) क्याम्पसंग सम्बन्धित सडक, मार्ग, ट्रेल र बाटोहरु बारेको आवश्यक जानकारी,

(४) पक्षहरु, नेपाली सेना र माओवादी सेनाहरुसंग काम गर्ने सशस्त्र वा निशस्त्र समुहहरु एवं उनीहरुको जिम्मेवारी लगायतको जानकारी, र

(५) हतियार र सेनाहरुको स्थिति/व्यवस्थाको उपयुक्त अनुगमन गर्नका लागि संयुक्त राष्ट्र संघीय नियोगले मागेको अन्य जानकारी ।

संयुक्त राष्ट्र संघीय नियोगले अनुगमनकर्ताहरु खटिएपछि तुरुन्तै यस्ता जानकारीको जाँच गर्नेछ ।

## ३ सैन्य बलको पुनःखटनपटन र एकट्ठा

नेपाली सेना र माओवादी सेना दुवैले सैन्य बलहरुको पुनःखटनपटन र एकट्ठाको लागि विस्तृत योजना, समय तालिका र विधिहरु संयुक्त राष्ट्र संघीय नियोगलाई उपलब्ध गराउने छन् ।

नेपालभित्रका सबै लडाकुहरुको पुनःखटनपटन र एकट्ठाको कार्य (नेपाली सेना व्यारेकभित्र र माओवादी सेनाहरु अस्थायी शिविरभित्र जाने) संयुक्त राष्ट्र संघसंग परामर्श गरी सम्पन्न गरिनेछ । संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरू आएपछि उनीहरूले सैन्य वलहरूको पुनःखटनपटन र एकट्ठाको अनुगमन गर्नेछन् ।

सरकारी, सार्वजनिक र निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरूको अभिलेख खडा गरी तत्कालै फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

पक्षहरुले स्वतन्त्र आवागमन प्रवर्द्धन र प्रत्याभूत गर्न र भय तथा त्रासमुक्त वातावरण तयार गर्ने उद्देश्यले सबै सैनिक र अर्धसैनिक जाँचकेन्द्र (चेकपोष्ट) हरू हटाउने छन् ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी वलले जन आन्दोलनको भावना र मर्म, शान्ति सम्झौता एवं प्रचलित कानून अनुसार कानून र व्यबस्था बहाल राख्ने तथा अपराध अनुसन्धानको कार्य चालू राख्ने छन् । २२ कार्तिक २०६३ (८ नोभेम्बर २००६) गतेका निर्णयहरूको मर्म तथा शान्ति सम्झौताको भावना अनुरूप राज्य वा राज्य संयन्त्रको कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरुपको संयन्त्र संचालन नगर्न दुवै पक्ष सहमत छन् । नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको सिलसिलामा तिनीहरूलाई कुनै पनि किसिमको बाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न सबै पक्षहरू सहमत छन् ।

## ४. माओवादी सेनालाई अस्थायी शिविरमा राख्ने, नेपाली सेनालाई व्यारेकमा राख्ने र हातहतियार नियन्त्रण गर्ने कार्य

### ४.१ माओवादी सेनालाई अस्थायी शिविरमा राख्ने

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धता अनुसार माओवादी सेनाका लडाकुहरू र उनीहरूका हतियारहरू तोकिएका अस्थायी शिविरहरूमा सीमित रहनेछन् । कार्यान्वयन हुनु अगावै तय गरिएको विस्तृत योजना र तयारी अनुसार अस्थायी शिविरहरु राखिनेछन् । माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा रहेपछि नेपाल सरकारले उनीहरूको रसदपानी लगायत अन्य आवश्यक व्यवस्था गर्नेछ । कार्यान्वयन भएपछि विस्तृत अवधारणाले राम्रो संचार र उपयुक्त प्रबन्धहरू (Logistics) सुनिश्चित गर्नेछ । संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरू अनुगमन गर्ने प्रयोजनको लागि कुनै तथा सबै अस्थायी शिविरहरूमा प्रबेश गर्न पाउनेछन् ।

### ४.१.१ कमाण्डरको जिम्मेवारी

माओवादी सेनाको अस्थायी शिविर नियन्त्रण गर्न साईटको प्रशासनमा माओवादी सेनाको नियमित संरचना प्रयोग गरिने र माओवादी सेनाको नियमित चेन अफ कमाण्ड तथा नियन्त्रण उपयोग गरिनेछ ।

सातवटा मुख्य अस्थायी शिविरहरू रहने र प्रत्येक मुख्य शिविर वरिपरि तीन/तीन वटाका दरले २१ वटा सहायक शिविरहरू रहने छन् । पक्षहरू अन्यथा सहमत भएकोमा बाहेक सहायक शिविर मुख्य शिविरबाट दुई घण्टाको सवारी दूरीभित्रै पर्ने गरी राखिने छ । तोकिएका सात वटा मुख्य शिविरहरू माओवादी सैनिक साइट कमाण्डरको र सहायक शिविरहरू तोकिएका सहायक कमाण्डरहरूको कमाण्ड, नियन्त्रण, सञ्चार र जानकारी अन्तर्गत रहने छन् ।

साइटका कमाण्डरहरूले प्रत्येक साईटको सम्बन्धमा देहायका कुराहरूको विस्तृत जानकारी संयुक्त राष्ट्र संघीय नियोगलाई उपलब्ध गराउने छन् :

(१) नक्सामा देखाइएका ईकाइ (युनिट) र सहायक ईकाइ (सवयुनिट) हरूको कमाण्ड संरचना,
२) गूल्म तह तलसम्मका कमाण्डरहरूको नाम,
(३) सञ्चार प्रणाली,
(४) कर्मचारीहरूको पूर्ण सूची,
(५) हातहतियारको पूर्ण सूची अर्थात किसिम, संख्या, क्रमसंख्या र मुख्य अस्थायी शिविरहरूभित्र भण्डारण अन्तर्गतको क्यालीवर,
(६) खरखजानाको विवरण, किसिम, लट संख्या र परिमाण, र
(७) साईटको सुरक्षाकोलागि खटाईने गार्डहरुको नामावली, त्यस्तो खटनपटनकोलागि आवश्यक हातहतियार र खरखजानाको पूर्ण सूची (मूख्य र सहायक शिविर तहमा) ।

साइट कमाण्डरको जिम्मेवारीमा देहायको जिम्मेवारी समेत समावेश हुनेछ,

(१) क्याम्पको सुरक्षा, साइटमा प्रबेश नियन्त्रण गर्ने समेत,
(२) संयुक्त राष्ट्र संघीय नियोग, र सम्बद्ध कर्मचारी, मालसामान र सेवाको सुरक्षा, उनीहरुको आवतजावत गर्ने स्वतन्त्रता र हित सुनिश्चित गर्ने,
(३) संयुक्त राष्ट्र संघीय नियोगसंगको सहयोगमा धारा २ अनुसार जानकारी उपलब्ध गराउने,
(४) विस्तृत शान्ति सम्झौताको भावना अनुसार लाइभ फायर अभ्यास वाहेक अनुशासन, मनोबल र साधारण तालीम सम्बन्धी कार्य गर्ने,
(५) नियमित (रुटिन) कार्य र सैनिकहरुको नियन्त्रण, र
(६) प्रबन्धहरु (लजिष्टिक) र क्याम्प सम्बन्धी सेवाहरु (नेपाल सरकार र सहायता दिने अन्य निकायहरुसंगको सहयोगमा) ।

### ४.१.२ हतियार भण्डारण र नियन्त्रण

परिधि (पेरिमिटर) सुरक्षा गर्ने प्रयोजनको लागि देहाय वमोजिम व्यबस्था भएकोमा बाहेक, माओवादी सेनाका सम्पूर्ण हतियार र खरखजाना संयुक्त राष्ट्र संघले अनुगमन गर्नेगरी सात वटा मुख्य अस्थायी शिविरहरुमा सुरक्षित किसिमले भण्डारण गर्ने कुरामा पक्षहरु सहमत छन् । दुवै पक्षहरु सशस्त्र द्वन्द्वका समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको रेखाङ्कन गर्न तीस दिनभित्र आवश्यक जानकारी उपलब्ध गराई र त्यस्ता धराप र सुरुङ्गहरु साठी दिनभित्र निष्कृय पार्न, हटाउन एवं निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् । सबै अपरिष्कृत बिस्फोटक उपकरणहरु मुख्य अस्थायी शिविर ईलाकाबाट सुरक्षित दुरीभित्र रहेका

तोकिएका स्थलहरुमा संकलन गरिनेछ । संयुक्त राष्ट्र संघीय नियोगसंग परामर्श गरी दुबै पक्षहरु यी स्थलहरुका वारेमा सहमत हुनेछन् । काम नलाग्ने उपकरणहरुलाई तुरुन्तै नष्ट गरिनेछ । स्थिर उपकरणहरुलाई सुरक्षित रुपमा भण्डारण गरी देहायमा उल्लिखित पहरा प्रवन्धमा व्यवस्था भए बमोजिम त्यसलाई चौवीसै घण्टा सशस्त्र पहारा दिईनेछ । पक्षहरुले त्यसपछि अपरिष्कृत बिस्फोटक उपकरणहरुको विनास गर्नको लागि संयुक्त राष्ट्र संघसंग परामर्श गरी समयतालिका र प्रकृया निर्धारण गर्नेछन् । अनुगमनकर्ता र माओवादी सैनिक कर्मचारी दुवैको सुरक्षा सुनिश्चित गर्न कुनै पनि अपरिष्कृत बिस्फोटक उपकरणहरु वा कच्चा (क्रुड) वम अस्थायी शिविर इलाकाभित्र ल्याइने छैन ।

मुख्य अस्थायी शिविरहरुमा हतियार र खरखजाना भण्डारण क्षेत्रको सुरक्षा व्यवस्था देहाय बमोजिम मिलाइनेछ :-

(१) तोकिएको क्षेत्र वरिपरी ताला लगाउने प्रबेशद्वार (गेट) सहितको बलियो पर्खाल लगाइनेछ । निषेधित क्षेत्र स्पष्ट रुपमा देखाउने गरी पर्खालमा चिन्हहरु राखिनेछन् ।
(२) हातहतियार भण्डारण डिपोमा सेतो रङ्ग लगाइएका भण्डारण गर्ने कन्टेनरहरु रहने र हतियारको सुरक्षित भण्डारण तथा सहज नियन्त्रणका लागि तखताहरु राखिनेछन् । साथै, त्यहाँ हतियारको पूर्ण फिहरिस्त ( हतियारको किसिम, क्यालीवर र क्रमसंख्या) पनि  राखिनेछ ।
(३) प्रत्येक भण्डारण कन्टेनरमा संयुक्त राष्ट्र संघले उपलब्ध गराएको एकल ताल्चा लगाइनेछ । तोकिएको मुख्य अस्थायी शिविरको कमाण्डरले चाबी राख्नेछ । भण्डारण स्थलमा संयुक्त राष्ट्र संघीय नियोगबाट उपलब्ध गराईएको चौवीसै घण्टा निगरानी गर्ने क्यामरा जडान गरी मुख्य अस्थायी शिविरमा रहेको संयुक्त राष्ट्र संघको कार्यालयबाट अनुगमन गरिनेछ । अध्यारो हुँदा स्वचालित रुपमा वल्ने बत्तीहरुको व्यवस्था गरिनेछ ।
(४) संयुक्त राष्ट्र संघीय नियोगले निरीक्षण दर्ता संयन्त्रको व्यवस्था गर्नेछ । भण्डारण गर्ने कन्टेनर कहिले खोलिएको हो सो उल्लेख गरी प्रत्येक कन्टेनरको ढोकामा सो संयन्त्र  टाँसिनेछ ।
(५) संयुक्त राष्ट्र संघको कार्यालय र शिविर कमाण्डरको कार्यालय दुवैमा संयुक्त राष्ट्र संघीय नियोगबाट उपलब्ध गराईएको साइरन सहितको सचेत गराउने संयन्त्र जडान  गरिनेछ । नियमित निरीक्षणको क्रममा “सुरक्षित वटन” बन्द नगरी कन्टेनरको ढोका खोलिएमा सो प्रणाली कृयाशील हुनेछ ।
(६) संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुले माओवादी सैनिक प्रतिनिधिको रोहवरमा हातहतियार भण्डारण क्षेत्र र कन्टेनरहरुको निरीक्षण गर्नेछन् ।

प्रत्येक मुख्य अस्थायी शिविरमा तोकिएका गार्डहरुबाट स्पष्टतः परिभाषित परिधि सुरक्षाको लागि मात्र प्रयोग हुने गरी एकै खालका बनौट (मेक) र मोडेलका तीस वटा हतियार राख्न पाइने र प्रत्येक सहायक शिविरमा सोही शर्तहरु अन्तर्गत प्रयोग हुने गरी पन्ध्र वटा त्यस्ता हतियार राख्न पाईनेछ । यस्ता सबै हतियारको बनोट र क्रमसंख्या उल्लेख गरी रीतपूर्वक दर्ता गरिनेछ र प्रयोग नभएका बेला तिनीहरुलाई सुरक्षागृह ( गार्डहाउस) मा बन्द गरी राखिनेछ । संयुक्त राष्ट्र संघसंग परामर्श गरी पक्षहरुले साझा खतराको मूल्याङ्कनका आधारमा परिधि सुरक्षा गर्ने प्रयोजनका लागि आवश्यक हातहतियारको संख्याको आवधिक रुपमा पुनरावलोकन  गर्नेछन् ।

नेकपा (माओवादी) नेताहरुको सुरक्षा व्यवस्था सरकारसंगको सहमतिले गरिनेछ । संयुक्त राष्ट्र संघीय नियोगले माओवादी सेना रहेका मुख्य अस्थायी शिविरहरुमा पूर्णकालीन रुपमा उपस्थित भएर तथा स्थलगत भ्रमण र नियमित निरीक्षणहरुको माध्यमबाट यी प्रतिवबद्धताहरुको अनुगमन गर्नेछ । अनियोजित रुपमा र विना सूचना यस्ता निरीक्षणहरु गरिनेछन् ।

### ४.१.३ मुख्य शिविरहरुमा माओवादी सैनिक लडाकुहरूको दर्ता व्यवस्था

माओवादी सेनाका सबै लडाकुहरूको दर्ता मुख्य अस्थायी शिविर साइटमा गरिनेछ । यस्तो दर्तामा उमेर, नाम, तह, ईकाइ/गठनभित्र उसको जिम्मेवारी, सेवा प्रवेश गरेको मिति उल्लेख गर्ने व्यवस्था हुनेछ, र यसले कर्मचारीको पूर्ण सूची तयार गर्ने आधार उपलब्ध गराउनेछ । माओवादीका लडाकुहरुको साथमा हतियार रहेको वा नरहेको जेभए तापनि उनीहरुको दर्ता गरिनेछ । कुनै हतियार साथमा रहेको भए त्यस्तो हतियारको किसिम र अबस्था उल्लेख गरिनेछ । ईकाइ/गठन बिशेष आधारमा हातहतियारको कुल संख्या उल्लेख गरिनेछ । ११ जेठ २०६३ (२५ मे २००६) भन्दा अघि माओवादी सेनाको सदस्य भएका व्यक्तिहरू मात्र अस्थायी शिविरमा रहनको लागि योग्य  हुनेछन् । पक्षहरुले संयुक्त राष्ट्र संघसंग परामर्श गरी यो पहिलेदेखिको विद्यमान सेवालाई कसरी निर्धारण गर्ने भन्ने बारेमा सहमति गर्नेछन् ।

यस दर्ता व्यवस्थाको अङ्गको रूपमा माओवादी सेनाका सबै लडाकुहरूले आफ्नो माओवादी सेनाको परिचयपत्र प्रस्तुत गर्नेछन् र त्यसमा संयुक्त राष्ट्र संघको छाप लगाइनेछ । परिचयपत्रहरूमा छाप लगाउने प्रकृया निर्धारण गरिनेछ । यो दर्ता परिचयपत्रको आधारमा माओवादी सेनाका सदस्यहरूलाई उपलब्ध गराईने कुनै पनि सहयोग, सहायता उपलब्ध गराइनेछ । दर्ता नभएका व्यक्तिहरू सहायता पाउन योग्य हुने छैनन् र उनीहरूलाई अस्थायी शिविरमा बस्न दिईने छैन ।

अस्थायी शिविर साइटमा रीतपूर्वक दर्ता भएका माओवदी सेनाका लडाकुहरू मात्रै स्तरीय मान्यताहरू पूरा गरी सुरक्षा फौजभित्र गरिने संभावित समायोजनका लागि योग्य हुनेछन् । वर्खास्त गरिएको कर्मचारी संभावित समायोजनको लागि अयोग्य हुनेछ । विस्तृत शान्ति सम्झौतामा सहमति भए बमोजिम एउटा बिशेष समितिले सुरक्षा फौजभित्र समायोजन हुनको लागि योग्य व्यक्तिहरूको निर्धारण गर्नेछ । यो समायोजनको प्रकृयाको निर्धारण पक्षहरूबीच हुने भावी सम्झौताबाट हुनेछ । दर्ता भएपछि, माओवादी सेनाको कुनै लडाकु १२ जेष्ठ २०४५ (२५ मे १९८८) पछि जन्मेको पाईएमा त्यस्तो लडाकुलाई सम्मानकासाथ बर्खास्त गरिनेछ ।

वर्खास्त गरिएका माओवादी सेनाका लडाकुहरूले सम्पूर्ण हातहतियार, बर्दी र अन्य सैनिक सरसामान/उपकरण बुझाउनु पर्ने र त्यस्ता लडाकुहरू पक्षहरुसँग परामर्श गरी संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुले आपसी रुपमा मन्जूर गरेकोमा बाहेक अस्थायी शिविरहरुमा फर्कने  छैनन् । स्वेच्छिक आधारमा हटाइएका कर्मचारीलाई उपलव्ध गराइने सहयोगको प्याकेजका बारेमा अस्थायी शिविरमा जानुभन्दा अगावै पक्षहरुबीच सहमति हुनेछ । माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापनाको निम्ति अन्तरिम मन्त्रिपरिषद्ले एउटा बिशेष समिति गठन गर्नेछ ।

## ४.२ नेपाली सेनालाई व्यारेकमा राख्ने कार्य

### ४.२.१ साधारण नियमहरू

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धता अनुसार नेपाली सेना आफ्नो व्यारेकभित्र सीमित रहनेछन् र नेपाली सेनाका हातहतियारहरू कसैको पक्ष वा विपक्षमा प्रयोग हुनेछैनन् । नेपाली सेनाका वलहरू वा हातहतियार कुनै पनि पक्ष वा विपक्षमा प्रयोग भए नभएको अनुगमन गर्ने प्रयोजनका लागि संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरूलाई नेपाली सेनाको कुनै वा सबै व्यारेकहरूमा पहुँच प्राप्त हुनेछ । निरीक्षणकोलागि नेपाली सेनाको कुनै व्यारेकको भ्रमण गर्दा साइट कमाण्डरलाई विधिवत सूचना दिइनेछ र संयुक्त राष्ट्र संघीय अनुगमन सैन्य र हातहतियारको व्यवस्थापन सम्बन्धी विषयहरूसंग मात्र सम्बन्धित हुनेछ ।

मन्त्रिपरिषद्ले सैनिक ऐन, २०६३ वा भविष्यमा बन्ने तत्सम्बन्धी कानून अनुसार नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन गर्नेछ । अन्तरिम मन्त्रिपरिषद्ले अन्तरिम संसद⁄व्यवस्थापिकाको सम्बन्धित समितिको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्नेछ । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गरिनेछन् ।

### ४.२.२ कमाण्डरको जिम्मेवारी

नेपाली सेना व्यारेकभित्र रहेको अनुगमन गर्न नेपाली सेनाको नियमित चेन अफ कमाण्ड, नियन्त्रण, संचार र सूचना उपयोग गरिनेछ । कमाण्डरहरूले संयुक्त राष्ट्र संघीय नियोगलाई देहायको कुराको विस्तृत जानकारी उपलब्ध गराउने छन् :

(१) नक्सामा देखाईएका ईकाइ (युनिट) र सहायक-ईकाइ (सवयुनिट) को कमाण्ड संरचना,
(२) गुल्म तह तलसम्मका कमाण्डरहरूको नाम,
(३) संचार प्रणाली,
(४) सैन्य क्रम (Order of battle)⁄सैनिक संरचना, संगठन, सैनिकको खटनपटन र संख्या,
(५) धराप, बारूदी सुरूङ्ग, बिष्फोट नभएका गोलीगट्ठा, बिष्फोटक पदार्थहरू, अपरिष्कृत बिस्फोटक उपकरण र यस्ता सामग्रीहरूको वास्तविक अवस्थिति, र
(६) हातहतियार र सेनाहरूको व्यवस्थाको उपयुक्त अनुगमन गर्नका लागि संयुक्त राष्ट्र संघले मागेको अन्य जानकारी ।

नेपाली सेनाले संयुक्त राष्ट्र संघ र सम्बद्ध कर्मचारी, मालसामान र सेवाहरूको संरक्षण, सुरक्षा, उनीहरूको आवतजावत गर्ने स्वतन्त्रता र हीत सुनिश्चित गर्ने तथा दफा २ अनुसार संयुक्त राष्ट्र संघीय नियोगसंगको सहयोगमा जानकारी उपलब्ध गराउनेछ ।

छानिएका नेपाली सेनाका व्यारेकहरूमा दैनिक रूपमा उपस्थित भई, स्थलगत भ्रमण र नियमित निरीक्षण गरी संयुक्त राष्ट्र संघीय नियोगले यी प्रतिबद्धताहरुको अनुगमन गर्नेछ ।

### ४.२.३ हातहतियारको भण्डारण र नियन्त्रण

संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुरुप नेपाली सेनाका हातहतियारहरु कसैको पनि पक्ष वा विपक्षमा प्रयोग नभएको सुनिश्चित गर्न नेपाली सेना व्यारेकभित्र सीमित रहनेछ । माओवादी सेनाको तर्फबाट भण्डारण गरिएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले आफ्ना हातहतियारहरु भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले राख्नेछ । सो ताल्चा लगाउने प्रकृयामा संयुक्त राष्ट्र संघको अनुगमनको लागि साइरन सहितको संयन्त्र जडान गरी दर्ता गर्ने । भण्डारण गरिएका हतियारको आवश्यक जाँचबुझ गरी संयुक्त राष्ट्र संघले सो कार्य सम्बन्धित पक्षको रोहवरमा गर्नेछ । पक्षहरु दफा ४.२ मा उल्लिखित शर्तहरु अन्तर्गत कुन कुन व्यारेकमा नेपाली सेनाका हातहतियारको अनुगमन गर्ने हो सो पहिचान गरी तत्सम्बन्धमा सहमत हुनेछन् । भण्डारण गर्ने कन्टेनरहरुमा हतियार राखिनेछ ।

### ४.२.४ पुनः खटनपटन र एकट्ठा : नेपाली सेनाले गर्न पाउने कृयाकलापहरू

विस्तृत शान्ति सम्झौताको भावना अनुसार नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र, बैंक, विमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालयको सुरक्षा र बिशिष्ट व्यक्तिहरूको

सुरक्षा लगायतका कामहरूलाई निरन्तरता दिईनेछ । रक्षा सचिवले यस्ता काममा खटाईएका सैन्य बलको संख्या र किसिम खुल्ने गरी यस्ता संस्था र संरचनाहरूको विस्तृत सूची तयार पारी राख्नेछ । अबस्था बिशेषको आधारमा संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरूले आवश्यक देखेमा यो सूची उनीहरूलाई उपलब्ध गराइनेछ ।

नेपाली सेनाले गर्न पाउने कृयाकलापहरू देहाय बमोजिम छन् :

१. व्यारेकभित्र गरिने नियमित सैनिक कृयाकलापहरू र व्यारेक तथा क्याम्पहरूभित्र गरिने नियमित तालीम/तोकिएका लाइभ फायरिंग दूरीहरूमा सीमित लाइभ फायरका अभ्यासहरू गर्नु अघि संयुक्त अनुगमन समन्वय समितिलाई ४८ घण्टाको पूर्व सूचना दिनु पर्नेछ ।
२. सरकारले निर्देशन गरे बमोजिम सरकारी समारोह, परेड आदिमा भाग लिने ।
३. सरकारले निर्देशन गरे बमोजिम सीमा सुरक्षाको व्यवस्था गर्ने ।
४. व्यबस्था भए बमोजिम सवारी लगायत, एकल-एकल (One-to-one) आधारमा सैनिकहरूको उद्धार गर्ने ।
५. व्यबस्था भए बमोजिम सवारी लगायत घातक (लीथल) उपकरण वाहेकका अन्य उपकरणको नियमित मर्मतसम्भार, विस्थापन गर्ने । घातक (लीथल) हातहतियारको मर्मतसम्भार र विस्थापन गर्ने कार्य अन्तरिम सरकारले तय गरे बमोजिम वा दुबै पक्षको सहमतिले मात्रै गर्न सकिनेछ ।
६. नागरिक निकायहरूले निर्देशन गरे बमोजिम केन्द्रय, क्षेत्रीय र स्थानीय तहमा विकास र निर्माणका कार्य गर्ने ।
७. सरकारले निर्देशन दिए बमोजिम प्राकृतिक र अन्य प्रकोपको समयमा उद्धार कार्यमा सहयोग उपलब्ध गराउने ।
८. संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति कायम राख्ने कृयाकलापहरूमा तथा तत्सम्बन्धी सबै तयारी, यातायात, तालीम, उपकरणहरूको हस्तान्तरण गर्ने आदि कार्यमा भाग लिने ।
९. अती बिशिष्ट र बिशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्था गर्ने ।
१०. सरकारले निर्देशन दिए बमोजिम महत्वपूर्ण संरचनाहरूको सुरक्षाको व्यवस्था गर्ने ।
११. नेपाल राष्ट्र बैंकको रकम ढुवानीमा सुरक्षा दिने व्यवस्था गर्ने ।

उपरोक्त सबै कृयाकलापहरूको हकमा दफा ५.२ मा उल्लिखित सेनाको सूचना, हवाई आवागमन र अभ्यास सम्बन्धी नियमहरू लागू हुनेछन् ।

## ५ सम्झौताको पालना

### ५.१ निषेधित कृयाकलापहरू

विस्तृत शान्ति सम्झौताको भावना अनुसार र यस सम्झौताको परिप्रेक्ष्यमा नेपाली सेना व्यारेकमा सीमित रहेपछि र माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बसिसकेपछि पक्षहरूले सुक्ष्म रूपमै देहायका कृयाकलापहरू गर्ने छैनन् ।

१. हातहतियार साथमा लिई हिड्ने कार्य कानून विरूद्धको कार्य हो । हातहतियारको प्रदर्शन, त्रास र कुनै पनि किसिमको हिंसाको प्रयोग निषेध गरिएको छ र हातहतियारको प्रयोग कानूनी रूपले दण्डनीय छ ।
२. प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक अर्काप्रति लक्षित कुनै पनि किसिमका हातहतियारको प्रयोग वा आक्रमण गर्ने कार्य ।

३. आन्तरिक रूपमा बिस्थापित व्यक्तिहरू, मानवीय र विकास कार्यकर्ताहरू र अन्य गैर-लडाकु व्यक्तिहरू लगायत कुनै पनि व्यक्तिलाई हानी पुराउने वा डर, त्रास देखाउने कार्य र उनीहरूका उपकरण र सम्पत्ति जफत गर्ने कार्य ।
४. धराप थाप्ने, हत्या र हिंसात्मक कारवाही ।
५. अपहरण गर्ने, गैरकानुनी थुनामा राख्ने वा कैद गर्ने, वेपत्ता पार्ने कार्य ।
६. नेपालभित्र र नेपाल माथि गरिने सबै आक्रमक सैन्य उडानहरू ।
७. सार्वजनिक/निजी/सरकारी, सैनिक वा संयुक्त राष्ट्र संघको सम्पत्ति हानिनोक्सानी गर्ने वा जफत गर्ने कार्य र संयुक्त राष्ट्र संघका सम्वद्ध कर्मचारी विरुद्धको आक्रमण ।
८. जमिनमुनि बारूद विछ्याउने वा अपरिष्कृत बिस्फोटक उपकरण राख्ने कार्य, विध्वँसात्मक कार्य (स्याबोटेज) वा सैन्य जासूसी कार्य ।
९. अतिरिक्त सशस्त्र सेना भर्ना गर्न वा एक अर्का विरूद्ध सैनिक हर्कत गर्ने कार्य, हातहतियार, खरखजाना र बिष्फोटक पदार्थहरू ओसारपसार गर्ने कार्य समेत (यस सम्झौताका शर्तहरू बमोजिम पक्षहरूले आपसी सहमति जनाई पूर्व सूचना दिएको अबस्थामा बाहेक) ।
१०. इच्छा विपरित तथा प्रचलित कानून प्रतिकूल नगद वा जिन्सी संकलन गर्ने र सेवा लिने वा कर लगाउने कार्य ।
११. मानवीय सहयोग उपलब्ध गराउने वा नागरिकहरूको संरक्षण गर्ने काममा अवरोध पुराउने वा ढीलाई गर्ने कुनै पनि कारवाही ।
१२. अन्तरिम सरकार वा सोको उत्तराधिकारीले स्वीकृत गरेका कृयाकलापहरू संचालन गर्ने मानवतावादी वा विकास सम्बन्धी निकायहरूको सुरक्षित, स्वतन्त्र र निर्वाध आवागमनमा रोक लगाउने कुनै पनि कार्य ।
१३. लिंगमा आधारित हिंसाको सबै रूप र कार्य ।
१४. मानिस र मालसामानको स्वतन्त्र आवागमनमा प्रतिबन्ध लगाउने कुनै पनि कार्य ।
१५. संयुक्त राष्ट्र संघीय नियोगका प्रयत्नहरूमा व्यवधान पुराउने र संयुक्त राष्ट्र संघीय नियोगलाई सहयोग गर्न असमर्थ भएको मानिने कुनै पनि कृयाकलाप, कुनै पनि ठाउँमा गस्ति गर्ने वा उडान भर्ने संयुक्त राष्ट्र संघीय नियोगको कार्यलाई निषेध गर्ने कार्य समेत ।
१६. कुनै पक्षले आफ्नो उपकरण, कर्मचारी वा कृयाकलापलाई संयुक्त राष्ट्र संघीय नियोग, अन्य संयुक्त राष्ट्र संघीय निकायहरू, रेडक्रस/रेडक्रिसेन्टको अन्तर्राष्ट्रिय समिति वा अन्य यस्तै कुनै संगठनको उपकरण, कर्मचारी वा कृयाकलाप हो भनी ढाकछोप गर्ने कुनै पनि प्रयत्न/उद्योग ।
१७. संयुक्त अनुगमन समन्वय समितिको सहमति विना सैन्य वल र कुनै स्थितिको उपकरण वा दरवन्दीको पदलाई उनीहरूको आ-आफ्नो खटनपटन स्थिति वा दरबन्दी बाहिर पुनपरिचालन गर्ने कुनै पनि प्रयत्न/उद्योग ।
१८. अठार बर्ष र सोभन्दा मुनिका बालबालिकालाई शसस्त्र वलमा प्रयोग गर्ने कार्य ।
१९. सबै आक्रामक प्रचारबाजी र सैन्य कारवाही उक्साउने कार्य ।

पक्षहरूले यस सम्झौतामा अन्यत्र निषेध गरिएका कृयाकलापहरू पनि गर्नु हुँदैन ।

## ५.२ गर्न पाईने कृयाकलापहरू

दुवै पक्षले गर्न पाउने कृयाकलापहरूमा अन्तर्निहित मुख्य सिद्धान्त शसस्त्र द्वन्द्वबाट गैर-सैनिक व्यक्तिहरू तथा युद्धबाट प्रभावित क्षेत्रमा पर्ने असर निवारण गर्नु र शान्तिकोलागि आम समर्थन जुटाउनु हो । दुवै पक्षले गर्न पाउने कृयाकलापहरूको संचालन अन्तरिम सरकारको निर्णय अनुसार गरिनेछ । सैनिक, हवाई

गतिविधि र अभ्यासको वारेमा विधिवत सूचना दिनुपर्ने छ र त्यस्तो कार्य कम्तीमा ४८ घण्टा अगावै संयुक्त अनुगमन समन्वय समितिबाट स्वीकृत हुनुपर्नेछ ।

गर्न पाईने कृयाकलापहरूमा निम्नलिखित कृयाकलापहरू समेत समावेश हुनेछन् :

(१) बारूदी सुरूङ्ग र सैन्य अवरोधहरू हटाउने,
(२) अन्तरिम सरकारको निर्णय अनुसार सडक सुधार र खुला गर्ने, पुल पुलेसा तथा हवाई मैदानहरूको पुनर्स्थापना गर्ने समेतका कार्यहरू समेटिएका विकास सम्बन्धी कृयाकलापहरू,
(३) मानवीय उद्धार,
(४) मानिस, मालसामान र सेवाहरूको स्वतन्त्र आवागमनमा सघाउ पुराउने जस्ता सामाजिक, आर्थिक कृयाकलाप,
(५) बिदा स्वीकृत गराई बसेका, औषधोपचारको क्रममा रहेका वा पारिवारिक भेटघाटमा रहेका सादा पोशाकका हतियारविहिन सैनिकहरूलाई स्वतन्त्र रूपमा आवागमन गर्न दिने कार्य । पक्षहरू आपसी रूपमा सहमत भएकोमा बाहेक, कुनै पनि अस्थायी शिविर वा ब्यारेकमा रहेका कुल सैन्यमध्ये १२ प्रतिशतभन्दा बढीलाई एकसाथ विदामा बस्ने अनुमति दिइने छैन ।
(६) सैनिक इकाईहरूलाई गैरघातक सामानहरू, खाना, पानी औषधि, पेट्रोल, तेल र लुब्रिक्याण्ट, शैक्षिक सामग्री, पोशाक आदि आपूर्ति गर्ने, र
(७) उपचारकोलागि उद्धार ।

## ५.३ उल्लङ्घन

देहायका कार्यहरूलाई यस सम्झौताको उल्लङ्घन मानिनेछ :

(१) यो सम्झौताको उल्लङ्घन गर्ने कुनै पनि कार्य,
(२) अनधिकृत सैनिक गतिविधि,
(३) अनधिकृत भर्ती, बोलावट वा परिचालन,
(४) सैनिक उपकरणको अनधिकृत भण्डारण,
(५) मानव अधिकार, मानवतावादी कानूनको अल्लंघन वा जनताको आवागमनको स्वतन्त्रता, मालसामान र सेवाको स्वतन्त्र ओसारपसारमा अवरोध,
(६) जासूसी, विध्वँसात्मक कार्य, हवाई निगरानी र बिध्वंश (Subversion) का कार्यहरु, र
(७) संकटकालीन अबस्थामा वा उपचारका लागि उद्धार गर्नु परेको अबस्थामा बाहेक पक्षहरुलाई र संयुक्त राष्ट्र संघीय नियोगलाई ४८ घण्टाको सूचना नदिई अस्थायी शिविरहरु माथि गरिने सैनिक उडानहरु वा गैर-सैनिक वायुयान प्रयोग गरी गरिने सैनिक उडानहरु ।

## ६. संयुक्त राष्ट्र संघिय नियोग

यो सम्झौताको पालना भए नभएको कुराको अनुगमन (१) संयुक्त राष्ट्र संघीय अनुगमनकर्ताहरुबाट, वा (२) संयुक्त अनुगमन समन्वय समितिबाट यो सम्झौताका अन्य व्यवस्थाहरुलाई दृष्टिगत गरी निर्णय भएकोमा संयुक्त अनुगमन टोलीहरुबाट हुनेछ ।

संयुक्त राष्ट्र संघीय निकायले यस सम्झौताको पालनाका सम्बन्धमा पक्षहरुलाई प्रतिवेदन दिनेछ । त्यसरी प्रतिवेदन दिंदा यसले सिधै वा संयुक्त अनुगमन समन्वय समिति मार्फत दिन सक्नेछ ।

## ६.१ संयुक्त अनुगमन समन्वय समिति

नौ सदस्यीय संयुक्त अनुगमन समन्वय समितिको अध्यक्षको नियुक्ति संयुक्त राष्ट्र संघीय नियोगबाट हुनेछ । माओवादी सेना र नेपाली सेनाबाट एक एक जना गरी दुई जना उपाध्यक्षहरु रहनेछन् । बांकी ६ जना सदस्यहरुमा संयुक्त राष्ट्र संघका दुई जना, नेपाली सेनाका दुई जना र माओवादी सेनाका दुई जना रहनेछन् । यी सबै सदस्यहरुको छनौट सम्बन्धित पक्षहरुबाट हुनेछ ।

संयुक्त अनुगमन समन्वय समितिले सर्वसम्मतिको आधारमा निर्णय गर्नेछ । गतिरोध उत्पन्न भएको अवस्थामा, पक्षहरुले यस सम्झौताको पालना गरे नगरेको सम्बन्धमा महासचिव र अन्तरिम सरकार समक्ष सोको समाधानका लागि जानकारी/प्रतिवेदन पेश गर्ने अधिकार संयुक्त राष्ट्र संघका महासचिवको प्रतिनिधिलाई हुनेछ । अध्यक्षले महासचिवका प्रतिनिधिलाई र पक्षहरुका तोकिएका प्रतिनिधिहरु लाई संयुक्त अनुगमन समन्वय समितिका कृयाकलापहरुको बारेमा नियमित रुपमा प्रतिवेदन दिने छ । संयुक्त अनुगमन समन्वय समितिले तीन वटा मुख्य कामहरु गर्नेछ :

(१) यस सम्झौताको कार्यान्वयन गर्न पक्षहरुलाई सहयोग गर्ने । संयुक्त अनुगमन समन्वय समिति यस सम्झौताका शर्तहरु अनुसार हातहतियार र सेनाको अनुगमन गर्ने र उपयुक्तता अनुसार धारा ५.२ बमोजिमका कृयाकलापहरु स्वीकृत गर्ने केन्द्रीय समन्वयकारी निकाय हुनेछ ।
(२) विवाद समाधान संयन्त्रको रुपमा काम गर्ने । संयुक्त अनुगमन समन्वय समितिले यस सम्झौताको कार्यान्वयन सम्बन्धी सबै विवाद र सैन्य वा संचालन सम्बन्धी कठिनाई, उजुरी, प्रश्न वा समस्याहरुको समाधान गर्नेछ ।
(३) विश्वास निर्माण गर्ने कार्यमा सहयोग गर्ने । संयुक्त अनुगमन समन्वय समितिले पक्षहरुको आस्था र विश्वास प्राप्त गर्ने र नेपाली जनतामाझ यस सम्झौताका समग्र लक्ष्यहरु प्रबर्द्धन गर्ने उद्देश्यले काम गर्नेछ ।

यी लक्ष्यहरु हासिल गर्ने उद्देश्यले संयुक्त अनुगमन समन्वय समितिले देहायका आधारभूत सिद्धान्तहरु अनुसार काम गर्नेछ :

(१) संभव भएसम्मको तल्लो तहमा सबै समस्या र विवादहरु समाधान गर्ने अर्थात संयुक्त अनुगमन टोलीहरुलाई अख्तियार प्रत्यायोजन गर्ने ।
(२) पक्षहरुका सरोकारका सबै घटनाहरुका सम्बन्धमा उपयुक्त अनुसन्धान गरी तत्सम्बन्धमा प्रतिवेदन दिने सक्रिय प्रयत्नहरु मार्फत संयुक्त रुपमा समस्याको समाधान तथा आस्था र विश्वास निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिने ।
(३) यस प्रकृयामा हासिल गरिएका पाठहरुको आधारमा अघि बढ्ने ।

संयुक्त अनुगमन टोलीहरुले स्थानीय तहमा र स्थलगत भ्रमणको माध्यमबाट संयुक्त अनुगमन समन्वय समितिलाई सहयोग गर्नेछन् । एकजना अन्तर्राष्ट्रिय अनुगमनकर्ता संयुक्त अनुगमन टोलीको नेता हुनेछ र नेपाली सेनाको एकजना अनुगमनकर्ता र माओवादी सेनाको एकजना अनुगमनकर्ता टोलीका सदस्य हुनेछन् । संयुक्त अनुगमन टोलीहरुको संख्या र खटनपटन संयुक्त अनुगमन समन्वय समितिको अध्यक्षले सो निकायसंग परामर्श गरी निर्धारण गरे बमोजिम हुनेछ । संयुक्त अनुगमन टोलीका कामहरुमा निम्नलिखित कामहरु समेत समावेश हुनेछन् :

(१) गाउँ र समुदायहरुको भ्रमण गर्ने र नागरिक समुदायसंग सम्पर्क स्थापित गर्ने,

(२) संयुक्त राष्ट्र संघका अन्य निकायहरुसंगको सहयोग र अन्तर्राष्ट्रिय संघसंस्था र गैर-सरकारी संस्थाहरुसंग सम्पर्क स्थापित गर्ने,

(३) जानकारीको आदानप्रदान गरी तथा स्थानीय तनावलाई निष्कृय वनाई युद्धविरामको संचालनको लागि अनुकुल कार्यवातावरण निर्माण गर्न पक्षहरुलाई सहयोग गर्ने,

(४) स्थानीय तहमा द्वन्द्व व्यवस्थापनको थालनी गर्नको लागि सक्रियतामूखी अवधारणा अवलम्बन गर्ने, र

(५) यस सम्झौता, सन्दर्भ प्रकरण ५.१, को संभावित आरोपित उल्लंघनसंग सम्बन्धित उजुरीहरुको अनुसन्धान गरी परिपालना सुनिश्चित गर्ने उपायहरु सिफारिश गर्ने ।

तोकिएको हतियार भण्डारण निरीक्षण गर्नकालागि संयुक्त अनुगमन टोलीहरुलाई प्रयोग गरिने छैन ।

## ७ विविध

दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिनेछ । संशोधन गर्न चाहेमा सोको पूर्व लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुबै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट यस सम्झौतालाई संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यताप्राप्त अन्तर्राष्ट्रिय मानव अधिकार र मानवतावादी कानूनका न्यूनतम मापदण्डहरुभन्दा न्यून हुने छैन ।

दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार पूरक समझदारीहरुमा हस्ताक्षर गर्न मन्जुर गर्दछन् ।

दुवै पक्षले यस सम्झौताको नेपाली र अंग्रेजी भाषाका प्रतिहरुमा हस्ताक्षर गर्नेछन् । संयुक्त राष्ट्र संघको रोहवरमा यस सम्झौताको अंग्रेजी भाषाको प्रतिमा हस्ताक्षर गरिनेछ, र सोही अनुसार, मतभिन्नता उत्पन्न भएका बिषयहरुमा यस सम्झौताको अंग्रेजी भाषाको प्रतिलाई आधिकारिक मानिनेछ ।
सवै पक्षहरुबाट गरिने यस सम्झौताको व्याख्या र कार्यान्वयन विस्तृत शान्ति सम्झौताको मर्मवाट निर्देशित हुनेछ ।

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र यसले १२ मंसिर २०६३ (२८ नोभेम्बर २००६) का दिन सम्पन्न यसै नामको सम्झौतालाई विस्थापित गर्नेछ ।

काठमाण्डौ, नेपालमा २२ मंसिर २०६३ (८ डिसेम्बर २००६) का दिन सम्पन्न भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| कृष्ण वहादुर महरा | कृष्ण प्रसाद सिटौला |
| संयोजक | संयोजक |
| वर्ता टोली | वर्ता टोली |
| नेकपा (माओवादी) | नेपाल सरकार |

नेपाल सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गतको नेपाल कानून किताब व्यवस्था समितिबाट अनुवाद भई प्राप्त भएको व्यहोरा शान्ति सचिवालयको तर्फबाट प्रमाणित गरिएको ।

............................
(रमेश कुमार शर्मा)
नि.सचिव

# वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरुको प्रतिबद्धता

संविधानसभाको निर्वाचन २०६४ साल जेठ महिनामा सम्पन्न गर्ने आठ राजनीतिक दलहरुको समझदारी, विस्तृत शान्ति सम्झौता, नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्र संघका बीच भएको त्रिपक्षीय सम्झौता तथा नेपालको अन्तरिम संविधान, २०६३ का सबै प्रावधानहरुको प्रभावकारी कार्यान्वयनमा पुनः जोड दिंदै वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरुको तर्फबाट निम्नलिखित प्रतिबद्धता गरिएको छ :

१. द्वन्द्वको सन्दर्भमा हालसम्म माओवादी पक्षको नियन्त्रणमा रहेका नीजि वा सार्वजनिक वा सरकारी घर, जग्गा, कार्यालय, कल-कारखाना, सवारीसाधन आदि समेतका सम्पत्ति सम्बन्धित व्यक्ति र निकायलाई फिर्ता गरिएको छ । यसरी फिर्ता भएको घर, जग्गा, कल-कारखाना, कार्यालय समेतका सम्पत्ति त्यसको स्वामित्व राख्ने व्यक्ति तथा संस्थालाई उपभोग र उपयोग गर्ने काममा कतैबाट बाधा अवरोध भएमा कानून बमोजिम प्रशासनले कारवाई गर्नेछ । यसको कार्यान्वयन भए नभएको सम्बन्धमा यसै प्रतिबद्धता बमोजिम गठन भएको अनुगमन समितिले पन्ध्र दिनभित्र सर्वदलीय बैठकमा प्रतिवेदन पेश गर्नेछ ।

२. उद्योग, कल-कारखाना र शिक्षण संस्थाहरुका भवन र परिसरमा रहेका सेनाहरुलाई त्यहाँबाट हटाइने छ ।

३. हालसम्म बन्दी अवस्थामा कारागारमा रहेका माओवादीहरुलाई २० दिनभित्र रिहा गरिनेछ । विभिन्न मुद्दा लागेका वा त्यस्ता मुद्दामा फैसला भई सजाय पाएका माओवादीहरुलाई राज्यको तर्फबाट अविलम्ब मुद्दा फिर्ता लिइनेछ । वेपत्ता भएकाहरुको खोजी कार्य अन्तरिम सरकारबाट तुरुन्त आरम्भ गरिनेछ ।

४. माओवादी नियन्त्रणमा रहेकाहरु सबैलाई मुक्त गरिएको छ तथा मुद्दा र अभियोग लगाइएकाहरुका त्यस्ता अभियोग र मुद्दा खारेज गरिएको छ । जोरजबर्जस्ति, डर, धाक-धम्कीका कुनैपनि प्रकारका कामहरु कतैबाट पनि नहुने कुरामा पुनः जोड दिइएको छ ।

५. वन, जंगल, बगैंचा लगायतका प्राकृतिक सम्पदाको संरक्षण गर्दै, काठ, जडिबुटि, बालुवा, ढुंगा लगायतका स्रोतहरुको गैर कानूनी उपयोग रोकिनेछ । यसको विपरित कहीं कतै, कसैबाट काम कारवाई भएमा त्यसलाई प्रशासनिक र कानूनी कारवाई गरी रोकिनेछ ।

६. देशको अमनचयन तथा सामान्य जनताको उपभोग्य सामान ढुवानी र विकास प्रशासन तथा जनवजीवनलाई असर पार्दै आएका निरन्तरका हडताल, बन्द, चक्काजाम र घेराउ जस्ता कार्यहरु रोकी संविधानसभाको निर्वाचन निर्वाध रुपमा सम्पन्न गराउन मद्दत पुर्‍याइने छ ।

७. कसैको पनि इच्छा विपरित चन्दा संकलन गर्ने काम सम्पूर्ण रुपमा बन्द गरिनेछ र औद्योगिक शान्ति कायम गरिनेछ । उद्योगमा आएका विवादहरु श्रमिक र व्यवस्थापन बीच शान्तिपूर्ण संवाद र कानूनी प्रक्रियाद्वारा सुल्झाइनेछ ।

८. राजस्व संकलन तथा सार्वजनिक ठेक्का-पट्टा जस्ता कुराहरुमा कतैबाट कुनै प्रकारको हस्तक्षेप हुनदिइने छैन र भएमा सरकारले त्यसलाई प्रशासनिक एवं कानूनी रुपमा रोक्नेछ ।

९. शान्ति सम्झौतामा गरिएको सहमति तथा नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्र संघका बीच भएको सम्झौताका प्रभावकारी कार्यान्वयनमा जोड दिंदै हतियार व्यवस्थापनको कार्य यथाशीघ्र सम्पन्न गर्न संयुक्त राष्ट्र संघलाई आव्हान गरिन्छ ।

१०. कानून बमोजिम रहेका, शिविरमा दर्ता भएका तथा सहमति बमोजिम नेतृत्वको सुरक्षाकालागि माओवादीसंग रहेका हतियार बाहेकका हतियार गैर-कानूनी ठहरिनेछन् ।

११. गैर कानूनी रुपमा रहेका जो कसैका हतियार सरकारले कब्जा गरी त्यसरी हतियार राख्ने व्यक्तिहरुलाई पक्राउ गरी कारवाई गरिनेछ ।

१२. माओवादी सेनाका लडाकुहरु रहेका अस्थायी शिविरहरुलाई सुव्यवस्थित गरिनेछ ।

१३. विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानका प्रावधानहरुलाई सबै पक्षबाट पूर्ण परिपालन गर्ने कुरामा पुनः जोड दिइएको छ ।

१४. शान्ति सम्झौता तथा उक्त प्रतिबद्धताहरुको कार्यान्वयन पक्षको अनुगमनका लागि सबै जिल्लामा स्थानीय तहमा क्रियाशील राजनीतिक दलका जिल्ला प्रतिनिधिहरु रहेको अनुगमन समिति गठन गरिनेछ । आवश्यकता बमोजिम उक्त अनुगमन समितिले अन्य दल र व्यक्ति समेतलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ । अनुगमन समितिको संयोजनका सम्बन्धमा अन्तरिम सरकारको तर्फबाट तुरुन्त व्यवस्था मिलाइनेछ ।

१५. संविधान सभाको निर्वाचनमा अवरोध पुर्‍याउने प्रतिगामी षडयन्त्रलाई परास्त गर्न पूर्ण प्रतिबद्ध रहँदै यस दिशामा सरकारलाई पूर्ण रुपले क्रियाशील रहन आग्रह गरिन्छ ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

# अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम

नेपाली जनताले हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनको दिशा निर्देशनलाई आत्मसात् गर्दै,

विगतमा आठ राजनीतिक दलका बीचमा भएका विभिन्न सहमति, नेपाल सरकार र नेकपा (माओवादी) का बीच सम्पन्न विस्तृत शान्ति सम्झोता तथा सहमतिलाई हृदयंगम गर्दै,

नेपालको अन्तरिम संविधान, २०६३ मा गरिएको व्यवस्था तथा आगामी जेठ महिनामा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने दायित्व प्रति दृढ रहँदै,

राष्ट्रिय स्वतन्त्रता, क्षेत्रीय अखण्डता, स्वाधिनता, स्वाभिमान र हितको संरक्षणमा प्रतिबद्ध रहँदै, र

समावेशी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, संघात्मक संरचना, मानव अधिकार, सामाजिक न्याय, अग्रगमन, दिगो शान्ति जस्ता लोकतान्त्रिक मूल्य र मान्यताहरुप्रतिको प्रतिबद्धतामा पुनः जोड दिँदै,

घोषित गन्तव्य र लक्ष्यमा पुग्न आठ राजनीतिक दलहरुको सहकार्य र एकतालाई अक्षुण तुल्याउँदै अन्तरिम सरकारलाई जनताका चाहना, माग र भावना एवं राष्ट्रिय आवश्यकता अनुरुप सहमतिका साथ प्रभावकारी रुपमा संचालन गर्न यो साझा सहमतिको न्युनतम कार्यक्रममा सहमत भई अगाडि बढ्न तत्पर भएका छौं ।

## (क) राष्ट्रिय हित, लोकतन्त्र र अग्रगमन

१. संविधानसभाको निर्वाचन २०६४ साल जेठ महिनामा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी मुलुकलाई अग्रगमनको मार्गमा अग्रसर गराउनु सरकारको मुख्य दायित्व हुनेछ । निर्वाचनमा भरपर्दो र प्रभावकारी सुरक्षा व्यवस्थाको प्रबन्ध गरिनुको साथै निर्वाचन आयोगका लागि आवश्यक कानूनी र प्रशासनिक व्यवस्था तथा साधन-श्रोतको प्रबन्ध मिलाइनेछ । निर्वाचनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट पर्यवेक्षण गराइनेछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा उल्लेखित प्रतिस्पर्धात्मक लोकतान्त्रिक व्यवस्था, मानव अधिकार, नागरिक र मौलिक अधिकार, वाक र प्रकाशन स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणालाई राज्य संचालनको सबै पक्षमा व्यवहारिक रुपले स्थापित गरिनेछ ।

३. भ्रष्टाचार र ढिलासुस्तिको अन्त्य, पारदर्शिता र सुशासनको कार्यलाई अगाडि बढाइने छ । यसको लागि विद्यमान संयन्त्रलाई सवल बनाउन आवश्यक हेरफेर गरी पूर्णता दिइनेछ ।

४. राष्ट्रिय एकता, स्वतन्त्रता, अखण्डता र स्वाभिमानको रक्षाको लागि क्रियाशील रहँदै राष्ट्रिय हित र स्वाभिमानको संरक्षण गरिनेछ । यसका लागि आवश्यक सन्धि-सम्झौतालाई समयानुकूल बनाइनेछ राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र जलस्रोतको सम्बन्धमा राष्ट्रिय सहमति निर्माण गरी राष्ट्र र जनताको सर्वोत्तम हितमा उपयोग गरिनेछ ।

५. राष्ट्रिय हित, संयुक्त राष्ट्र संघको बडापत्र र पञ्चशीलका सिद्धान्तमा आधारित विदेश नीति अवलम्बन गरिनेछ । नेपालमा शरणार्थी जीवन बिताइरहेका भुटानी नागरिकहरुको स्वदेश फर्किने हकलाई सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग समेत जुटाउन एकतावद्ध प्रयत्न गरिनेछ ।

६. स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ति नेपाल सरकारको ट्रष्ट बनाई राष्ट्रिय हितमा प्रयोग गर्ने र राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्रयाप्त भएका सबै सम्पत्ति राष्ट्रियकरण गर्ने भनी आठदल बीच भएको सहमतिको कार्यान्वयन गरिनेछ ।

७. आम जनतामा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिनुका साथै संविधानसभाको निर्वाचनमा अवरोध पुऱ्याउने सबै प्रकारका प्रतिगामी षडयन्त्रहरुलाई विफल गर्न सक्रिय रुपमा कार्य गरिनेछ ।

## (ख) लोकतन्त्र, दिगो शान्ति र शान्ति-सुरक्षाको प्रत्याभूति

१. विस्तृत शान्ति सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई दृढतापूर्वक व्यवस्थित रुपमा अगाडि बढाइने छ । मुलुकमा उत्पन्न सबै द्वन्द्व र समस्याहरुलाई वार्ता र संवादको आधारमा शान्तिपूर्ण किसिमले व्यवस्थापन एवं समाधान गरिनेछ ।

२. सेना र हतियारको व्यवस्थापनका सम्बन्धमा विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्र संघका बीच भएको सम्झौताका प्रावधानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । माओवादी सेनाका लडाकुहरु रहेका अस्थायी शिविरहरुलाई सुव्यवस्थित तुल्याइनेछ ।

३. शान्ति सम्झौतामा उल्लेखित राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग र राज्यको पुनः संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगको गठन गरिनेछ । द्वन्द्वका क्रममा वेपत्ता पारिएका भनिएका नागरिकहरुको सम्बन्धमा खोजी र छानविन गरिनेछ । भएका सहमति र सम्झौताहरुको परिपालना तथा कार्यान्वयनको अनुगमनको काम राष्ट्रिय शान्ति तथा पुनः स्थापन आयोगले गर्ने व्यवस्था मिलाईने छ । स्थानीय स्तरमा आवश्यकता अनुसार दलहरुको सहमतिमा सर्वदलीय शान्ति समितिको गठन गरिनेछ ।

४. नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा गर्नुका साथै उपयुक्त संख्या, संरचना र समावेशी राष्ट्रिय चरित्र निर्माण गरी मानव अधिकारको मूल्यद्वारा प्रशिक्षित गर्न कार्ययोजना बनाइनेछ ।

५. माओवादी सेनाका लडाकुरुको शीघ्र प्रमाणिकरणका लागि पहल गरिनेछ । उनीहरुको रेखदेख, समायोजन र पुनःस्थापनका निम्ति विशेष समिति बनाइनेछ ।

६. रायमाझी आयोगको प्रतिवेदनका सम्बन्धमा सरकारले शुरु गरेको कार्वाहीलाई शीघ्र पूर्णता दिइनेछ । साथै ओझा आयोगको प्रतिवेदनलाई अविलम्ब कार्यान्वयन गरिनेछ ।

७. शान्ति, सुरक्षाको व्यवस्था सुदृढ बनाई विभिन्न अपराध र अराजकताको नियन्त्रण गरिनेछ । साथै निरन्तरका हडताल, बन्द, घेराउ, नाकाबन्दी र अन्योलको स्थिति अन्त्य गरी देशमा अमनचैन कायम गरिनेछ र दण्डहीनतालाई समाप्त गरिनेछ ।

८. हिंसात्मक द्वन्द्वबाट प्रभावित र विस्थापितहरुको पुनर्स्थापना तथा भौतिक संरचनाहरुको पुनर्निर्माणको कार्याक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

९. जिल्ला, नगर र गाउँ विकास समितिहरु तिनले संचालन गर्ने विकास-निर्माणका कामहरु निर्वाध संचालन गर्न अन्तरिम स्थानीय निकायको व्यवस्था गरिनेछ । स्थानीय निकायहरुको सशक्तिकरण, उत्तरदायित्व र पारदर्शितामा जोड दिंदै तिनलाई साधन स्रोतसम्पन्न बनाइनेछ ।

## (ग) तात्कालिक राहत

१. हिंसा र द्वन्द्वबाट पीडित, मारिएका व्यक्तिका परिवार, अंगभंग भई अपांग भएका, सम्पत्ति नष्ट भएका तथा विस्थापितहरुको उद्दार, पुनःस्थापना र सहायताको लागि विशेष कोषको व्यवस्था गरिनेछ । त्यस कोषबाट पीडितहरुको राहत, क्षतिपूर्ति र औषधोपचारको लागि रकम उपलब्ध गराइनेछ । नष्ट भएका आवास तथा भौतिक संरचनाहरुको निर्माणको विशेष कार्यक्रम अगाढि बढाइनेछ । पीडित क्षेत्रका जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउन जनसहभागितामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. जनतालाई शान्ति-सुरक्षाको प्रत्याभूति दिलाउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । प्रशासन र सुरक्षा निकाय लगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन आचार संहिता

बनाइ लागू गरिनेछ । गौर हत्याकाण्ड जस्ता जघन्य घटना पुनः दोहोरिन नदिन त्यस घटनाको छानविन गरी दोषिलाई सख्त कार्वाही गरिनेछ ।

३. जनताका दैनिक अत्यावश्यक वस्तु तथा सेवालाई सुलभ र सुपथ बनाउन आपूर्ति व्यवस्थालाई नियमित बनाइने छ र मूल्य बृद्धि नियन्त्रणमा जोड दिंदै अनुगमन गरिनेछ ।

४. युवाहरु, विशेष गरी द्वन्द्व प्रभावितहरुको लागि स्वरोजगार र रोजगारका अवसरहरुको व्यवस्था गरिनेछ । यसका लागि वित्तिय संस्थाहरुबाट सुलभ रुपमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

५. विद्यालय तथा अस्पताल र स्वास्थ्यकेन्द्रहरुलाई हिंसामुक्त शान्तिस्थलको रुपमा कायम गरिनेछ । औद्योगिक अशान्ति, आमहड्ताल र बन्दको स्थिति अन्त्य गरी औद्योगिक सुरक्षा र लगानीको वातावरण तयार गरिनेछ ।

## (घ) परिवर्तन र सुधार

१. राजनीतिक, आर्थिक, सामाजिक रुपान्तरण, सामाजिक शोषणको अन्त्य र सामाजिक न्याय कायम गर्नुका साथै देशलाई छिटो समुन्नत एवं समृद्ध बनाउन साझा विकास अवधारणालाई निर्माण गरिनेछ ।

२. कानुनी राज्यको सिद्धान्त अनुसार राज्यको संचालन गर्दै सुशासनको प्रत्याभूति दिने, प्रशासनिक सुधार मार्फत जनतामा शासनको पहुँच र सेवाको विस्तार गरिनेछ । निजामति सेवा एवं सुरक्षा निकायलाई राजनीतिबाट अलग राखी पेशागतरुपमा दक्ष र प्रतिबद्ध बनाउने, दण्डहीनताको अन्त्य गर्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं न्याय सम्पादनसंग सम्बन्धित निकायहरुलाई सुदृढ र प्रभावकारी बनाइनेछ ।

३. राज्यका विभिन्न अंग तथा राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा महिला सहभागिताको विस्तार गरिने छ । र आदिवासी जनजाति, मधेशी, दलित, उत्पीडित, विपन्न वर्ग, अपांग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ ।

४. गरीबी निवारणका निम्ति विकासका प्रयासहरु केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक बृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवं सामाजिक नीति र कार्यक्रम बनाइनेछ । कृषि, जलविद्युत, पर्यटन, मानव संसाधन र भौतिक पूर्वाधारको विकासलाई उच्चतम् प्राथमिकता दिइनेछ । उद्योग, बैंक तथा वित्तीय व्यवसाय यातायात, संचार लगायत अर्थतन्त्रका आधुनिक क्षेत्रका सुधार कार्यक्रमहरुलाई महत्वका साथ संचालन गरिनेछ । जनतालाई सेवा प्रदान गर्नुपर्ने संस्थानहरुको व्यवस्थापनमा सुधार गरी सस्तो, सुलभ र प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

५. गरीवीको रेखामुनि रहेका व्यक्तिहरुको पहिचान गर्ने प्रक्रिया आरम्भ गरिनेछ । बेरोजगारहरुको लगत लिई रोजगारीका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. राष्ट्रिय हितमा औद्योगिकरण र विकासका लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरिनेछ एवं विदेशी सहयोग र अनुदान प्राथमिकताका क्षेत्रमा प्रवाहित गरिनेछ ।

७. बजेट घाटालाई निश्चित सीमाभित्र राखी आर्थिक स्थिरता एवं अनुशासन कायम गरिनेछ ।

८. ठूला ऋणिहरुले नियतवश ऋण नतिर्ने कुरालाई गम्भीर रुपमा लिई कडाइका साथ ऋण असुल गरिनेछ ।

९. प्राकृतिक प्रकोप र द्वन्द्वको कारण मर्कामा परेका साना किसान र साना घरेलु उद्यमीहरुले लिएको निश्चित सीमाको ऋण रकममा अवस्था हेरी व्याज मिनाहा लगायतका राहत दिइनेछ ।

१०. वैज्ञानिक भूमि सुधार र व्यवस्थापनको लागि पूर्वाधार तयार गरिनेछ र सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ । कृषि मजदुर, मुक्त कमैया र भूमिहीन सुकुम्वासी जनताको आर्थिक र सामाजिक

उत्थानका लागि विशेष ध्यान दिइनेछ । कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिंदै दीर्घकालीन कृषि योजनाको कार्यान्वयन गरिनेछ । भू-सूचना प्रणालीको आधारमा पिछडिएका क्षेत्र र समुदायमा राज्यले बढी लगानी गर्नेछ ।

११. साक्षरता अभियान, प्राथमिक र अनौपचारिक शिक्षा, प्राथमिक र आधारभूत स्वास्थ्य, खानेपानी, सरसफाई तथा ग्रामीण पूर्वाधार निर्माणका कार्यक्रममा सरकारी बजेट तथा संलग्नता बृद्धि गरिनेछ । जनसामान्यको पहुँचमा रहने गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षामा लगानी वृद्धि गर्दै सामुदायिक स्वास्थ्य नीति अवलम्बन गरिनेछ ।

१२. पिछडिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि सामाजिक सुरक्षा लगायतका विशेष कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकासको अवधारणा अनुरुप दुर्गम-पिछडिएका क्षेत्रको विकास लागि ठोस कार्यक्रम लागू गरिनुका साथै कर्णाली क्षेत्रको विकासका लागि विशेष कार्यक्रम र संयन्त्र निर्माण गरिनेछ ।

१३. दलित विरुद्धको सामाजिक भेदभाव र छुवाछुतलाई दण्डनीय अपराधको रुपमा लिंदै कडा कारवाहीको व्यवस्था गरिनेछ ।

१४. महिला विरुद्धका सबै विभेदलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा र बेचविखन जस्ता अपराधमा कडा कारवाहिको व्यवस्था गरिनेछ । महिला विकास, समानता र अवसर सिर्जनाको लागि विशेष कार्यक्रमको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५. श्रमिकहरुको पेशागत हक र सुरक्षाको प्रत्याभूति तथा उद्योग व्यवसायको उत्पादकत्व बृद्धि गर्न श्रम कानूनमा आवश्यक सुधार गरी कार्यान्वयन पक्षलाई सवल तुल्याइनेछ ।

१६. धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेकासबै प्रकारका भेदभावहरुलाई पूर्णरुपमा समाप्त गरिनेछ । सबै जाति र जनजातिका भाषा तथा संस्कृतिको संरक्षण-संबर्द्धन एवं विकासका लागि विशेष व्यवस्था गरिनेछ ।

१७. प्रवासी नेपालीहरुको हकहीतको राज्यद्वारा संरक्षण गर्ने व्यवस्था गर्नुका साथै उनीहरुको शीप र पूँजी स्वदेशमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

१८. चालु विकास-निर्माण परियोजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार समीक्षा र परिमार्जनका साथ कार्यान्वयन गरिनेछ ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

# अन्तरिम सरकार संचालनको सामान्य विधि र मान्यता

आठ दलहरुका बीच विभिन्न चरणमा भएका सहमति र सम्झौतामा सहकार्यको आधारमा अगाडि बढ्ने प्रतिबद्धता गरिएको छ । सोही अनुरुप अन्तरिम सरकारको संचालन सहमतिको आधारमा हुने कुरा नेपालको अन्तरिम संविधान, २०६३ मा समेत उल्लेख छ । यही सहमति अनुरुप अन्तरिम सरकारको संचालन निम्नलिखित विधि र मान्यताको आधारमा गरिनेछ :

१. अन्तरिम सरकारको संचालन संयुक्त सरकार तथा लोकतान्त्रिक मान्यताको आधारमा हुनेछ । विभिन्न राजनीतिक नियुक्तिहरु सहमतिका आधारमा हुनेछन् । अन्तरिम सरकार सहमति र सहकार्यको मान्यता तथा साझा सहमतिको कार्यक्रमको आधारमा संचालन गरिनेछ । निर्धारित आचार संहितालाई मन्त्रिपरिषद्का सबै सदस्यहरुले कडाईका साथ पालन गर्नेछन् ।

२. सरकार अन्तरिम व्यवस्थापिका तथा नेपाली जनताप्रति पूर्ण रुपमा उत्तरदायी भई काम गर्नेछ ।

३. राष्ट्रिय महत्वका विषयमा मन्त्रिपरिषद्को निर्णय तथा अन्तरिम व्यवस्थापिकाको छलफलको प्रक्रिया अनिवार्य रुपमा अवलम्बन गरिनेछ ।

४. आठ दलको संयुक्त समन्वय समितिमा कायम भएको सहमतिलाई कार्यान्वयन गरिनेछ ।

५. मन्त्रीहरु आ-आफ्ना मन्त्रालयका कामका लागि व्यक्तिगत रुपमा र सामूहिक रुपमा व्यवस्थापिका-संसदप्रति उत्तरदायी हुनेछन् । मन्त्रिपरिषद्को निर्णयका लागि सामूहिक जिम्मेवारीको सिद्धान्त लागू हुनेछ । मानव अधिकार र जनताका मौलिक अधिकारहरुको रक्षार्थ सदासर्वदा सचेत र सक्रिय रहनेछन् ।

६. भ्रष्टाचार, अनियमितता जस्ता गलत काम भएमा सम्बन्धित मन्त्री तत्काल पदमुक्त हुनेछ । त्यस्तो व्यक्तिलाई जोगाउन पक्षपोषण गर्ने काम कसैले पनि गर्ने छैन ।

७. मन्त्रालयको कामका बारेमा जनताले गरेका सार्वजनिक गुनासाका बारेमा सम्बन्धित मन्त्रालयले विषय हेरी अविलम्ब सार्वजनिक रुपमै स्पष्ट गर्नेछ ।

८. कुनैपनि मन्त्रीले मन्त्रालय र अन्तर्गतको साधन, स्रोत र शक्तिलाई अख्तियारको दायराभन्दा बाहिर गएर प्रयोग गर्न पाउने छैन र मातहतका निकायहरुमा पक्षपात पूर्ण रुपमा कार्यकर्ता भर्ति गर्ने र शक्तिको दुरुपयोग गर्नेछैन । पक्षपात, नातावाद, कृपावाद र चाकडिको प्रवृत्तिलाई कडाइका साथ निरुत्साहित गरिनेछ ।

९. मन्त्रीहरुले पदभार ग्रहण गरेको तथा पदमुक्त भएको एक हप्तामा आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नेछन् ।

१०. मन्त्रीपरिषद्का सदस्यहरुका बीच कम्तिमा हप्ताको एकपटक राष्ट्रिय सवाल लगायतका महत्वपूर्ण विषयमा अनौपचारिक छलफल र कामको समीक्षा हुनेछ ।

११. मन्त्रीपरिषद्का सदस्यहरुले सार्वजनिक समारोह, भ्रमण, भेटघाटमा सामेल हुँदा ती कार्यक्रमको स्वरुप हेरी विदेशीहरुसंग सम्बद्ध भए परराष्ट्र मन्त्रालय र स्वदेशीहरुसंग भए गृह वा सम्बन्धित मन्त्रालयसंग समन्वय गर्नेछन् ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

# संयुक्त समन्वय समिति

अन्तरिम सरकारलाई सुचारु रुपले अगाडि बढाउने काममा सहयोग पुऱ्याउन नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी, संयुक्त वाममोर्चा, नेपाल निम्नलिखित स्वरुप, उद्देश्य र कार्यक्षेत्र भएको उच्चस्तरीय संयुक्त समन्वय समिति (United Coordination Committee) गठन गर्न सहमत भएका छौं ।

## गठन र स्वरुप

१. आठ राजनीतिक दलका शिर्ष नेताहरुको बैठकबाट संयुक्त समन्वय समितिको गठन भएको छ । यसलाई संक्षेपमा नेपालीमा समन्वय समिति र अंग्रेजीमा UCC भनिने छ ।
२. समन्वय समितिमा आठ पार्टीको सहकार्यमा संलग्न राजनीतिक दलले तोकेका प्रतिनिधिहरु रहनेछन् ।
३. समन्वय समितिको कार्य सम्पादनको लागि एक सचिवालय रहनेछ ।

## उद्देश्य

१. साझा सहमतिको न्यूनतम कार्यक्रम समन्वयात्मक रुपमा कार्यान्वयन गर्न अन्तरिम सरकारलाई टेवा पुऱ्याउने ।
२. आठ राजनीतिक दलका बीचको समझदारी र विश्वासलाई दिगो बनाउँदै सरकार संचालनको मार्गमा उत्पन्न हुने कुनैपनि समस्या वा अवरोधलाई हटाउन भूमिका खेल्ने तथा अन्तरिम सरकारलाई सफल तुल्याउन योगदान दिने ।
३. आठ दलका बीच भएका सहमतिको कार्यान्वयन तथा राष्ट्रिय समस्याहरुको समाधानको लागि मुलुकका राजनीतिक दलहरु बीचको सहकार्यको संस्कृतिलाई अगाडि बढाउने ।
४. साझा सहमतिको न्यूनतम कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्ने र सो सम्बन्धमा आवश्कता अनुसार सरकारलाई सुझाव दिने ।
५. सरकारलाई भ्रष्टाचारमुक्त मार्गमा दृढतापूर्वक अग्रसर भइरहन सहयोग पुऱ्याउने ।
६. सरकारलाई सबै निकायहरुले साझा सहमतिको न्यूनतम कार्यक्रमको आधारमा निष्पक्ष र दक्षतापूर्वक कार्य गर्न सक्ने वातावरणको सिर्जना गर्न सहयोग पुऱ्याउने ।
७. सरकारलाई सहयोग पुऱ्याउन तथा सरकार प्रतिको समर्थनको दायरालाई फराकिलो तुल्याउन आवश्यक राजनीतिक र जनपरिचालनका कार्यक्रमहरुको संचालन गर्दै सरकारको पक्षमा जनमतको सिर्जना गर्ने । यसको लागि सभा, प्रदर्शन, सेमिनार र गोष्ठी आदि जस्ता कार्यक्रमहरुको आयोजना गर्ने ।

## संचालन प्रक्रिया र कार्यक्षेत्र

१. समन्वय समितिको अध्यक्षता आठ पार्टीको सहमति बमोजिम तोकिएको व्यक्तिले गर्नेछ ।
२. समन्वय समितिको बैठक अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रस्तावित तथा सबैको सहमतिमा पारित कार्यसूचिको आधारमा हुनेछ । कुनै पार्टीको तर्फबाट कुनै विषयमा छलफल गर्नुपर्ने आवश्यकता महसुस भएमा बैठक हुनुभन्दा कम्तिमा दुई दिन पहिले बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई लिखितरुपमा प्रस्ताव उपलब्ध गराउनु पर्नेछ ।
३. समन्वय समितिमा आवश्कता अनुसार कुनै मन्त्री वा नेतालाई आमन्त्रित गर्न सकिने छ ।

४. समन्वय समितिका सम्पूर्ण बैठक र त्यसका निर्णयहरुको व्यवस्थित रुपमा अभिलेख राखिनेछ । सार्वजनिक नगर्ने भनिएको विषयहरुका सम्बन्धमा कसैले पनि गोप्यता भंग गर्ने छैन ।

५. समन्वय समितिको संचालन यथासक्य सहमतिपूर्ण किसिमले हुनेछ । कुनै विवाद उत्पन्न भएमा त्यसलाई पारस्परिक छलफल र समझदारीबाट समाधान गरिनेछ । तर समन्वय समितिमा कुनै विषयमा निर्णय हुननसकेका कारणले मात्र सरकारको काम-कारवाही अवरुद्ध हुने छैन ।

६. समन्वय समितिको तर्फबाट सर्वदलीय सरकारलाई दिइने सुझाव संविधान, कानून र सरकार संचालनको मर्यादा अनुरुप हुनेछन् र सरकारको निर्णय प्रक्रियामा हस्तक्षेप हुने किसिमको हुने छैनन् ।

७. अन्तरिम सरकारको सुचारु संचालनमा नकारात्मक प्रभाव नपर्ने गरी सहभागी राजनीतिक दलहरुले आ-आफ्ना राजनीतिक सिद्धान्त, नीति, कार्यक्रम र मान्यताहरुको सार्वजनिक रुपमा पक्षपोषण र कार्यान्वयन गर्नसक्ने छन् ।

८. समन्वय समितिको संचालन मूलतः साझा सहमतिको न्युनतम कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने दिशामा परिलक्षित हुनेछ र यसको लागि सबै सहभागीहरुले सक्रिय भूमिका निर्वाह गर्दै जिम्मेवारी पूरा गर्नेछन् ।

९. मन्त्रालयको काम तथा आचार संहिता उल्लंघन लगायतका विषयमा आठ दलले छलफल गर्न चाहेमा समन्वय समितिमा प्रस्ताव पेश गर्नसक्नेछन् । सो सम्बन्धमा समन्वय समितिको निर्णय बमोजिम हुनेछ । यस्तो निर्णयका सम्बन्धमा सार्वजनिक रुपमा नकारात्मक टिप्पणी गरिने छैन ।

१०. समन्वय समितिले आवश्यक ठानेमा जिल्ला स्तरमा पनि संयुक्त समन्वय समितिको गठन र संचालनबारे निर्णय गरी त्यसको कार्यक्षेत्र तोक्नसक्नेछ ।

११. माथि उल्लेखित उद्देश्यको प्राप्तिको लागि अन्य आवश्यक कार्य गर्न र कार्यविधि तोक्नसक्ने छ ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

# अन्तरिम सरकारका मन्त्रीहरुले पालना गर्नुपर्ने आचार संहिता

नेपालको अन्तरिम संविधान, २०६३ तथा विस्तृत शान्ति सम्झौता लगायत आठ राजनीतिक दलहरुका बीच भएका विभिन्न सहमति र सम्झौता अनुरुप मुलुकलाई लोकतन्त्र, दिगो शान्ति, स्थिरता र अग्रगमनको मार्गमा डोऱ्याउँदै जनताको भावना एवं देशको आवश्यकता अनुरुप काम गर्ने अन्तरिम सरकारका मन्त्रीहरुले निम्नलिखित आचार संहिताको पूर्ण रुपमा पालना गर्नेछन् ।

१. लोकतन्त्रको सर्वोपरी आदर्श, संविधान र कानूनद्वारा निर्दिष्ट मापदण्ड एवं मान्यता अनुरुप मन्त्रिपरिषद्को सामूहिक उत्तर दायित्व र व्यक्तिगत जिम्मेवारीको सिद्धान्तलाई सदैव परिपालना गर्ने ।

२. सरकारको चरित्र अन्तरिम तथा सर्वदलीय भएको कुरालाई आत्मसात् गरी राष्ट्र र जनता प्रति पूर्ण रुपमा उत्तरदायी रहनुको साथै कुनै प्रलोभन एवं दवावमा नपरी स्वच्छ आचरण एवं उच्च नैतिकता कायम गर्दै आफ्नो जिम्मेवारी इमान्दारीका साथ पूरा गर्ने ।

३. राष्ट्र र जनताको सर्वोपरी हितलाई ध्यानमा राखी आठ दलद्वारा अनुमोदित साझा सहमतिको न्यूनतम् कार्यक्रम प्रति पूर्ण प्रतिवद्ध हुँदै त्यस्को कार्यान्वयनको लागि निष्पक्ष र सक्रियता पूर्वक कार्य गर्ने ।

४. पदमा वहाली हुँदा र पदमुक्त हुँदा आफ्नो सबै सम्पत्ति विवरण सार्वजनिक गर्ने ।

५. प्रधानमन्त्रीले मन्त्रीहरुलाई सरकार संचालन तथा साझा सहमतिको न्यूनतम कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा आवश्यक निर्देशन दिने तथा मन्त्रीहरुले उक्त कार्यका लागि प्रधानमन्त्रीलाई पूर्ण रुपमा सहयोग गर्ने ।

६. मन्त्रीहरुले आफ्नो कर्तव्यको निर्वाह निर्धारित विधि र पद्धति अनुरुप सम्पादन गर्ने ।

७. आठ दलको संयुक्त समन्वय समितिका सुझावहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने ।

८. प्रचलित कानून विपरित पद र अख्तियारको कुनैपनि किसिमले दुरुपयोग नहोस् भन्नेतर्फ सचेत रहँदै अनियमित तथा भ्रष्टाचारजन्य कार्यबाट पूर्णरुपमा मुक्त रहने । पदको उच्चतम् गरिमालाई कायम राख्दै आफ्नो पक्ष, आफन्त वा परिवारका सदस्यहरुको लागि कुनै किसिमको अनुचित र गैरकानुनी सुविधा उपलब्ध नगराउने ।

९. मानवअधिकार, प्रजातान्त्रिक मूल्य र मान्यता, सामाजिक मर्यादा तथा पदीय प्रतिष्ठा अनुकूल काम गर्दै सोही अनुरुप आचरण गर्ने ।

१०. पदीय गोपनीयता कायम गर्दै शिष्टाचार र अनुशासनको पूर्णरुपमा पालना गर्ने । मुलुक र जनताको हित विपरितका कुनै पनि क्रियाकलापबाट अलग रहने तथा पदीय मर्यादा, प्रतिष्ठा र जिम्मेवारीमा आँच पुग्नजाने गरी कसैसंग सम्बन्ध नराख्ने ।

११. पदीय जिम्मेवारी निर्वाह गर्दा व्यक्तिगत स्वार्थबाट प्रभावित नभई सार्वजनिक हितको पक्षपोषण गर्ने तथा कुनै प्रकारको आय आर्जन गर्ने अन्य पदमा नरहने ।

१२. कसैबाट पनि महंगा उपहार र आर्थिक लाभ नलिने तथा स्वदेश वा विदेशमा भएका औपचारिक भ्रमण, समारोह वा अन्य बैठकहरुमा प्राप्त भएका प्रयोग भई जाने बाहेकका उपहार सरकारलाई बुझाउने ।

१३. मितव्ययिताको सिद्धान्त अपनाउने ।

१४. अनावश्यक र औचित्यहीन महंगा भ्रमण कार्यक्रममा संलग्न नहुने ।

१५. मन्त्रिपरिषद्‌भित्र मतमतान्तर भएका विषयहरुमा सार्वजनिक रुपमा विवाद नगर्ने । यस्ता समस्या वा विवादको निराकरण सर्वप्रथम सरकार संचालनका स्थापित विधि र प्रक्रिया अनुसार गर्ने । विवाद समाधानका लागि आवश्यक भएमा संयुक्त समन्वय समितिको सहयोग लिने ।

१६. सार्वजनिक संचारका माध्यमहरुलाई निष्पक्ष राखी सबैका विचार र समाचारलाई समान र समुचित किसिमले प्रसार गर्ने व्यवस्था गरिनेछ ।

१७. संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्ने काममा प्रतिकूल प्रभाव पार्ने गरी राज्यको कुनैपनि संयन्त्र, साधन र स्रोतको दुरुपयोग गरिने छैन ।

१८. संयुक्त समन्वय समितिको सुझाव ध्यानमा राख्दै पदीय हैसियतबाट गरिने कुनैपनि मनोनयन र नियुक्ति आग्रह वा पूर्वाग्रहबाट मुक्त रही सार्वजनिक हित अनुरुप निष्पक्ष रुपमा गर्ने । जाति, सम्प्रदाय, धर्म, लिङ्ग, क्षेत्र र राजनीतिक विचार धाराको आधारमा विभेद नहोस् भन्ने कुरामा ध्यान दिने ।

१९. सम्बन्धित राजनीतिक दलबाट फिर्ता बोलाइएको अवस्थामा पदबाट राजीनामा गर्ने ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्‌भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

# प्रधानमन्त्री पदका लागि सांसद गिरिजाप्रसाद कोइरालालाई सर्वसम्मतिले निर्णय गर्ने राजनीतिक सहमति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा १ बमोजिम नेपालको प्रधानमन्त्री पदका लागि नेपाली कांग्रेसका सभापति एवं अन्तरिम व्यवस्थापिका-संसदका सांसद श्री गिरिजाप्रसाद कोइरालालाई सर्वसम्मतिले निर्णय गरी यो राजनीतिक सहमति व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गरेका छौं ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका सभापति | श्री गिरिजाप्रसाद कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति | श्री शेरबहादुर देउवा |
| ५. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष | श्री भरत विमल यादव |
| ७. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ८. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सि.पी. मैनाली |

२०६३।१२।१६

# संविधान सभाको निर्वाचन २०६४ साल चैत्र भित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्र विन्दुमा राखेर सात राजनीतिक दलहरु बीच भएको २३ वुंदे सहमति

प्रधानमन्त्री निवास वालुवाटारमा आज मिति २०६४ साल पौष ८ गते आइतवार सात राजनीतिक दलका शिर्ष नेताहरुको बैठक बस्यो । दलहरुकाबीचको लामो छलफलमा विभिन्न विषयहरुमा दलहरुका आ-आफ्ना मत रहेकाभएपनि संविधानसभाको निर्वाचन २०६४ साल चैत्रभित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्र विन्दुमा राखेर सात दलका शीर्ष नेताहरुबीच सहमति भई निम्नलिखित निर्णय गरेका छौं ।

१. संविधानको धारा १५९ को उपशीर्षक र उपधारा (१), (२), (३), (३क), (३ख) को सट्टा देहाय बमोजिमकोसंशोधन मिलाउने :-

(क) नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।
(ख) गणतन्त्रको कार्यान्वयन संविधान सभाको पहिलो बैठकबाट गरिनेछ ।

तर, राजाले संविधान सभाको निर्वाचन हुन नदिन गम्भिर व्यवधान खडा गरेमा संविधान सभाको निर्वाचन अगावै पनि व्यवस्थापिका-संसदको तत्काल कायम रहेका कम्तिमा दुई तिहाई सदस्यहरुको बहुमतले प्रस्ताव पारित गरी गणतन्त्र कार्यान्वयन गर्न सक्नेछ ।

(ग) मुलुकको शासन व्यवस्था सम्बन्धि कुनै पनि अधिकार राजामा रहने छैन ।
(घ) मुलुकको शासन व्यवस्था सम्वन्धि सबै काम प्रधानमन्त्रीले गर्नेछ ।
(ङ) गणतन्त्र कार्यान्वयन नहुन्जेल सम्मको लागि राष्ट्र प्रमुखले गर्ने काम प्रधानमन्त्रीले गर्नेछ ।

२. वर्तमान अवस्थामा कायम रहेको पहिलो, हुने निर्वाचित हुने २४० निर्वाचन क्षेत्रलाई कायम राख्ने र समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचित हुने २०४ सदस्य संख्याको ठाउँमा ३३५ सदस्य संख्या कायम गर्ने र सहमतिको आधारमा मन्त्रीपरिषद्ले मनोनयन गर्ने सत्र जनाको सट्टा छब्बीस जना कायम गर्ने गरी संविधानको सम्बन्धित धाराहरुमा संशोधन गरी मिलाउने । मनोनित हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट समेत समावेश गर्ने गरी संशोधन गर्ने ।
३. व्यवस्थापिका संसदको महासचिवको नियुक्ति सम्बन्धि आवश्यक प्रावधान संविधानमा राख्ने ।
४. नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) को एकीकरणभई अब देखि नेपाली काँग्रेस भएको अनुसार संविधानमा आवश्यक संशोधन गरी मिलाउने ।
५. निधन भएका, राजिनामा दिएका, निष्काशित गरिएका व्यवस्थापिका-संसद्का सदस्यहरुको ठाउँमा नियुक्ति सम्बन्धि व्यवस्था बारे संविधानमा संशोधन गरी आवश्यक प्रावधान राख्ने ।
६. देहाय बमोजिमको आयोग एवं समितिहरु सरकारले सहमतिको आधारमा एक महिना भित्र गठन गर्नेछ :-

(क) बेपत्ता पारिएकाहरुबारे छानविन आयोग
(ख) सत्य निरुपण तथा मेलमिलाप आयोग
(ग) राज्यको पुनरसंरचना सम्बन्धी आयोग
(घ) वैज्ञानिक भूमिसुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग

(ङ) विस्तृत शान्ति संझौता तथा त्यसपछि भएका सहमतिहरुको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि उच्चस्तरीय अनुगमन समिति

(च) विस्तृत शान्ति संझौता अनुरुप उच्चस्तरीय शान्ति आयोग गठन गरिनेछ । यस संग समन्वय गरी शान्ति मन्त्रालयले काम गर्नेछ ।

७. स्थानीय निकायमा सहमतिका आधारमा संयन्त्र निर्माण गर्ने । यस सम्बन्धी निर्णय शीर्ष नेताहरु रहेको समन्वय समितिले गर्ने ।

८. सशस्त्र द्वन्द्वका क्रममा मारिएका परिवालाई विस्तृत शान्ति संझौता बमोजिम माघ महिनाभित्रमा राहत उपलब्ध गराउने । बेपत्ता पारिएकाहरुको हकमा छानविन आयोगको प्रतिवेदनको आधारमा दिइनेछ । छानबिन आयोगले काम शुरु गरेको एक महिनाभित्रमा प्रारम्भिक प्रतिवेदनदिने ।

९. सशस्त्र द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका नीजि तथा सार्वजनिक घर जग्गा जमिनहरु एक महिनाभित्रमा सम्बन्धित व्यक्तिहरु तथा निकायहरुलाई फिर्ता गरी सक्ने । यो सहमतिलाई जिल्लामा कार्यान्वयनका लागि प्र.जि.अ.को अध्यक्षतामा एउटा संयन्त्र बनाउने । विस्थापितहरुलाई आफ्नो घर जग्गामा स-सम्मान पुनःस्थापना गराउने ।

१०. बुँदा नं. ८ र ९ को बारेमा अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई अनुरोध गर्ने ।

११. माओवादी सेनाका प्रमाणित लडाकुहरुलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम किस्तावन्दीमा माघ महिनाभित्र चुक्तागर्ने तथा आगामी दिनमा मासिक रुपमा दिंदै जाने । प्रमाणिकरणबाट अयोग्य ठहरिएकाहरुलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम दिएर अविलम्ब घर फर्कन व्यवस्थागर्ने ।

१२. माओवादी सेनाका प्रमाणित लडाकुहरुको समायोजनका लागि अन्तरिम संविधानमा उल्लेख भए बमोजिम मन्त्रीपरिषद्ले बनाएको विशेष समितिद्वारा छलफल गरी कार्य अघिबढाउने ।

१३. अन्तरिम संविधानको धारा १५४ मा व्यवस्था भएको तर गठन नभएको आयोगहरुको गठन एक महिनाभित्र गर्ने ।

१४. सशस्त्र द्वन्द्वको दौरान विभिन्न मुद्दा लगाएर नेपाल भित्र जेलमा रहेका रिहाइ हुन बाँकी माओवादी नेता तथा कार्यकर्तामाथि लगाइएका मुद्दाहरुमध्ये खारेज गर्न बाँकीरहेका मुद्दाहरु खारेज गर्ने । त्यस्तै सशस्त्र द्वन्द्वको क्रममा विदेशी जेलमा रहेका नेपाली माओवादी वन्दीहरुको रिहाइकोलागि कुटनीतिक तहमा पहल गर्ने । नेपाल सरकार समक्षविभिन्न राजनीतिक दलहरुद्वारा विगतमा सिफारिश गरिएका राजनीतिक व्यक्तिहरुमाथि राजनीतिक कारणले  चलाइएका मुद्दाहरु फिर्ता गर्ने ।

१५. संविधानसभाको निर्वाचन, संघीय गणतन्त्रात्मकराज्य र बहुदलीय लोकतान्त्रिक शासन प्रणालीसहितको नयाँ संविधानको निर्माण तथा अन्तरिम सरकारको सु-सञ्चालनकालागि सहयोग र समन्वय गर्ने शीर्ष नेताहरु रहेको एक समन्वय समिति हुनेछ । यसको संयोजक पालै-पालो गरी समितिले आफै तोक्नेछ । समितिको कार्यविधिसमितिले आफैंले निर्धारण गर्नेछ ।

१६. देशमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था, जनताका दैनिक आवश्यकताका वस्तुहरुको सुलभ र सुपथ आपूर्ति, सुशासन, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र र निष्पक्ष ढङ्गले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने कार्यलाई अन्तरिम सरकारले उच्चप्राथमिकता दिनेछ ।

१७. आगामी संविधान सभाको निर्वाचन सम्पन्न नहुन्जेलसम्म निर्वाचनलाई अवरुद्ध गर्ने वा नकारात्मक प्रभाव पार्ने कुनैपनि प्रकारका कामहरु राजनीतिक दलहरु तथा त्यससँग आवद्ध संघ/संस्थाहरुबाट गरिने छैन । कुनै पनि राजनीतिक दलका कार्यकर्ताहरु तथा त्यससँग आवद्ध संघ/संस्थाहरुले बल प्रयोग गर्ने, हतियारको प्रयोग र प्रदर्शन गर्ने, ठाउँठाउँमा क्याम्प वा ढाट राखेर कर उठाउने, पर्यटक, शिक्षक, कर्मचारी, व्यवसायी, व्यापारी तथा अन्य कुनै पनि व्यक्तिहरुसँग धम्की वा दवावमा चन्दा, कर लगायतका रकमहरु संकलनगर्ने, कुटपिट, अपहरण गर्ने, सम्पत्ति कब्जा गर्ने लगायतका कामहरु तत्काल बन्द गर्ने छ ।

१८. कुनै पनि राजनीतिक दल र दलका कार्यकर्ताहरुलाई शान्तिपूर्ण तवरले आफ्नो संगठनको राजनीतिक गतिविधि गर्न र प्रचारप्रसार गर्न कसैबाट पनि डर धम्की लगायत कुनै किसिमले वाधा व्यवधान गर्ने तथा रोक्ने काम गर्ने छैन ।

१९. बृहत शान्ति संझौतामा उल्लेख भएका सबै विषयहरुलाई सम्बन्धित सबै पक्षहरुबाट पूर्ण रुपमा पालन र कार्यान्वनयन गर्न प्रतिबद्धता व्यक्त गरिन्छ ।

२०. पुनर्निर्माण, पुनर्व्यवस्थापन, पुनर्स्थापना, पुनर्वास र द्वन्द्वपीडितको राहत समेतको आर्थिक दायित्व तत्कालकार्यान्वयनको लागि अन्तर्राष्ट्रि सहयोग जुटाउन नेपाल सरकारले पहल गर्ने ।

२१. संविधान सभाको निर्वाचनमा सबै जनतालाई भाग लिन संयुक्त रुपमा अपिल गर्नका लागि देशका विभिन्न भागमा सात वटै दलहरुले सात ओटा आमसभा आयोजना गर्ने ।

२२. यस सहमति साथ नेकपा (माओवादी) तत्काल सरकारमा सामेल हुने ।

२३. संविधानसभाको निर्वाचन सम्पन्न गराउनु हामी सबैको पहिलो राष्ट्रिय एजेण्डा हो । नेपाल सरकारद्वारा मिति तोक्ने गरी २०६४ साल चैत्र भित्र निर्वाचन सम्पन्न गराउने निर्णय सातदलको बैठकबाट हामिले गरिसकेका छौं । स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सबै राजनीतिक दलहरु, समस्त नागरिक समाज एवं सबै पेशा-व्यवसायीहरु लगायत सम्पूर्ण दाजु-भाइ तथा दिदी-बहिनीलाई हार्दिक अपिल गर्दछौं ।

| | |
|---|---|
| १. नेपाली काँग्रेसका कार्यवाहक सभापति | श्री सुशील कोईराला |
| २. नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव | श्री माधवकुमार नेपाल |
| ३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष | श्री प्रचण्ड |
| ४. जनमोर्चा नेपालका अध्यक्ष | श्री अमिक शेरचन |
| ५. नेपाल मजदूर किसान पार्टीका अध्यक्ष | श्री नारायणमान विजुक्छे |
| ६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का तर्फबाट महासचिव | श्री श्यामसुन्दर गुप्ता |
| ७. संयुक्त बाममोर्चाका अध्यक्ष | श्री सिपी मैनाली |

पौष ८, २०६४
काठमाण्डौ ।

# संविधान संशोधन र शान्ति प्रक्रियालाई अगाडी बढाउन राजनीतिक दलहरुका बीच भएको सहमति

विस्तृत शान्ति सम्झौता लगायत विभिन्न समयमा भएका सम्झौता, सहमति र निर्णयहरुलाई आत्मसात् गर्दै संविधानसभाबाट तोकिएको समयमा नयाँ संविधान निर्माण गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउँदै सहकार्यका साथ अघि बढ्न निम्नलिखित सहमति गरिएको छ -

## १. संविधान संशोधन

१.१ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा संविधानसभाका अध्यक्ष र उपाध्यक्षको निर्वाचन सहमतिको आधारमा हुनेछ। सहमति हुननसकेमा संविधानसभाका सदस्यहरुको सामान्य बहुमतको आधारमा हुनेछ । प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्ने कार्य सामान्य बहुमतको आधारमा हुनेछ । यी लगायतका विषयमा संशोधान गर्न तथा नेपालको अन्तरिम संविधान, २०६३ का संविधानसभा र व्यवस्थापिका संसदको कार्यप्रणालीका सम्बन्धमा दोहोरिएका प्रावधानहरुलाई संशोधन गर्न संशोधन विधेयक संविधानसभाको बैठकमा पेश गरिनेछ।

१.२ संवैधानिक परिषदमा विपक्षी दलको नेता रहने व्यवस्था गरिनेछ।

१.३ संविधानसभामा सरकारको तर्फबाट विधेयक प्रस्तुत हुँदाका बखत राष्ट्रिय सुरक्षा परिषद्मा प्रमुख विपक्षी दलको नेता रहने वा नरहने भन्ने सम्बन्धमा सात राजनीतिक दलहरुका बीच मतभेद भएकोले संविधानसभाले निर्णय गर्नुपर्ने कुरा स्पष्ट गरिनेछ।
(राष्ट्रिय सुरक्षा परिषद्मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनमोर्चा नेपालको मत विपक्षी दलको नेता रहनु पर्छ भन्ने नेपाली काँग्रेस नेपाल कम्युनिष्ट पार्टी (माले) र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को मत रह्यो । राष्ट्रिय सुरक्ष परिषद्मा सबै राजनीतिक दलका नेताहरुको प्रतिनिधित्व हुनुपर्ने नेपाल मजदुर किसान पार्टीको मत रह्यो)।

१.४ संविधानको धारा १४६ अन्तर्गत विशेष समितिमा संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु रहने व्यवस्था गर्ने गरी संविधान संशोधन गरिनेछ।

## २. समायोजन र पुनर्स्थापना तथा हतियारको व्यवस्थापन

२.१ विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहवरमा भएको सेना र हतियारको व्यवस्थपान अनुगमन सम्बन्धभी सम्झौता अनुरुप अस्थाई शिविरहरुमा संयुक्त राष्ट्र संघद्वारा दर्ता र प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुको बढीमा ६ महिना भित्र समायोजन र पुनर्स्थापना तथा हतियारको व्यवस्थापन गरिनेछ। यसका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ मा उल्लेखित विशेष समितिमा संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु रहनेछन्। सो समिति मातहत विशेषज्ञहरु सम्मिलित प्राविधिक समिति रहन सक्ने छ। मन्त्रिपरिषद् गठन भएको १५ दिन भित्र विशेष समिति निर्माण गरी त्यसले आफ्नो काम आरम्भ गर्नेछ। समायोजन र पुनर्स्थापना नभएका प्रमाणित लडाकुहरुको लागि ६ महिना पछि राज्यले कुनै दायित्व लिने छैन।

२.२ नेपालको अन्तरीम संविधान, २०६३ को धारा १४६ मा उल्लेखित विशेष समितिले विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहवरमा भएको सेना र हतियारको व्यवस्थापन र अनुगमन सम्बन्धी सम्झौताको आधारमा निम्नलिखित विषयहरुका अतिरिक्त विशेष समितिको सहमतिबाट तोकिएका कामहरु पर्नेछन् -

२.२.१ शिविरमा दर्ता भई प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुको अवस्थाको जानकारी लिनेछ ।

२.२.२ माओवादी सेनाका प्रमाणीकरण भएका लडाकुहरुलाई आर्थिक प्याकेज समेत पुनर्स्थापनाको विविध विकल्प रोज्ने अवसर दिइनेछ ।

२.२.३ समायोजनको विकल्प रोज्ने प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुको हकमा नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहबरमा सम्पन्न सेना र हतियारको व्यवस्थापन र अनुगमन सम्वन्धी सम्झौताको बुँदा नम्बर ४।१।३ मा उल्लेखित अस्थायी शिविरहरुमा रीतपूर्वक दर्ता भएका माओवादी सेनाका लडाकुहरु मात्रै स्थापित मान्यता (Standard norms) पूरा गरी सुरक्षा निकायहरुमा गरिने सम्भावित समायोजनका लागि योग्य हुनेछन् भन्ने व्यवस्था अनुसार गरिनेछ ।

२.२.४ समायोजन र पुनर्स्थापनाको काम समाप्त नहुँदासम्म माओवादी सेनाका लडाकुहरु तथा शिविर भित्र र बाहिर रहेका हतियार विशेष समितिको रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

२.२.५ माओवादी सेनाका लडाकुहरुको समायोजन र पुनर्स्थापनाको आरम्भदेखि नै लडाकुहरुको कुनै राजनीतिक संगठनमा संलग्नता रहने छैन तथा राजनीतिक र सैनिक दोहोरो जिम्मेवारी भएका व्यक्तिहरुले दुई मध्ये कुनै एकको छनौट गर्नुपर्नेछ ।

२.३ नेपाल सरकार र नेकपा (माओवादी) का बीच संयुक्त राष्ट्र संघका प्रतिनिधिको रोहबरमा सम्पन्न सेना र हतियारको व्यवस्थापन र अनुगमन सम्बन्धी सम्झौता अनुरुप सेना तथा हतियार व्यवस्थापनको अनुगमन सम्वन्धमा संयुक्त राष्ट्र संघले हाल गरिरहेको कार्यलाई अरु ६ महिनासम्मको लागि निरन्तरता दिन आग्रह गरिनेछ ।

## ३. वाई.सी.एल. को कार्यशैली र क्रियाकलापमा परिवर्तन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को योङ्ग कम्युनिष्ट लिग (वाइ.सी.एल्.) को अर्ध-फौंजी कार्यशैली र क्रियाकलाप पूर्ण रुपमा समाप्त गरी त्यसको नियन्त्रणमा रहेका सबै सार्वजनिक, सरकारी तथा निजी भवन र जग्गा १५ दिनभित्र खाली गरी सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरिनेछ । अव उप्रान्त वाई.सी.एल्. को व्यवहार प्रचलित नियम-कानून बमोजिम हुनेछ भनी नेकपा (माओवादी) का तर्फबाट सबै राजनीतिक दलहरुलाई पूर्ण रुपमा आश्वस्त गरिएको छ । यसको कार्यान्वयन भए नभएको सुपरिवेक्षण-अनुगमनका लागि स्थानीय प्रशासनको पहलमा सात दिनभित्र राजनीतिक दल, मानव अधिकारवादी र स्थानीय प्रशासनका प्रतिनिधि सम्मिलित अनुगमन समिति गठन गरिनेछ ।

## ४. कब्जा सम्पत्ति फिर्ता

२०६३।१२।१६ मा आठ राजनीतिक दलहरुका बीच भएको सहमतिको बुँदा नं. १ मा उल्लेखित “द्वन्द्वको सन्दर्भमा हालसम्म माओवादी पक्षको नियन्त्रणमा रहेका निजी वा सरकारी घर, जग्गा, कार्यालय, कल-

कारखाना, सवारीसाधन आदि समेतका सम्पत्ति सम्बन्धीत व्यक्ति र निकायलाई फिर्ता गरिएको छ । यसरी फिर्ता भएको घर, जग्गा, कल-कारखाना, कार्यालय समेतका सम्पत्ति त्यसको स्वामित्व राख्ने व्यक्ति तथा संस्थालाई उपभोग र उपयोग गर्ने काममा कतैबाट बाधा अवरोध भएमा कानून बमोजिम प्रशासनले कारवाही गर्नेछ ।" भन्ने सहमतीलाई नेकपा (माओवादी) को तर्फबाट तत्काल घोषणा गरी १५ दिन भित्र कार्यान्वयन गरिनेछ । कार्यान्वयनको अनुगमन गर्न राजनीतिक दलका प्रतिनिधिहरु सम्मिलित केन्द्रीय स्तरमा अनुगमन समिति गठन गरिनेछ ।

## ५. आयोगहरुको गठन

विस्तृत शान्ति सम्झौता लगायतका सम्झौता र सहमतिका कार्यान्वयन हुन बाँकी प्रावधानहरुलाई कार्यान्वयन गर्दै राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, सत्य निरुपण र मेलमिलाप आयोग, राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय आयोग, वेपत्ता पारिएकाहरुको खोजी गर्नेसम्बन्धी आयोग र बैज्ञानिक भूमि सुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग लगायत नेपालको अन्तरिम संविधानको धारा १५४ ले व्यवस्था गरेका गठन हुन बाँकी आयोगहरु राजनीतिक सहमतिको आधारमा एक महिना भित्र गठन गरिनेछन् ।

## ६. द्वन्द्व पीडितहरुलाई राहत

६.१ द्वन्द्वका कारण विस्थापितहरुको ससम्मान पुनःस्थापना गरिनेछ । द्वन्द्वका क्रममा मारिएका व्यक्तिका परिवारलाई राहत दिइनेछ तथा वेपत्ताहरुको खोजी र बाँकी राजबन्दीहरुलाई रिहा गरिनेछ । द्वन्द्वका कारण क्षति भएका भनी प्रमाणीत सम्पत्तिको क्षतिपूर्ति तथा घर-जग्गा लगायतका सम्पत्ति कब्जामा परेकाहरुलाई राहत दिइनेछ । जनआन्दोलन र द्वन्द्वका क्रममा घाइते भई उचित उपचार नपाएकाहरुलाई उपचारको व्यवस्था गरिनेछ ।

६.२ निर्वाचनका सिलसिलामा मारिएका उम्मेदवार लगायतका राजनीतिक कार्यकर्ताका परिवारहरुलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै घाइतेहरुको उपचार गरिनेछ । निर्वाचनका क्रममा आगजनी र लुटपाट गरिएका सम्पत्ति बापत सम्बन्धित व्यक्तिलाई राहत दिइनेछ । निर्वाचनको समयमा घटेका अपराधजन्य घटनाहरुको छानबिन गरी दोषीहरु उपर कानूनी कार्वाई गरिनेछ ।

## ७. विविध

७.१ राजनीतिक दलका गतिविधिहरु देशको जुनसुकै भागमा पनि निर्वाध रुपमा संचालन गर्नपाउने हक पूर्ण रुपमा सुनिश्चित गरिनेछ । राज्यको समानान्तर कुनैपनि स्वरुपका संरचना संचालन गर्न पाइने छैन ।

७.२ जनताको जीउ-धनको सुरक्षा तथा समाजमा शान्ति सुव्यवस्था कायम गर्ने कुरामा प्रतिवद्ध हुँदै सोही अनुरुप राज्य संयन्त्र निष्पक्ष रुपमा परिचालित गरिनेछ । संक्रमणकालमा विभिन्न अपराधिक तत्वहरुले समाजमा फैलाउन सक्ने अपराधिक क्रियाकलापहरुलाई राज्यबाट निरुत्साहित गर्ने वातावरण सिर्जना गरिनेछ ।

७.३ सरकारी संचार माध्यमको निष्पक्षता सुनिश्चित गरिनेछ । न्यायालय, संवैधानिक निकाय, प्रशासन, सेना, प्रहरी लगायत राज्यका सबै अंगहरु निष्पक्ष रुपमा संचालन हुने कुरा सुनिश्चित गरिनेछ ।

७.४ संविधान निर्माणको काममा केन्द्रित भई अगाडी बढ्न र समयमै नयाँ संविधानको घोषणा गर्न सहमति र सहकार्यको बाटो अवलम्वन गरिनेछ ।

७.५ राजनीतिक दलका नेताहरुका लागि आवश्यक सुरक्षा व्यवस्था नेपाल सरकारले गर्नेछ । त्यस्तो व्यवस्था बाहेकको अलग सुरक्षा संयन्त्र रहने छैन ।

१. श्री पुष्पकमल दाहाल (प्रचण्ड)
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
२. श्री रामचन्द्र पौडेल
उप-सभापति, नेपाली काँग्रेस
३. श्री झलनाथ खनाल
महासचिव, नेपाल कम्युनिष्ट पार्टी (एमाले)
४. श्री चन्द्रप्रकाश मैनाली
अध्यक्ष, संयुक्त वाम मोर्चा
५. श्री अमिक शेरचन
अध्यक्ष, जनमोर्चा नेपाल
६. नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
७. श्री श्यामसुन्दर गुप्ता
महासचिव, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

२०६५।३।११।४

# संविधान सभाको म्याद थप गर्ने मिति २०६७।२।१४ मा भएको सहमति

ऐतिहासिक जनआन्दोलनको जनादेश, नेपालको अन्तरिम संविधान, २०६३, लोकतन्त्र, दिगो शान्ति तथा विस्तृत शान्ति सम्झौता अनुरुप हामीहरु निम्नलिखित प्रतिवद्धता गर्दछौं :

१. शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन यससम्बन्धमा बाँकी कामहरु अविलम्ब सम्पादन गर्ने तथा नयाँ संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न सहमति र सहकार्यका साथ अघि बढ्न हामी दृढ प्रतिज्ञ छौं ।
२. नयाँ संविधान निर्माणको प्रक्रियामा उल्लेखनीय काम भएपनि सबै कार्य पूरा नभएकोले संविधानसभाको कार्यावधि एक वर्ष थप्न हामी सहमत छौं ।
३. उपयुक्त जिम्मेवारी एवं कार्यहरु यथाशीघ्र सम्पन्न गर्ने सहमतिका आधारमा राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्न हामी तत्पर छौं । यसका लागि वर्तमान संयुक्त सरकारका प्रधानमन्त्री अविलम्ब राजिनामा गर्न तत्पर रहने कुरा स्पष्ट गर्दछौं ।

| | | |
|---|---|---|
| झलनाथ खनाल | सुशील कोइराला | पुष्प कमल दाहाल |
| अध्यक्ष | का.वा. सभापति | अध्यक्ष |
| ने.क.पा. (एमाले) | नेपाली काँग्रेस | ए.ने.क.पा.(माओवादी) |

# प्रधानमन्त्री माधव कुमार नेपाल र ए.नेकपा माओवादीका अध्यक्ष पुष्प कमल दाहाल बीच भएको सहमति

शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन विश्वासको वातावरण सिर्जना गर्दै विगतमा भएका सहमतिहरुलाई समेत आत्मसात् गरी निम्नलिखित सहमति गर्दछौं :

१. विशेष समितिमा शान्ति प्रक्रियालाई अगाडि बढाउन तयार भएका दस्तावेजहरुमा शीघ्र सहमति गरी अन्तिम रुप दिने र तिनको कार्यान्वयन गर्ने ।
२. माओवादी सेनाका लडाकुहरुलाई अविलम्ब विशेष समितिको मातहतमा ल्याई लडाकुहरुको सम्पूर्ण विवरण विशेष समितिलाई उपलब्ध गराउने ।
३. शान्ति प्रक्रियाका बाँकी कामहरु यही २०६७ असोज १ गतेबाट आरम्भ गरी मूलतः पुष मसान्तभित्र पूरा गर्ने ।
४. अनमिनको कार्यावधि पूर्व कार्यादेश अनुरुप अन्तिम पटकका लागि चार महिना थप्ने ।

| | |
|---|---|
| द........ | द.......... |
| माधव कुमार नेपाल | पुष्पकमल दाहाल (प्रचण्ड) |
| प्रधानमन्त्री | अध्यक्ष |
| नेपाल सरकार | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |

मिति : २०६७।५।२८

# माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७

माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनःस्थापनका लागि गठित विशेष समिति संयोजक एवं सदस्यहरुबाट मिति २०६७ भदौ ३१ गते स्वीकृत भएको -

सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल
संयोजक

माननीय डा. मिनेन्द्रप्रसाद रिजाल
सङ्घीय मामिला, संविधानसभा,
संसदीयव्यवस्था तथा संस्कृति मन्त्री

माननीय महेन्द्रप्रसाद यादव
उद्योग मन्त्री
सदस्य

श्री ईश्वर पोखरले
सदस्य

माननीय डा. रामशरण महत
सदस्य

माननीय वर्षमान पुन
सदस्य

माननीय जनार्दन शर्मा (प्रभाकर)
सदस्य

माननीय जयप्रकाश प्रसाद गुप्ता
सदस्य

श्री जितेन्द्रनारायण देव
सदस्य

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ बमोजिम माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनःस्थापनका लागि गठित विशेष समितिको मिति २०६७।५।३१ को निर्णयानुसार माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता देहायबमोजिम तोकिएको छ । माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७ असोज १, २०६७ देखि विशेष समिति आफैले वा आफू अन्तर्गत गठित सचिवालय वा टोलीहरु मार्फत यस निर्देशिका बमोजिम लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन तथा आचारसंहिताको पालना गराउने छ ।

## १. रेखदेख

क. अभिलेखमा उल्लिखित तथ्याङ्क अनुसारका लडाकुहरुको विवरण अद्यावधिक गर्ने ।
ख. शिविरको व्यवस्थापन पक्ष, भौतिक संरचनालगायतका विविध पक्षको अवस्था बारे जानकारी लिने तथा आवश्यकता अनुसार निरीक्षण गर्ने ।
ग. लडाकुहरुको रेखदेखसम्बन्धमा शिविरमा रहेका अनमिन प्रतिनिधिसँग समन्वय गरी कार्य-सम्पादन गर्ने ।
घ. मासिक भत्ता, भरणपोषण, औषधि उपचार, खानेपानी, बिजुली आदिको नियमितताबारे अनुगमन गर्ने ।
ङ. शिविरभित्रको जिन्सी मालसामानको अभिलेख राख्न लगाउने ।
च. अनमिनसँग समन्वय गरी अभिलेखमा उल्लेख भएअनुसार हातहतियार, गोलीगठ्ठाहरु ठीक अवस्थामा रहे नरहेको अनुगमन गर्ने ।
छ. शिविरभित्र र बाहिर व्यक्ति प्रवेशमा प्रक्रिया/नियन्त्रण कस्तो छ सोको अनुगमन गर्ने ।
ज. शान्ति सम्झौता विपरीत शिविरभित्र वा बाहिर कुनै कार्य हुन नदिने ।
झ. लडाकुहरुको समस्या, स्थिति तथा सुविधाको जानकारी लिने र व्यवस्थापन गर्ने ।
ञ. शिविरभित्र भइरहेका विभिन्न तालिम तथा प्रशिक्षणको जानकारी लिने ।
ट. देहायका कार्यहरुको अनुगमन गर्ने ।
(क) दैनिक तालिका निर्धारण गरी दैनिक कार्यसञ्चालन ।
(ख) १२ प्रतिशत बिदा छाड्दाको अभिलेख र बिदाको किसिम ।
(ग) हाजिर/गयल/बिरामी/अन्य ।

## २. नियन्त्रण

क. अनमिन (UNMIN) द्वारा प्रमाणित सबै लडाकुहरु विशेष समितिअन्तर्गतको रेखदेख र नियन्त्रणमा रहेको स्पष्टरुपमा सम्बन्धित व्यक्ति एवं संस्थाहरुलाई जानकारी गराउने ।
ख. अनुसूचीमा उल्लेख भएको ढाँचामा शिविर, लडाकुहरु तथा हातहतियारका बारेमा दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक रुपमा यथार्थ प्रतिवेदन विशेष समितिमा पठाउने ।
ग. शिविर कमाण्डरहरुको काज र सरुवा लडाकुहरुको मुख्य कमाण्डरको सिफारिसमा विशेष समितिको स्वीकृतिले मात्र गर्ने ।
घ. लडाकुहरुको समायोजन तथा पुनःस्थापन कार्य प्रारम्भ भई सम्पन्न नभएसम्म शिविर सह-कमाण्डर, सहायक शिविर कमाण्डर र तलका लडाकुहरुको काज र सरुवा अर्को आदेश नहुन्जेलसम्म नगर्ने ।

ङ. एकै पटकमा कुल संख्याको १२ प्रतिशतसम्मलाई मात्र कमाण्डरले बिदा छाड्न सक्नेछन् र सोको जानकारी विशेष समितिलाई दिनुपर्नेछ । कुनै विशेष कार्यका लागि सोभन्दा बढी लडाकुहरु शिविर बाहिर पठाउनु परेको खण्डमा विशेष समितिको पूर्वस्वीकृति लिनुपर्नेछ ।

च. विशेष समितिको नियन्त्रणमा रही कमाण्डरहरुले शिविरको दैनिक कार्यसञ्चालन गर्ने ।

छ. शिविरभित्र वा बाहिर लडाकुहरु संलग्न कुनै घटना वा दुर्घटना भएमा सम्बन्धित कमाण्डरले तत्काल विशेष समितिलाई जानकारी गराई घटनाको प्रारम्भिक जाँचबुझ गरी प्रतिवेदन पठाउने ।

ज. सम्झौतामा उल्लेख भएको र तोकिएको ठाउँमा रहेको हातहतियार, गोलीगठ्ठाहरु कुनै कारणवश अर्को ठाउँमा लैजानु परेमा विशेष समितिको स्वीकृति लिएर मात्र कार्यान्वयन गर्ने ।

## ३. निर्देशन

क. लडाकुहरुले विशेष समिति र सचिवालयले तोकेको निकाय, टोली र व्यक्तिबाट प्राप्त निर्देशनलाई पालना गर्ने ।

ख. निर्देशनको प्रक्रिया (Chain of Command) र आचारसंहिता विपरीत कुनै कार्य नगर्ने ⁄ गर्न नदिने ।

ग. रेखदेख, समायोजन र पुनःस्थापनका क्रममा विशेष समितिको कार्यमा सहयोग गर्ने ।

घ. नेपालको अन्तरिम संविधान, विस्तृत शान्ति सम्झौता, राजनैतिक दलहरुबीच सम्पन्न ७ बुँदे सहमति तथा हतियार तथा सेना व्यवस्थापन सम्बन्धी सम्झौतालगायत अन्य सहमतिहरुको पालन गर्ने ।

## ४. रेखदेख र नियन्त्रण प्रक्रिया



क. यस निर्देशिकाको कार्यान्वयनको लागि प्राविधिक समितिले सचिवालयको रुपमा कार्य गर्ने छ । यस सचिवालयमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र माओवादी सेनाका लडाकुका प्रतिनिधिहरु सदस्य हुने छन् ।

ख. शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय र स्थानीय शिविर व्यवस्थापन कार्यालयहरुले सचिवालय तथा टोलीहरुको कार्यमा सघाउ पुऱ्याउने छन् । सचिवालयको सचिवको कार्य समन्वयकर्ताको कार्यालयको प्रतिनिधिले गर्ने छन् ।

ग. मुख्य शिविर र सहायक शिविरमा सचिवालयको मातहतमा रहने गरी आवश्यकताअनुसार टोलीहरु गठन गरिने छन् । यी टोलीहरुले शिविरहरुको रेखदेख, नियन्त्रण र अनुगमनको कार्य गर्ने छन् ।

## ५. आचारसंहिता

क. शिविरमा बस्ने लडाकुहरुले निर्देशनको प्रक्रिया (Chain of Command) र अनुशासनलाई आत्मसात गरी तोकिएको जिम्मेवारी वहन गर्ने ।

ख. अन्तरिम संविधान र शान्ति सम्झौतामा प्रतिकूल असर पर्ने वा विवाद सिर्जना हुने कुनै पनि अभिव्यक्ति नदिने ।

ग. जनसमुदायमा नकारात्मक असर पर्ने कुनै प्रदर्शन वा क्रियाकलाप नगर्ने/गर्न नदिने ।

घ. रेखदेख, समायोजन, पुनःस्थापना तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालको अभिव्यक्ति सञ्चार माध्यमबाट नदिने ।

ङ. चन्दा, आर्थिक सहयोगको रुपमा नगदी, जिन्सी नउठाउने तथा कुनै पनि पेशा वा आय-आर्जनका काममा पनि नलाग्ने ।

च. शिविरभित्र वा बाहिर कुनै पनि किसिमको राजनैतिक प्रशिक्षण नगर्ने/नगराउने ।

छ. देशको विद्यमान कानुन (संविधान, ऐन, नियम) लाई अक्षरशः पालना गर्ने तथा शिविरभित्र वा बाहिर लडाकुहरु संलग्न भएको कुनै घटना, दुर्घटना भएमा तत्काल नजिकको प्रहरी कार्यालयलाई जानकारी गराउने ।

ज. शिविरको साइन बोर्डलगायत अन्य लेखौट, चार्ट निसाना आदि विशेष समितिको निर्देशनअनुरुप मात्र हुने ।

झ. मानव अधिकार संरक्षणको लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्डअनुरुप क्रियाकलाप सञ्चालन गर्ने/गराउने ।

ञ. स्थानीय बासिन्दाको सार्वजनिक सम्पत्ति वा निजहरुले उपभोग गर्ने साधनस्रोतमा कुनै किसिमको दखल पुग्ने क्रियाकलापहरु नगर्ने/गर्न नदिने ।

ट. शिविरभित्र वा शिविरवरिपरि प्राकृतिक स्रोतसाधन वा पर्यावरणमा प्रतिकूल असर वा सन्तुलन बिग्रने खालको कुनै कार्य नगर्ने, गर्न नदिने ।

ठ. शिविरभित्र आउन वा शिविरबाहिर जान तोकिएका द्वार वा स्थानहरु मात्र प्रयोगमा ल्याउने र बाहिर-भित्र गर्नेहरुको अभिलेख राख्ने ।

ड. अनमिनद्वारा प्रमाणित हातहतियार र गोलीगठ्ठाको अतिरिक्त अन्य हतियार र गोलीगठ्ठामाथि लडाकुहरुको पहुँच तथा नियन्त्रण हुन नदिने ।

**अनुसूचि - १**

## परिस्थिति प्रतिवेदन-दैनिक/साप्ताहिक/पाक्षिक/मासिक

मिति २०६७ । । देखि २०६७ । । सम्म

बाट : एम्.सी.एस्.
लाई : सचिवालय
बोधार्थ : विशेष समिति

यस शिविरको उपर्युक्त अवधिमा लडाकु, हतियार र अन्य विवरण देहायबमोजिम भएकाले जानकारी गराउँदछु -

**१. लडाकुहरु :**

(कं हुनुपर्ने .........................
(ख) बिदा .........................
(ग) बिरामी .........................
(घ) काज .........................
(ङ) अनुपस्थित .........................
(च) अन्य .........................
(छ) हाजिर .........................

**२. हतियारको विवरण :**

| क्र.सं | | शिविर सुरक्षा | | कन्टेनर | | शिविरबाहिर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | हतियार | गोली | हतियार | गोली | हतियार | गोली | |
| १. | हुनुपर्ने | | | | | | | |
| २. | भएको | | | | | | | |
| ३. | थपघट | | | | | | | |
| ४. | अन्य | | | | | | | |

**३. अन्य गतिविधिहरु :**

(क) तालिम : कति जनाले कुनकुन स्तरको तालिम प्राप्त गरे :-
कुनकुन तालिम कतिको संख्यामा :-
कहाँकहाँ सञ्चालन भैरहेका छन् :-
कहिले सकिन्छन् :-

(ख) भ्रमण : प्रत्येक शिविरको छुट्टाछुट्टै देखिने गरी :-

कसबाट कहिले :-

कति सङ्ख्यामा :-

के प्रयोजनको निमित्त भ्रमण भयो :-

(ग) नयाँ निर्माण :

नयाँ निर्माण के के भए :-

सो बारे स्रोतसाधनको व्यवस्था :-

(घ) बन्दोबस्त : रुटीनमा परेको बाहेक थप केही भए लेख्ने :-

**४. थप विषयहरु** : माथि उल्लेख नभएका तर विशेष समितिलाई जानकारी दिन उपयुक्त ठहऱ्याइएका विषयहरु ।

टोली प्रमुख................................शिविर..............................मिति.........................

# शान्ति प्रक्रियाका सम्बन्धमा प्रधानमन्त्री माधव कुमार नेपाल र एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) का बीच भएको सहमति

सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपाल तथा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) का बीच २०६७ साल पुष ३० गते सम्पन्न बैठकमा शान्ति प्रक्रिया लगायतका विविध विषयहरुमा गहन छलफल भयो । बैठकमा शान्ति प्रक्रियालाई सफल तुल्याउन निम्नलिखित निर्णय गरिएको छ :

**निर्णयहरु**

१) नेपालको अन्तरिम संविधान, २०६३, मिति २०६३।८।५ (२१ नोभेम्बर २००६) मा भएको विस्तृत शान्ति सम्झौता, २०६३।८।२२ (८ डिसेम्बर २००६) मा भएको हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता तथा तत्पश्चात् भएका विभिन्न सहमतिहरु समेतले शान्ति प्रक्रियालाई अघि बढाउन महत्वपूर्ण योगदान गरेको तथ्यलाई स्वीकार्दै ती प्रतिको प्रतिबद्धता पुनः व्यक्त गरियो । साथै शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन आवश्यक निर्णय गरी अघि बढ्ने दृढता प्रकट गरियो ।

२) संयुक्त राष्ट्र संघीय मिसन (अनमिन) को नेपालबाट बहिर्गमन पश्चात् पनि शान्ति प्रक्रिया तथा सेना र हतियारको व्यवस्थापन अनुगमनमा कुनै किसिमको समस्या वा अवरोध उत्पन्न हुननदिन अनमिनले हालसम्म गर्दै आएको एनेकपा (माओवादी) का शिविरमा रहेका सातवटा कन्टेनर, हरेक शिविरको सुरक्षाको निमित्त प्रयोग भै आएका हतियारहरु तथा एनेकपा (माओवादी) का नेताहरुको सुरक्षाका लागि बाहिर राखिएका हतियारहरु र छाउनीमा रहेका कन्टेनरको व्यवस्थापनसम्बन्धी अनुगमन, मतभेदको समाधान र विश्वासको वातावरण बनाई राख्ने सबै कार्य अब उप्रान्त विशेष समितिले गर्नेछ । सोको प्रयोजनका लागि विशेष समितिले आफुभित्र र आफ्नो सचिवालयबाट तीन-तीन जना रहने गरी एक संयन्त्र निर्माण गर्नेछ । साथै विशेष समितिबाट आवश्यक जनशक्ति सहितको एउटा संयुक्त टोली गठन गरी हतियार तथा सेनाको व्यवस्थापनसम्बन्धी अनुगमनका लागि तुरुन्तै खटाइने छ । यस सन्दर्भमा यसभन्दा अघि भएका सबै सम्झौता र सहमति सोही अनुरुप संशोधित र परिमार्जित भएको ठहरिने छ ।

३) सेना तथा हतियार व्यवस्थापनको अनुगमनका लागि अनमिनले गरेको कामका लागि धन्यबाद दिदै त्यसले प्रयोग गरिआएका सबै साधन एवं सरसामग्रीहरु शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने कार्यमा प्रयोग गर्न विशेष समितिको मातहतमा रहने गरी नेपाल सरकारलाई हस्तान्तरण गर्न आग्रह गर्ने ।

| | |
|---|---|
| माधवकुमार नेपाल<br>प्रधानमन्त्री<br>नेपाल सरकार | पुष्पकमल दाहाल (प्रचण्ड)<br>अध्यक्ष<br>एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |

मिति २०६७।९।३०।६

# माओवादी सेनाका लडाकुहरु विशेष समिति मातहत आएको घोषणा समारोह

नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको व्यवस्था बमोजिम आज मिति २०६७ साल माघ ८ गते तद्नुसार २२ जनवरी २०११ देखि माओवादी सेनाका सम्पूर्ण लडाकुहरु विधिवत रुपमा विशेष समिति मातहत आएको घोषणा गरिन्छ ।

माधवकुमार नेपाल
प्रधानमन्त्री
नेपाल सरकार

पुष्पकमल दाहाल (प्रचण्ड)
अध्यक्ष
एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

# शान्ति प्रक्रिया टुंग्याउन दलहरुबीच भएको सातबुँदे सहमति

शान्ति प्रक्रिया र संविधान निर्माणको जिम्मेवारी पूरा गर्न राष्ट्रिय सहमति अपरिहार्य छ । यस सन्दर्भमा नेपालको शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याई संविधान निर्माणलगायतका राजनीतिक प्रक्रियाहरुलाई अगाडि बढाउनुपर्ने तथ्य प्रस्ट नै छ । अतः विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान, २०६३ तथा विभिन्न समयमा राजनीतिक दलहरुका बीच भएका सहमतिअनुरुप शान्तिप्रक्रियाका बाँकी कामहरु तुरुन्त सम्पन्न गर्ने संविधान निर्माण र राष्ट्रिय सहमतिको राजनीतिलाई अघि बढाउन निम्नलिखित सहमति गरेका छौं :

## १. माओवादी सेनाका लडाकुहरुको समायोजन र पुनर्स्थापना

क) शिविरमा रहेका माओवादी सेनाका लडाकुहरुको विवरण अद्यावधिक गरिने छ ।

ख) समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरुको संख्या बढीमा ६ हजार पाँच सयसम्म हुनेछ । समायोजन नेपाली सेनाअन्तर्गत महानिर्देशनालयमा हुनेछ । त्यसमा सुरक्षा निकायबाट ६५ प्रतिशत र माओवादी सेनाका लडाकुहरुबाट ३५ प्रतिशतको संख्या रहनेछ ।

ग) समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरुले सम्बन्धित सुरक्षा निकायको मापदण्ड व्यक्तिगत आधारमा पूरा गर्नुपर्ने छ । तर, उमेर, शिक्षा र वैवाहिक स्थितिको मापदण्डमा लचकता अपनाइने छ । माओवादी सेनाका लडाकुमा भर्ना हुँदाको मितिमा तोकिएको दर्जाका लागि शिक्षामा एक तहसम्म र उमेरमा तीन वर्षसम्मको बढी उमेरमा लचकता अपनाइने छ ।

घ) समायोजनमा सामेल हुनेहरुको दर्जा निर्धारण सम्बन्धित सुरक्षा निकायको मापदण्डअनुसार हुनेछ । सुरक्षा अंगमा अधिकृत र अन्य दर्जामा समायोजन गर्दा सुरक्षा निकायको प्रचलित व्यवस्था र हालका अधिकृत र अन्य दर्जाका व्यक्तिहरुको वृत्ति विकासमा नकारात्मक असर नपर्ने गरी दर्जा निर्धारण गरिनेछ । लडाकुहरुको समयावधि गणना अनमिनले प्रमाणीकरण गर्दा उल्लेख गरेको प्रवेश मितिको आधारमा गरिने छ ।

ङ) सुरक्षा निकायको ब्रिजिङ कोर्सर तालिम पूरा गरेपछि लडाकुहरुले सुरक्षा निकायको तोकिएको तहको जिम्मेवारी पाउनेछन् । ब्रिजिङ कोर्स र तालिम सम्बन्धित सुरक्षा निकायले दिनेछ ।

च) समायोजनको प्रक्रिया सुरु भएपछि शिविरमा रहेका सबै हतियार स्वतः नेपाल सरकारको मातहतमा आउनेछन् ।

## २. माओवादी सेनाका लडाकुहरुको पुनर्स्थापना

क) पुनर्स्थापनामा सामेल लडाकुहरुका लागि शिक्षा, तालिम एवं व्यावसायिक अवसरहरुको प्याकेजको विकल्प उपलब्ध गराइने छ । सो प्याकेजको स्वरुप एवं समयावधि हेरी ६ देखि नौ लाखसम्मको मूल्य हुनेछ ।

ख) उक्त प्याकेजको सट्टा नगद रकम लिई स्वैच्छिक अवकाशमा जानेहरुका लागि विभिन्न तहको जिम्मेवारी हेरी सबभन्दा माथिल्लो तह तथा त्यसभन्दा तल तीन तह निर्धारण गरिने छ तथा सबभन्दा माथिल्लो तहका लडाकुहरुलाई आठ लाख एवं त्यसपछिका तहमा रहेकाहरुलाई क्रमशः सात लाख, ६ लाख र पाँच लाख दिइने छ । सो रकम दुई आर्थिक वर्षमा दुई किस्तामा उपलब्ध गराइनेछ । यससम्बन्धमा दुई दिनभित्र विशेष समितिको बैठकबाट विधिवत् निर्णय गरिनेछ ।

## ३. समूह विभाजन

समायोजन र पुनर्स्थापनामा सामेल हुनेहरुको सम्बन्धमा विशेष समितिको बैठकबाट प्रक्रियागत विषयमा सात दिनभित्र निर्णय गरी समूह विभाजनको काम प्रारम्भ हुनेछ । समूह विभाजनको काम ०६८ मंसिर ७ भित्र सम्पन्न गरिनेछ ।

## ४. सहमतिबमोजिमका आयोगहरुको गठन

क) विस्तृत शान्तिसम्झौताबमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ताहरुको छानविन आयोगसम्बन्धी विधेयक मेलमिलापको भावनाअनुरुप व्यवस्थापिका-संसद्बाट सहमतिको आधारमा पारित गरिनेछ । यी आयोगहरु सहमतिको आधारमा एक महिनाभित्र गठन गरिनेछ ।

ख) विस्तृत शान्तिसम्झौता र नेपालको अन्तरिम संविधान, ०६३ को मर्म र भावनाअनुसार द्वन्द्वकालका मुद्दाहरु हेरिनेछ ।

## ५. द्वन्द्वपीडितहरुलाई राहत-सहयोग

सशस्त्र द्वन्द्वकालमा द्वन्द्वका कारण मारिएका व्यक्तिका परिवार, अपांग र अंगभंग भएका व्यक्तिहरु, बेपत्ता व्यक्तिका परिवार, विस्थापित व्यक्ति र परिवार एवं सम्पत्ति नष्ट भएका परिवारलाई न्यायोचित किसिमले विनाभेदभाव राहत-सहयोग उपलब्ध गराइनेछ । विस्तृत शान्तिसम्झौतापश्चात् यसरी दिइने राहत-सहयोग कसैलाई भेदभाव नगरी समानताका आधारमा उपलब्ध गराइनेछ ।

## ६. विगतका सहमतिहरुको कार्यान्वयन र विश्वासको वातावरण सिर्जना गर्ने

क) शस्त्र द्वन्द्वको क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को कब्जामा रहेका निजी तथा सार्वजनिक घर, जग्गा सम्बन्धित व्यक्ति र संस्थालाई फिर्ता गरी भोग चलन गराउन एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले संस्थागत निर्णय गरी ०६८ मंसिर ७ भित्र सम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराइनेछ । कब्जा भएको अवधिको जग्गाको आयस्ताबापत सम्बन्धित व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति दिइनेछ ।

ख) विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान, ०६३ र वैज्ञानिक भूमिसुधारको मर्म र भावनाअनुसार किसानहरुको अधिकार सुरक्षित गरिनेछ ।

ग) एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को योङ कम्युनिस्ट लिग (वाइसिएल) को अर्धफौजी संरचना र गतिविधिको अन्त्य गरिनेछ तथा त्यसको नियन्त्रणमा रहेका सबै निजी र सार्वजनिक एवं सरकारी भवन र जग्गा ०६८ मंसिर ७ भित्र खाली गरी सम्बन्धित संस्था र व्यक्तिलाई फिर्ता गरिनेछ ।

घ) पहिलेको सहमतिबमोजिम यातायात व्यवस्था विभागमा अभिलेख राखिएका एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को प्रयोगमा रहेका गाडीहरु ०६८ मंसिर ७ भित्र नियम-कानुनअनुसार नियमित गरिनेछ । नियमित नभएका गाडीहरु सरकारले जफत गर्नेछ । शिविरमा रहेका गाडीहरु नेपाल सरकारको मातहतमा आउनेछन् ।

ङ) कब्जा घरजग्गा फिर्ता गर्ने सहमतिको कार्यान्वयन भए-नभएको अनुगमन गर्ने तथा कार्यान्वयन नभएको भए कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय प्रशासनको हुनेछ । यसमा राजनीतिक दलहरुले सहयोग गर्नुपर्ने छ ।

## ७. संविधान निर्माण र राष्ट्रिय सहमतिको सरकार

क) शान्तिप्रक्रिया र संविधान निर्माणको कामलाई सार्थक निष्कर्षमा पुऱ्याउन राजनीतिक दलहरुका बीचको संवादलाई निरन्तरता दिइने छ । यसका लागि उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरिनेछ ।

ख) संविधान निर्माणको कार्यलाई तीब्रता दिइने छ । संविधानसभाबाट सहमतिको आधारमा अविलम्ब विज्ञहरुको टोली बनाई राज्यको पुनर्संरचनाबारे सुझाब लिइनेछ र एक महिनाभित्र नयाँ संविधानको मस्यौदा निर्माणको काम आरम्भ गरिनेछ ।

ग) शान्ति र संविधान निर्माण प्रक्रिया उपर्युक्त किसिमले अगाडि बढ्ने क्रमसंगै राष्ट्रिय सहमतिको सरकार निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

| | | | |
|---|---|---|---|
| पुष्पकमल दाहाल (प्रचण्ड) | सुशील कोइराला | झलनाथ खनाल | विजयकुमार गच्छदार |
| अध्यक्ष | सभापति | अध्यक्ष | लोकतान्त्रिक मधेसी मोर्चाको तर्फबाट |
| एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी | नेपाली कांग्रेस | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | |

मिति : २०६८।७।१५।३

# राजनीतिक दलहरुका बीच भएको सहमति

२०६८ साल कार्तिक १५ गते भएको सात बुँदे सहमतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याई संविधान निर्माणको काम छिटै सम्पन्न गर्नको लागि निम्नलिखित सहमति गरेका छौं :

१) राजनीतिक दलहरुका बीचमा २०६८ साल कार्तिक १५ गते भएको सात बुँदे सहमति बमोजिम सम्पूर्ण कार्य अविलम्ब सम्पन्न गर्दै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन पुनः प्रतिबद्धता प्रकट गर्दछौं ।

२) उक्त सात बुँदे सहमतिमा २०६८ साल मंसिर ७ गते वा एक महिना भित्र सम्पन्न गर्ने भनी उल्लेख गरिएका कार्यहरु जे-जति सम्पन्न गर्न बाँकि छन् ती सबै कार्यहरु सम्बन्धित राजनीतिक दल र नेपाल सरकारबाट २०६८ साल मंसिर मसान्तभित्र पूरा गर्नुपर्नेछ ।

३) सात बुँदे सहमति बमोजिमका कार्यहरुको सम्पादनको प्रगति समीक्षा गर्न प्रत्येक सात दिनमा बैठक गरिनेछ ।

४) संविधान सभाको संवैधानिक समितिबाट संविधान निर्माणको कार्यतालिका २०६८ साल मंसिर २० गतेभित्र सार्वजनिक हुनेछ । हालै गठित राज्य पुनःसंरचना सुझाव उच्चस्तरीय आयोगबाट आफ्नो पहिलो बैठक भएको मितिले दुई महिनाभित्र सुझाव प्रतिवेदन पेश गरिनेछ ।

५) राष्ट्रिय सहमतिको सरकार अविलम्ब गठन गरिनेछ ।

६) संविधानसभाको कार्यकाल ६ महिना थपिने छ ।

| | | | |
|---|---|---|---|
| पुष्पकमल दाहाल (प्रचण्ड)<br>अध्यक्ष<br>एनेकपा (माओवादी) | सुशील कोइराला<br>सभापति<br>नेपाली कांग्रेस | झलनाथ खनाल<br>अध्यक्ष<br>नेकपा (एमाले) | विजय कुमार गच्छदार<br><br>संयुक्त मधेशी लोकतान्त्रिक मोर्चाको तर्फबाट |

मिति : २०६८।८।१३

# शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना पछि सरकारी वार्ता टोली र विभिन्न पक्षहरुसँग विभिन्न मितिमा वार्ता भई सम्पन्न भएका सम्झौता तथा सहमतिहरुको संकलन

## (३१.१) नेपाल सरकार र निजामती कर्मचारी सम्बद्ध संस्थाहरू बीच भएको सहमति

२०६४ जेष्ठ १७ र आषाढ ८ मा भएका वार्ताहरूको आधारमा २०६४ आषाढ १० गते भएको सहमति

नेपाल सरकारको वार्तटोली र निजामती कर्मचारी सम्बद्ध संस्थाहरूका प्रतिनिधिबीच निजामति कर्मचारीहरूका माग सम्बन्धमा देहाय बमोजिम सहमति गरिएको छ ।

१. निजामति कर्मचारीको पदोन्नतिलाई सुनिश्चित गर्न सामान्य प्रशासन सचिवको संयोजकत्वमा २०६४ जेठ २३ मा गठित कार्यदलको प्रतिवेदन अनुसार संसदमा विचाराधिन विधेयकलाई परिमार्जन गरी ०६४ आषाढ मसान्तसम्म पारित गराई तत्काल कार्यान्वयन गराउन सरकारको तर्फबाट पहल गर्ने प्रतिवद्धता जाहेर गरिएको छ ।

२. उच्चस्तरीय तलब आयोग २०६१ को प्रतिवेदन र ०६४ जेष्ठ २३ मा गठित कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा राजस्व वृद्धिलाई आधार मानी ०६४/०६५ आ.ब. को शुरूदेखिनै नयाँ तलबमान कायम गरी राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि गर्ने ।

३. कम्तिमा शाखा अधिकृत सम्मका कर्मचारी आबद्ध हुने गरी विचाराधिन निजामती सेवा ऐनमा उपयुक्त कानूनी व्यवस्था गरी निजामती कर्मचारीलाई ट्रेड यूनियन अधिकार प्रदान गर्ने । ट्रेड यूनियन श्रम तथा रोजगार प्रबर्द्धन विभागमा दर्ता गर्न कानूनी व्यवस्था मिलाउने ।

४. कर्मचारीहरूको सुरक्षाको विषयलाई गंभिरतापूर्वक लिई सरकारले भरपर्दो सुरक्षा प्रबन्ध मिलाउने ।

५. उपरोक्त सहमतिको आधारमा आन्दोलनरत कर्मचारीका तर्फबाट घोषित आन्दोलनका कार्यक्रमहरू आजैबाट फिर्ता लिएको घोषणा गरिएको छ ।

| | |
|---|---|
| ................................ | ................................ |
| विष्णु प्रसाद लामिछाने | रामचन्द्र पौडेल |
| का.वा. अध्यक्ष | संयोजक |
| नेपाल निजामति कर्मचारी | सरकारी वार्ताटोली |
| संगठन | मन्त्री |
| | शान्ति तथा पुनर्निर्माण |
| | मन्त्रालय |
| ................................ | ................................ |
| रूद्र खनाल | रूक्म लामिछाने |
| का.वा. अध्यक्ष | अध्यक्ष |
| नेपाल निजामति कर्मचारी | नेपाल राष्ट्रिय कर्मचारी |
| यूनियन | संघठन |

मिति : २०६४/०३/१०

## (३१.२) सरकारी वार्ता टोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका बीच भएको सहमति

| |
|---|
| २०६४ आषाढ २६ गते भएको छलफलको आधारमा २०६४ आषाढ २७ मा सम्पन्न सहमति |

**सरकारी वार्ताटोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका संयुक्त वार्ता टोलीबीच छलफल भई देहाय बमोजिम सहमति भएको छ।**

१. सरकारी वार्ता टोलीको तर्फबाट एशोसियशन र केन्द्रले प्रस्तुत गरेका मागहरूलाई सकारात्मक रूपमा लिई एशोसियशन र केन्द्रले व्यक्त गरेको आशंका निवारण गर्न निजहरूले साविकमा खाइपाई आएको तलव सुविधामा भविष्यमा गरिने निर्णयले कुनै फरक नपार्ने कुरा आश्वस्त पारियो । साथै, भविश्यमा तहगत प्रणालीमा निजामती सेवालाई रूपान्तरण गर्दा सरोकारवालाहरूको राय समेत लिई न्यायोचित ढंगले समायोजन गरिनेछ ।

२. करार सेवा निर्देशिका २०५९ लाई समसामयिक वनाउन साविक निर्देशिका पुनरावलोकन गरी श्रेणी विहीन कर्मचारीहरूको स्थगित स्थायी दरवन्दी खुला गर्ने सम्बन्धमा र वृत्ति विकास हुने तालिम, अध्ययन लगायतका विषयमा सुधारका क्षेत्रहरू सरकार समक्ष
सुझाव प्रस्तुत गर्न देहायअनुसारको कार्यदल गठन गर्ने :-

| | |
|---|---|
| सह सचिव, सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| उपसचिव, अर्थमन्त्रालय | सदस्य |
| उपसचिव, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |

उक्त कार्यदलले आफ्नो प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित पक्षको राय परामर्श समेत लिने ।

३. निजामति कर्मचारी सेवा, सुविधा लगायत बृत्ति विकासका विषयमा भविष्यमा गठन गरिने कार्यदल वा समिति वा अन्य यस्तै प्रकारका पक्षमा गरिने सिफारिसको हकमा सम्वन्धित सरोकारवाला पक्ष वा प्रतिनिधिसँग आवश्यक परामर्श गरी गरिने छ ।

४. अन्त्यमा सरकारी तथा संस्थान सवारी चालक एशोसियसन र राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रको तर्फबाट जारी भएको विरोध र आन्दोलनका सम्पूर्ण कार्यक्रम आजैका मितिदेखि फिर्ता लिने समेतको सहमति भयो ।

| | | |
|---|---|---|
| .................. | ...................... | .................. |
| (शरणकुमार गुरूङ) | (कृष्ण भण्डारी) | (रामचन्द्र पौडेल) |
| संयोजक | अध्यक्ष | संयोजक |
| संयुक्त वार्ताटोली | राष्ट्रिय स्वतन्त्र कर्मचारी | सरकारी वार्ताटोली |
| मिलन केन्द्र | | |

२०६४/०३/२७ गते

## (३१.३) नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालबीच भएको सहमिति

२०६३ चैत्र, वैशाखमा २ पटक, जेष्ठमा ३ पटक, आषाढमा १ पटक र श्रावणमा ३ पटक गरी विभिन्न चरणमा भएका छलफल बमोजिम २०६४ श्रावण २२ गते सम्पन्न सहमति

२०६४ श्रावण २२ गते ललितपुरको गोदावरीमा सरकारी वार्ताटोली र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका प्रतिनिधिवीच सम्पन्न वार्तामा भएका सहमतिका बुंदाहरू :-

१. संविधानसभाको निर्वाचनका लागि वर्तमान संविधानमा भएको व्यवस्था अन्तरगत “पहिलो हुने निर्वाचित हुने” प्रणालीमा दलहरुले उम्मेदवारी दिंदा सवै जाति-जनजातिको समानुपातिक समावेशी हुने कुरालाई ध्यानमा राखी उम्मेदवारी तय गरिनेछ ।

२. राजनीतिक दलहरुले समानुपातिक सूची तयार गर्दा निर्वाचनमा सहभागी हुने सवै दलहरु मिलेर सूचीकृत आदिवासी जनजातिका प्रत्येक समुदायवाट प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।

३. दुवै निर्वाचन प्रणालीवाट प्रतिनिधित्व हुन नसकेका सूचिकृत आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गराउने सम्बन्धमा संवैधानिक वा कानूनी सुनिश्चितता कसरी गर्ने भन्ने विषयमा नेपाल सरकारले आठ राजनीतिक दलमा सहमति गरी निष्कर्ष निकालिने छ ।

४. नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरि राखी जाति,भाषा, भौगोलिक क्षेत्र तथा आर्थिक आधार र सांस्कृतिक विशेषता समेतका आधारमा राज्यको संघीय संरचना सम्बन्धी सुझाव अव वन्ने संविधानसभा समक्ष प्रस्तुत गर्न एक राज्य पुनसंरचना आयोग तत्कालै गठन गरिनेछ । सो आयोगमा आदिवासी जनजाति, मधेशी, दलित, महिला लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका विशिष्ट विशेषज्ञहरु रहनेछन् ।

५. आदिवासी जनजाति आयोग गठन गर्ने ।

६. नेपाली भाषालाई मात्रै सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गरिएकोमा नेपाली भाषा र स्थानीय स्तरमा वोलिने मातृभाषालाई समेत मान्यता प्रदान गरिने व्यवस्था संविधानसभावाट गरिनेछ । नागरिकहरुको भाषिक अधिकारलाई सुनिश्चित तुल्याउने दिशामा सरकारी प्रतिवद्धता कायमै गरिनेछ ।

७. संविधानसभा लगायतका सार्वजनिक महत्वका विषयहरुमा जानकारी माग्ने र तत्सम्बन्धी सूचना र जानकारी प्राप्त गर्ने नागरिकहरुको अधिकारको संरक्षण र सम्मान गर्दै यस सम्बन्धी सूचना र जानकारीहरु सर्वसाधारण जनताले आ-आफ्नो मातृभाषामा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

८. राजनीतिक दलहरुका सवै तहमा सवै वर्ग, लिङ्ग, समुदाय र जातजातिको प्रतिनिधित्व हुनुपर्नेमा नेपाल सरकारको सिद्धान्ततः सहमति रहेको छ । राज्यका सवै अंग र तहमा सवै जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रको समावेशी, सहभागिता र समानुपातिक प्रतिनिधित्वका लागि सवैको प्रतिनिधित्व रहेको एक कार्यदल तत्कालै गठन गरी अध्ययन गर्न लगाइने छ ।

९. राज्य सञ्चालनका सवै अङ्ग र तहहरुमा आदिवासी जनजातिहरु लगायतका सवै लिङ्ग, वर्ग, क्षेत्र र समुदायको समावेशी-समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कानूनी एवं नीतिगत तहमा व्यक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्न सवै क्षेत्रवाट पहल गर्दै लगिनेछ ।

१०. आदिवासी जनजाति लगायत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायहरुको सरोकारका विषयहरुमा महत्वपूर्ण निर्णय लिदा सम्बन्धित पक्ष र निकायहरुको सल्लाह र परामर्श लिने व्यवस्थालाई विकसित गर्दै लगिनेछ ।

११. अन्तराष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को अनुमोदन गर्ने प्रस्तावलाई अविलम्ब पारित गराइने व्यवस्था मिलाइनेछ ।

१२. आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी राष्ट्रसंघीय घोषणापत्रलाई अनुमोदन गर्ने सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया पुरा गरी अविलम्ब उपयुक्त कदम चालिनेछ ।

१३. आदिवासी जनजाति सम्बन्धी जिल्ला समन्वय समिति गठन गर्ने सिलसिलामा लोकतान्त्रिक एवं पारदर्शी प्रक्रियाको अवलम्बन गरिनेछ । साथै यस प्रक्रियामा आदिवासी जनजाति महासंघ र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संलग्नतालाई उच्च महत्व दिइनेछ ।

१४. अन्तरिम योजना लगायतका विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहीकरणको मर्म र भावनालाई आत्मसात गर्दै कार्यक्रमको कार्यान्वयन तथा लाभको बाँडफाँडमा महिला विविधतालाई दृष्टिगत गरी आदिवासी जनजाति, दलित र मधेशी महिलाहरुको समेत समान सहभागितामा जोड दिइनेछ ।

१५. जैविक विविधता सम्बन्धी महासन्धिको पक्ष राष्ट्रको हैसियतले आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, शीप, अभ्यास र प्रविधिको उपयोग र संरक्षणमा राज्यले विशेष ध्यान दिनेछ ।

१६. वरिष्ठ भूगोलविद् डा. हर्क गुरुङलाई राष्ट्रले विशेष सम्मान प्रदान गर्नेछ ।

१७. ताप्लेजुङको घुन्सामा भएको हेलिकोप्टर दुर्घटनामा परी दिवंगत भएका सवै नेपालीहरुलाई राहतस्वरुप प्रति परिवार रु. १० लाख क्षतिपूर्ति दिने व्यवस्था मिलाउने ।

१८. मुक्त कमैयाहरुको समस्यालाई स्थायी तवरले समाधान गर्न नेपाल सरकारले शुरु गरेको प्रक्रियालाई सम्झौता अनुसार प्रभावकारी रुपमा अगाडि वढाउने ।

१९. मधेशी, महिला, दलित लगायतका विभिन्न वर्ग र समुदायहरुबाट उठाइएका मागहरुलाई सम्बन्धित पक्षहरुसँग सम्वाद र छलफल गरी समाधान गर्ने सन्दर्भमा सरकारले गम्भीरतापूर्वक पहल गरी सहमति कायम गराउनेछ ।

२०. देश भरिका सम्पूर्ण आदिवासी जनजाति समुदायहरुलाई आगामी संविधानसभा निर्वाचन सफल पार्न एकजुट हुन नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ हार्दिक आह्वान गर्दछन् ।

..........................
(डा. ओम गुरूङ)
संयोजक
नेपाल आदिवासी जनजाति
महासंघ

..........................
(रामचन्द्र पौडेल)
संयोजक
सरकारी वार्ता टोली

..........................
(के.बी. गुरूङ)
संयोजक
आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपाल

**मिति : २०६४/०४/२२**

## (३१.४) नेपाल सरकार र मधेशी जनअधिकार  फोरम, नेपाल बीच भएको सम्झौता

| |
|---|
| २०६४ जेष्ठ १८ बाट सुरू भई विभिन्न ६ चरणमा भएको छलफल र सहमतीको आधारमा<br>२०६४/०५/१३ मा सम्पन्न सम्झौता |

**ऐतिहासिक जनआन्दोलन २०६२/०६३ कै निरन्तरताका रूपमा भएको मधेशी जनताको आन्दोलनको भावनालाई हृदयंगम गर्दै मुलुकमा लामो समयदेखि मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरूद्ध केन्द्रिकृत र एकात्मक राज्यद्वारा गरिँदै आएको विभेदका सबै रूपहरूलाई अन्त्य गर्नका निम्ति र समावेशी लोकतन्त्र तथा संधीय ढाँचामा राज्यलाई पुनःसंरचना गर्दै मधेशी लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित भएर अघि बढ्ने वातावरण बनाउनका निम्ति नेपाल सरकार मधेशी जनअधिकार फोरम, नेपालका बीच आज निम्न बमोजिम सम्झौता भएको छ।**

१. मधेश आन्दोलनको क्रममा शहिद भएकाहरुलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने ।

२. मधेश आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरुलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरुलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने ।

३. मधेश आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरु माथि लगाइएका मुद्दाहरु खारेज गर्ने ।

४. देशमा युगौंदेखि बहीष्करणमा पारिएका मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरुको राज्यका सम्पूर्ण संरचनाहरुको सबै अङ्ग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने ।

५. राज्यको पुनःसंरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो आयोगमा  समावेशीय रुपमा विशेषज्ञहरु रहने समेत व्यवस्था गर्ने ।

६. राज्यको पुनःसंरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्ततायुक्त प्रदेशहरु सहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने छ। उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ।

७. मधेशीहरुको भेष-भुषा, भाषा, सँस्कृतिलाई राष्ट्रिय मान्यता दिने ।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति, वैदेशिक सेवा र शिक्षा क्षेत्र लगायतका सेवाहरुका साथै आयोगहरुमा समुचित  समानुपातिक प्रतिनिधित्व गर्ने ।

९. मुस्लिमहरुको मुख्य चाड पर्वहरुमा सार्वजनिक बिदा दिने, मदरसा वोर्ड लगायत निजहरुको  जाति, भाषा, लिङ्ग, धर्म, सँस्कृति र रीति रिवाज सुरक्षित गर्न कानून तर्जुमा गर्ने ।

१०. जाति, भाषा, लिङ्ग, धर्म, सँस्कृति, राष्ट्रिय तथा समाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानव अधिकारको पूर्ण प्रत्याभूति गर्ने ।

११. सरकारी काम काज, शिक्षा तथा अन्तराष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख) नेपाली भाषा र (ग) अंग्रेजी भाषाको त्रि-भाषीय नीति कायम गर्ने ।

१२. दलित समस्या समाधान गर्नः

क) जातीय विभेद र छुवाछुत गर्नेलाई कडा कानूनी दण्डको व्यवस्था गर्ने ।

ख) दलितलाई निःशुल्क र कम्तिमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने ।

घ) भूमिहीन दलितलाई आवासको लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गर्ने ।

१३. नागरिकताबाट अझै वञ्चित रहेका नागरिकहरुलाई नागरिकता प्रमाण-पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुनः गाउँ गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने ।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजश्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवं न्यायोचित वितरण नीति अपनाउने ।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पत्ति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरुद्वारा कब्जा गरिएका हातहतियार समेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारुकताका साथ अगाडि बढाउने ।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगीकरण
गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औद्योगिक सुरक्षाबल गठन गर्ने ।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिवद्ध रहने । संविधानसभाको निष्पक्षताका लागि वर्तमान व्यवस्थापिका-संसद लगायतकाले राज्यको साधन, स्रोत र शक्तिको दुरुपयोग गर्न नपाउने गरी रोक्न लगाउन आवश्यक व्यवस्था गर्ने ।

१८. सरकारी संचार माध्यमहरु टी.भी., रेडियो, छापा लगायत सवै अङ्ग र तहमा मधेशी संचारविद् एवं पत्रकारहरुको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग, निकायहरु तथा प्रतिनिधिमण्डलमा मधेशीहरुको समानुपातिक समावेशी सहभागिता गराउँदै जाने ।

१९. मधेशी युवा फोरमको उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीहरुले अपहरण गरी बेपत्ता बनाइएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजीदल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने ।

२०. मधेशी, आदिवासी/जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अङ्ग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानूनको तर्जुमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदलको गठन तुरुन्त गर्ने ।

२१. अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तराष्ट्रिय मानवअधिकारको मान्यता अनुरुप जातीय, भाषिक र धार्मिक अल्पसंख्यकहरुको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने ।

२२. मधेशी जनअधिकार फोरमद्वारा संचालन गरिँदै आएको बिभिन्न आन्दोलनलाई फिर्ता लिने ।

उपर्युक्त सहमतिहरुलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरुलाई तत्काल गर्ने र तत्काल गर्न नसकिने प्रावधानहरुलाई उपयुक्त समयभित्र गरी सक्ने । कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेख-देख गर्न र समय-समयमा कार्यान्वयनको समीक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने ।

| | |
|---|---|
| ......................... | ......................... |
| **उपेन्द्र यादव** | **रामचन्द्र पौडेल** |
| **संयोजक** | **संयोजक** |
| **मधेशी जनअधिकार फोरम, नेपाल** | **सरकारी वार्ताटोली** |

**मिति : २०६४/०५/१३**

नोटः मधेशी जनअधिकार फोरम, नेपालले गणतन्त्रको स्थापना, समानुपातिक निर्वाचन प्रणाली जस्ता महत्वपूर्ण विषयहरूलाई आफ्ना मागका रूपमा यथावत् राखी संविधानसभाको निर्वाचानलाई उच्च प्राथमिकता दिई सहभागी भई यसलाई सफल बनाउन प्रयत्नशील रही रहनेछ ।

..............................

**उपेन्द्र यादव**

**संयोजक**

**मधेशी जनअधिकार फोरम, नेपाल**

**मिति : २०६४/०५/१३**

## (३१.५) नेपाल सरकार र चुरे भावर प्रदेश एकता समाज, नेपालबीच भएको सहमति

| |
|---|
| २०६४ आश्विन १५ र २७ गते भएका छलफलको आधारमा २८ गते सम्पन्न सहमति |

**२०६४/०५/२७ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा सरकारी वार्ताटोली र चुरे भावर प्रदेश एकता समाज नेपालवीच चौथो चरणको वार्ता सौहार्द्रपूर्ण वातावरणमा वार्ता भई देहाय अनुसारको सम्झौता सम्पन्न भयो :-**

१. चुरे भावर आन्दोलनको क्रममा धनुषा जिल्लाको यज्ञभूमि गाउँ विकास समितिमा भएको घटनाको क्रममा कर्तव्य ज्यान मुद्दा लागी गिरफ्तार भएका समाजका नौ जना कार्यकर्ताहरुको मुद्दा फिर्ता लिन आवश्यक कानूनी प्रक्रिया अगाडि बढाउने र सो सन्दर्भका अन्य मुद्दा र वारेन्ट समेत खारेज गर्ने ।

२. सुरक्षाका कारणले सदरमुकाममा गई सरकारी निकायवाट सेवा प्राप्त गर्ने कार्यमा भैरहेको असुविधालाई ध्यानमा राखी तत्काल जनतालाई सेवा उपलब्ध गराउन प्रवन्ध मिलाउने ।

३. चुरे भावर प्रदेश एकता समाजको आन्दोलनमा सर्लाहीको ढुंगे खोलामा प्रहरीको गोली लागी सहादत प्राप्त गर्ने मंगलबहादुर गुर्मछानका परिवारलाई रु १० लाख राहत उपलब्ध गराउने सरकारी निर्णय तत्काल कार्यान्वयन गर्ने । उक्त आन्दोलनमा घाइते हुन पुगेका र उपचार हुन बाँकी चुरे भावर प्रदेश एकता समाजका उपाध्यक्ष लगायतका व्यक्तिहरुको उपचारको समुचित प्रवन्ध मिलाउने ।

४. तराइका विभिन्न सशस्त्र समूहको हमलामा परी मृत्यु हुन गएका व्यक्तिका परिवारहरुलाई पनि अरु सरह राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने ।

५. चुरे भावर प्रदेशमा विगतमा भएका आन्दोलनको क्रममा घटेका घटनाहरुको बारेमा छानविन गर्न तराई घटनाहरुको बारेमा छानविन गर्न गठित आयोगलाई नै थप जिम्मेवारी दिइएको हुँदा यस विषयमा उक्त आयोगलाई समयमा नै कार्य सम्पादन गर्न आवश्यक सहयोग पुऱ्याउने । र प्रतिवेदनको आधारमा सो क्षेत्रमा हुन गएको धनजनको क्षति उपर उपयुक्त कारवाही गरी सम्बन्धित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने कार्य समेत गर्ने ।

६. राज्यको पुनःसंरचना गर्दा नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ हुने गरी संविधानसभाले निर्धारण गरे बमोजिम स्वायत्ततायुक्त संघीय शासन प्रणाली कायम गर्ने ।

७. चुरे भावर क्षेत्र भित्रका विकास निर्माणका काम, बनसँग सम्बन्धित काम ढुंगा, बालुवा, गिट्टी, माटो आदि ठेक्का वन्दोवस्त गर्ने विषयमा स्थानीय निकायसँग सहमति कायम गराई कार्य सम्पादन गर्ने ।

८. तराई/मधेश, पहाड, हिमाल सवै क्षेत्रका जनतालाई आपसी सद्भाव खलवलिन नदिन र आपसी समझदारी विकसित गराई राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ गराउन सवै पक्ष क्रियाशील रहने ।

९. आगामी मंसीर ६ गते हुन गइरहेको संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन चुरे भावर प्रदेश एकता समाजको तर्फवाट पूर्ण प्रतिवद्धता व्यक्त गर्दै आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिइएको छ ।

| | |
|---|---|
| ......................... | ......................... |
| **केशव प्रसाद मैनाली** | **रामचन्द्र पौडेल** |
| **अध्यक्ष** | **संयोजक** |
| **चुरे भावर प्रदेश एकता समाज, नेपाल** | **सरकारी वार्ताटोली** |

**मिति : २०६४/०५/२७**

## (३१.६) नेपाल सरकार र राष्ट्रिय वादी अधिकार संघर्ष समिति बीच भएको सहमति

| |
|---|
| २०६४ आश्विन १५ र २७ गते भएका छलफलको आधारमा २८ गते सम्पन्न सहमति |

**सरकारी वार्ताटोली र राष्ट्रिय वादी अधिकार संघर्ष समितिका बीच विभिन्न चरणमा भएका वार्ताका छलफल तथा निष्कर्ष समेतलाई ध्यानमा राखी आज मिति २०६४ साल आश्विन २८ गते दुवै पक्षहरुवीच शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा भएको बैठकमा देहाय बमोजिम सहमति भयो :**

१. २०६४ साल आश्विन १५ गते दुवै पक्षबीच भएको सहमति बमोजिम गठित सचिवस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई सैद्धान्तिक सहमति प्रदान गर्ने । वादी समुदायको आत्मसम्मानमा ठेस लाग्ने शब्दहरु भाँड, वदेनी, पातर, आदि शव्दहरुको प्रयोगमा तुरुन्त रोक लगाउने र देशभरिका वादी समुदायहरुलाई नागरिकता दिने व्यवस्था तत्काल मिलाउने ।

२. उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिम वादी समुदायका बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने समेतका विषयहरुलाई बुंदागत रुपमा कार्यान्वयन गराउन नेपाल सरकारले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतको संयोजकत्वमा गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधिहरुको साथै बादी समुदायका एकजना महिला सहित दुइजना प्रतिनिधिहरु समेत सम्मिलित एक अध्ययन कार्यदल नेपाल सरकारले तत्काल गठन गर्ने । उक्त कार्यदलले ६ महीनाभित्र सम्पूर्ण अध्ययन पूरा गरी सहमति कार्यान्वयन गराउनेछ ।

| | |
|---|---|
| ........................ | ........................ |
| **उमादेवी वादी** | **रामचन्द्र पौडेल** |
| **संयोजक** | **संयोजक** |
| **राष्ट्रिय वादी अधिकार संघर्ष समितिको वार्ताटोली** | **सरकारी वार्ताटोली** |

**मिति : २०६४/०६/२८**

## (३१.७) नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच सम्पन्न सम्झौता

२०६४ फाल्गुण १६ गते सम्पन्न भएको सम्झौता

नेपालमा मधेसी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच तत्काल लागू हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरु देहाय बमोजिम छन् ।

१. मधेस आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरुलाई शहीद घोषणा गर्ने र हालसम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरुलाई उचित राहत राज्यले उपलब्ध गराउनेछ। यसै क्रममा आन्दोलनमा घाइते भएकाहरुको उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरुलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रु. १० लाखका दरले राहत उपलब्ध गराउने तथा गिरफ्तार व्यक्तिहरुलाई तत्काल रिहा गरिनेछ ।
२. मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ। संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रुपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ। प्रदेशहरु पूर्णरुपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन्। नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरुको संरचना, केन्द्र र प्रदेशका सूचीहरुको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।
३. संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ७ को उपदफा (१४) मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।
४. सरकारले सुरक्षा अङ्ग लगायत राज्यका सबै निकायहरुमा मधेसी, आदिवासी, जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रुपले गर्नेछ ।
५. नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेसी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।
६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरुलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ताबाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ। यसको लागि नेपाल सरकारले तत्कालै अनुकूल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ। आगामी चैत २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, हिंसामुक्त, निष्पक्ष, स्वच्छ र भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेशी जनअधिकार फोरमबीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरुप बन्दी राखिएकाहरुको यथाशीघ्र रिहाई, फोरम लगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरु माथि लगाइएका मुद्दाहरु अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुँदाहरु नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आह्वानमा जारी रहेको आन्दोलनका सबै कार्यक्रमहरु तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरुको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहनेछ। सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चा समेत सम्मिलित एक उच्चस्तरीय अनुगमन समिति गठन गरिनेछ ।

***सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरू:***

| | |
|---|---|
| ...................... | ...................... |
| राजेन्द्र महतो | उपेन्द्र यादव |
| राष्ट्रिय अध्यक्ष | केन्द्रीय संयोजक |
| सद्भावना पार्टी | मधेशी जनअधिकार फोरम, नेपाल |
| ...................... | ...................... |
| महन्थ ठाकुर | गिरिजाप्रसाद कोइराला |
| अध्यक्ष | प्रधानमन्त्री |
| तराई मधेश लोकतान्त्रिक पार्टी | नेपाल सरकार |

**मिति : २०६४ फाल्गुन १६ गते**

## (३१.८) सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच भएको सहमति

| मिति २०६४।११।१८ मा सम्पन्न भएको सहमति |
|---|

देशमा हाल चलिरहेको लिम्बुवान, खुम्बुवान, तामाङसालीङ, थरुहट, दलित महिला लगायतका जनताहरुको आन्दोलनको भावनालाई हृदयङ्गम गर्दै मुलुकमा २३९ वर्षदेखि आदिवासी जनजाति, मधेशी, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदायसमेतका जनताका भावनाविपरीत सामन्तवादी केन्द्रीकृत राज्यका कारण उत्पन्न विभेदका सबै रुपहरुलाई अन्त्य गर्दै समानुपातिक, समावेशी लोकतन्त्र तथा स्वशासित स्वायत्त गणराज्यसहितको संघीय शासनप्रणाली अनुसार राज्यलाई नयाँ संरचना गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना गरी आदिवासी जनजाति, मधेशी, दलित, महिलालगायत सम्पूर्ण नेपाली जनतालाई राष्ट्रिय मूल प्रवाहमा समाहित गरी शान्त, सम्बृद्ध, आधुनिक नयाँ नेपाल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु निम्न लिखित सहमतिमा पुगेका छौं ।

१. लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट, दलित आदि जनताको आन्दोलनमा शहादत प्राप्त शहीदहरुलाई सम्मानका साथ शहीद घोषणा गरी आश्रित परिवारलाई रु १०,००,०००/- (दश लाख) का दरले राहत प्रदान गर्ने । शहीद परिवारका एक सदस्यलाई रोजगारी र निःशुल्क शिक्षाको व्यवस्था गर्ने, घाइते आन्दोलनकारीहरूलाई उपचार गर्ने र नेता तथा कार्यकर्ताहरुमाथि लगाइएका मुद्दाहरु खारेज गरी बन्दीहरुलाई तत्काल रिहाई गर्ने । आन्दोलनमा शहादत प्राप्त शहीद र घाइतेहरुको पहिचान गर्न सरकार र आन्दोलनरत दुवै पक्षको सहभागितामा तत्काल एक कार्यदल निर्माण गरी कार्य गर्ने ।

२. संविधानसभाको माध्यमले राजतन्त्रको समूल अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गर्ने र यसको कार्यान्वयनका लागि सात दल प्रतिबद्ध रहनेछन् ।

३. २३९ वर्ष देखिको केन्द्रीकृत तथा एकात्मक शासन प्रणाली वा राज्य व्यवस्थालाई अन्त्य गरी राज्यको नयाँ संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डता लाई अक्षुण राख्दै लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरुहटलगायतका आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग र जातिहरुको ऐतिहासिक पृष्ठभूमि, भाषा, भौगोलिक क्षेत्र र आर्थिक श्रोत तथा सम्भाव्यताका आधारमा वैज्ञानिक स्वशासनयुक्त स्वायत्त गणराज्य सहितको संघीय शासन प्रणालीको संविधानसभाबाट संवैधानिक व्यवस्था गरिनेछ । यसलाई सुनिश्चितता प्रदान गर्न मन्त्रिपरिषदमा प्रस्तुत गरी अनुमोदन गरी सम्बद्ध पक्षलाई जानकारी गराउने । राज्यको नयाँ संरचना गर्दा सबै वर्ग र जातिका जनताको आत्मसम्मानको रक्षा गरिने छ । स्वायत्त गणराज्यहरुको संरचना, केन्द्र र प्रदेशको सूचीहरुको पूर्ण विवरण एवं अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरे बमोजिम हुनेछ । राज्यको नयाँ संरचनाको सम्बन्धमा गठन हुन गइरहेको पुनःसंरचना आयोगमा यो सम्झौता कार्यान्वयनको लागि पठाइने छ ।

४. आदिवासी जनजाति, तराईका मूलवासी, दलित, पिछडावर्ग र अल्पसंख्यक मुसलमान र महिला आदिलाई राज्यका सम्पूर्ण अंगमा समावेशी समानुपातिक सहभागी गराउने व्यवस्था गरिनेछ ।

५. २०६४ चैत्र २८ गतेको संविधानसभाको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालद्वारा आह्वान गरिएको आम हडताल लगायतका बन्दका सबै कार्यक्रमहरु फिर्ता लिई यस मोर्चामा सहभागी सबै राजनीतिक घटकले संविधानसभाको निर्वाचन सहज वातावरणमा गराउन सहयोग गर्नेछन् ।

**संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालको तर्फबाट**

..............................
श्री डि.के. बुद्धिष्ट
अध्यक्ष म.स., संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

..............................
श्री कुमार लिङदेन 'मिराक'
अध्यक्ष, संघीय लिम्बुवान राज्य परिषद

..............................
श्री लक्ष्मण थारू
अध्यक्ष, संयुक्त थारू राष्ट्रिय मोर्चा, नेपाल

..............................
श्री विसेन्द्र पासवान
अध्यक्ष, दलित जनजाति पार्टी

..............................
श्री सिडमान तामाङ्ग
उपाध्यक्ष, तामाङसालिङ स्वायत्त राज्य परिषद

**सात दल सम्मिलित सरकारी वार्ता समितिको तर्फबाट**

..............................
श्री रामचन्द्र पौडेल
संयोजक

..............................
श्री शंकर पोखरेल
सदस्य

..............................
श्री देवप्रसाद गुरूङ
सदस्य

..............................
श्री घनश्याम शर्मा पौडेल
सदस्य

..............................
श्री सुनिल प्रजापति
सदस्य (अनुपस्थित)

..............................
श्री केशव नेपाल
सदस्य

## (३१.९) सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषद्‌बीच भएको सहमति

| मिति २०६४।१२।६ मा सम्पन्न भएको सहमति |
|---|

नेपालमा कायम रहेको सामन्ती, केन्द्रीकृत शासन सत्ता र एकात्मक राज्य संरचनाले लिम्बुवानवासी जनतालाई राज्यको मूलधारबाट पाखा लगाई शोषण, उत्पीडन गरेको र त्यसका विरुद्ध आफ्नो असन्तुष्टि जाहेर गर्दै आएको र ऐतिहासिक जनआन्दोलन २०६२/६३ को मर्म र भावनालाई सम्बोधन गर्ने गरी राज्यको पुनःसंरचना गर्ने भनिएकोमा सोही भावनालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, जातीय पहिचान सहितको अधिकार र स्वायत्तताको लागि ऐतिहासिक पृष्ठभूमिका आधारमा आत्मनिर्णयको अधिकारसहितको लिम्बुवान स्वायत्त राज्यको माग राखी आन्दोलन गर्दै आएको सन्दर्भमा राज्यलाई पुनःसंरचना गर्दा लिम्बुवान लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित गरी शान्त, सम्वृद्ध र आधुनिक नयाँ नेपाल बनाउने प्रतिबद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु निम्न लिखित सहमतिमा पुगेका छौं।

१. लिम्बुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण राख्दै संविधानसभाबाट वर्तमान नेपालको राज्य पुनःसंरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरुको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्बन गरिनेछ।

२. लिम्बुवानवासी जनताले गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गरेका स्व. राजकुमार आङदेम्बे (माङतोक) लाई शहीदको रुपमा सम्मान गर्दै निजको परिवारलाई रु. दश लाख क्षतिपूर्ति उपलब्ध गराइनेछ र सो क्रममा भएका क्षतिको क्षतिपूर्ति र घाइतेको उपचार गराउने व्यवस्था सरकारले गर्नेछ साथै आन्दोलनकारी माथि लगाइएका मुद्दा सरकारले तुरुन्त फिर्ता लिनेछ।

३. राज्य पुनःसंरचना आयोग निर्माण गर्दा संघीय लिम्बुवान राज्य परिषदको प्रतिनिधित्व गराइनेछ।

४. माथिका बुँदाहरुमा भएका सहमतिलाई मन्त्रिपरिषदबाट अनुमोदन गराई सार्वजनिक गरिनेछ।

५. आज भएको दुई पक्षबीचको सहमति पश्चात संघीय लिम्बुवान राज्य परिषदद्वारा संचालन गरिएका आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगन गरी संविधानसभाको निर्वाचन सहज वातावरणमा सम्पन्न गराउन सहयोग गरिनेछ।

| | |
|---|---|
| **संघीय लिम्बुवान राज्य परिषदका तर्फबाट** | **सात दल सम्मिलित सरकारी वार्ता समितिको तर्फबाट** |
| .............................. | .............................. |
| श्री सञ्जुहाङ पालुङवा | श्री रामचन्द्र पौडेल |
| अध्यक्ष तथा वार्तांटोली संयोजक | संयोजक |

## (३१.१०) शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू र संघीय लिम्बुवान राज्य परिषद्बीच भएको सहमति

| मिति २०६८।७।३० मा सम्पन्न भएको सहमति |
|---|

१. मिति २०६४।१२।६ मा नेपाल सरकारद्वारा गठित सरकारी वार्ता टोली र संघीय लिम्बुवान राज्य परिषद् ( संस्थापन पक्ष) बीच भएको सहमतिको बुँदा नं. १ र ३ लाई सम्बोधन गर्न स्मरणार्थ सम्बन्धित निकायहरुमा पुनः अनुरोध गरी पठाउने ।

२. आन्दोलनका क्रममा घाईते भएका ताप्लेजुङ्ग जिल्ला लिङ्तेप गा.वि.स. निवासी विद्यार्थी मान बहादुर शेर्पाको गोडामा गोली लागि घाईते भई उपचार गराउँदा लागेको खर्च रकम शान्ति तथा पुनर्निर्माण मन्त्रालय र गृह मन्त्रालयले समन्वय गरी विल भर्पाई प्राप्त गरी उपचार खर्च उपलब्ध गराउन प्रक्रिया अघि बढाउने ।

| **संघीय लिम्वुवान राज्य परिषद्का तर्फबाट** | **नेपाल सरकारका तर्फबाट** |
|---|---|
| सन्जुहाङ्ग पालुङ्वा<br>संयोजक | सत्य पहाडी<br>मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय |

## (३१.११) सरकारी वार्ता टोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघको वार्ताटोली बीच भएको सहमति

| मिति २०६५।५।२० मा भएको सहमति |
|---|

१. पुस्तौं पुस्ता देखि हलिया परिवारको नाममा रहेको ऋण खारेजीसहित नेपाल सरकारले औपचारिक रुपमा हलिया मुक्तिको घोषणा गर्ने ।

२. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुंदे मागहरु अध्ययन गरी ठोस कार्य गर्न पीडित हलिया र सम्बन्धित व्यक्तिका तर्फबाट ६ जना र सरकारी निकायवाट ३ गरी ९ सदस्यीय कार्यदल गठन गर्ने । उक्त कार्यदलले गठन भएको १५ दिन भित्र प्रतिवेदन पेश गर्ने ।

३. हलिया आन्दोलनकारी तथा हलिया परिवारलाई आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने ।

४. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुंदे मागहरु प्रति सकारात्मक रहदै सवै मागहरुको सम्बन्धमा कार्यदलले गरेको सिफारिसमा नेपाल सरकारले समस्या समाधानका लागि कारवाही अगाडि वढाउने ।

५. राष्ट्रिय हलिया मुक्ति समाज महासंघले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रम आजै देखि फिर्ता लिने ।

**राष्ट्रिय हलिया मुक्ति समाज,**
**महासंघको तर्फबाट**

..........................
(राजुराम भूल)
अध्यक्ष

..........................
हरि श्रीपाइली

..........................
चक्र वी.के.

..........................
भक्त विश्वकर्मा

**सरकारी वार्ता**
**टोलीको तर्फबाट**

..........................
(जनार्दन शर्मा "प्रभाकर")
शान्ति तथा पुनर्निर्माण मन्त्री

## (३१.१२) सरकारी वार्ता टोली र मधेशी भाइरस किलर्स पार्टीको वार्ताटोलीबीच भएको सहमति

| मिति २०६५।८।२६ गते भएको सहमति |
|---|

१. वार्ताटोलीका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधिको समयमा सरकारले गर्ने । तथा तराईमा रहेका अन्य द्वन्द्वरत समूहहरुलाई वार्तामा आउन, वार्ताको अवधिभर र वार्ता पश्चात आफ्नो गन्तव्यमा पुग्न सरकारले सुरक्षा प्रदान गर्ने ।

२. वार्ताको अवधिभर मधेशी भाइरस किलर्स पार्टीले आफ्ना सशस्त्र र उत्तेजक कारवाही स्थगित गर्ने । सरकारका तर्फबाट पनि पार्टीका कार्यकर्तालाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

३. आन्दोलनको सिलसिलामा बन्दी बनाइएका व्यक्तिहरुको नाम, नामेसी मधेशी भाइरस किलर्स पार्टीले सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानविन गरी क्रमशः रिहा गर्ने ।

४. अन्य मागहरुको सन्दर्भमा संविधान सभाद्वारा पूरा हुने र सरकारले तत्काल पूरा गर्नसक्ने गरी वर्गीकृत गरी आवश्यक छलफलको लागि अर्को वार्ता गर्ने । आपसी समझदारीमा वार्ता मिति तय गर्ने ।

**मधेशी भाइरस किलर्स पार्टीको तर्फबाट**

...........................
जयप्रकाश यादव (दिवान)
संयोजक

**सरकारी वार्ता टोलीको तर्फबाट**

...........................
जनार्दन शर्मा "प्रभाकर"
संयोजक

## (३१.१३) सरकारी वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा बीच भएको सहमति

| मिति २०६५ पुस ११ गते भएको सहमति |
|---|

१. वार्ता टोलीका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधि सम्मको लागि नेपाल सरकारले गर्ने ।

२. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले आफ्ना सशस्त्र एवं उत्तेजक कारवाहीहरु स्थगित गर्ने र नेपाल सरकारको तर्फबाट पनि सो पार्टीका नेता तथा कार्यकर्तालाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

३. आन्दोलनको सिलसिलामा बन्दी बनाइएका व्यक्तिहरुको नामावली संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानबिन गरी क्रमशः रिहा गर्ने ।

४. तराईमा रहेका अन्य द्वन्द्वरत राजनैतिक समूहहरुलाई पनि वार्ताको टेबलमा ल्याउनको लागि पहल गर्ने ।

५. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले आफ्ना मागहरुको सूची अब काठमाण्डौमा हुने अर्को वार्ताको टेबलमा प्रस्तुत गर्ने र वार्ताको मिति आपसी समझदारीमा तय गर्ने । वार्तामा मध्यस्थकर्ताको आवश्यकता महशुस भएमा दुबै पक्षको सहमतिमा गर्ने ।

| संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको तर्फबाट | सरकारी वार्ताटोलीको तर्फबाट |
|---|---|
| ....................... | ....................... |
| संजयकुमार गुप्ता “कौटील्य” | जनार्दन शर्मा “प्रभाकर” |
| संयोजक | संयोजक |

## (३१.१४) नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति

| मिति २०६८ कार्तिक १८ गते भएको सहमति |
| --- |

१. मिति २०६५ पौष ११ गते जनकपुरमा भएको वार्तालाई आधार मान्दै उक्त समूहसँग पहिलोचरणको वार्ता सम्पन्न भयो ।

२. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले शान्तिपूर्ण राजनीतिमा आउने प्रतिवद्धता व्यक्त गऱ्यो र सो का लागि वार्ता टोलीका सदस्यहरुको सुरक्षा लगायत उपयुक्त वातावरण नेपाल सरकारले तयार गर्ने ।

३. आगामी वार्ता २०६८।८।५ गते काठमाण्डौमा गर्ने र सो वार्तामा मोर्चाले आफूसँग भएको हातहतियारहरुको विवरण, वन्दीहरुको विवरण र मागहरुको विवरण प्रस्तुत गर्ने सहमति भयो ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको तर्फबाट**

.......................
संजयकुमार गुप्ता “कौटील्य”
संयोजक

**सरकारी वार्ताटोलीको तर्फबाट**

.......................
वर्षमान पुन “अनन्त”
संयोजक

## (३१.१५) नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) बीच भएको सहमति

मिति २०६८ मंसिर ८ गते भएको सहमति ।

१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य) ले राखेका विस्तृत नीतिगत मागहरु संविधानसंग सम्बन्धित भएकोले संविधान निर्माण संगै सम्बोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

२. मोर्चाका वार्ताटोलीका सदस्यहरुलाई वार्ताको क्रममा आवश्यक भरपर्दो सुरक्षा उपलब्ध गराउने ।

३. मोर्चाले हाल आफूसंग भएका भनिएका २० (बीस) थान हात हतियार मिति २०६८।९।५ मा नेपाल सरकार समक्ष बुझाउने । हतियार बुझाउने स्थान आपसी सहमतिमा तय गर्ने ।

४. मोर्चाका वार्ताटोलीमा रहेका नेता एवं मिति २०६८।८।५ मा प्रस्तुत गरिएका अन्य नेता तथा कार्यकर्ताहरुको रिहाइको प्रक्रिया थालनी गर्ने । मोर्चाले अवाञ्छित गतिविधि नगर्ने, गरेमा प्रचलित कानून वमोजिम कारवाही गर्ने ।

५. कारागार सुधारका प्रतिवेदन क्रमशः लागू गर्दै जाने ।

| | |
|---|---|
| **संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको तर्फबाट** | **सरकारी वार्ताटोलीको तर्फबाट** |
| ........................ | ........................ |
| संजयकुमार गुप्ता “कौटील्य” | सत्य पहाडी |
| संयोजक | संयोजक |

## (३१.१६) सरकारी वार्ता टोली र तराई संयुक्त जनक्रान्ति पार्टी बीच भएको सहमति

| मिति २०६५ पुस १६ गते  भएको सहमति |
|---|

१. वार्ता टोलीका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधिसम्मका लागि नेपाल सरकारले गर्ने ।

२. तराई संयुक्त जनक्रान्ति पार्टीले आफ्ना सशस्त्र एवं उत्तेजक कारवाहीहरु  स्थगित गर्ने र नेपाल सरकारको तर्फबाट पनि सो पार्टीका नेता तथा कार्यकर्तालाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

३. आन्दोलनको सिलसिलामा बन्दी बनाइएका व्यक्तिहरुको नामावली तराई संयुक्त  जनक्रान्ति पार्टीले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानबिन गरी क्रमशः रिहा गर्ने ।

४. पिछडा वर्ग (OBC) को गठन आदेश जारी भएको र त्यसको औपचारिक गठन  पश्चात पिछडिएको समुदाय (मधेश) को वारे आवश्यक कानूनी व्यबस्थाको प्रक्रिया अगाडि बढाउने कुरामा सरकार प्रतिबद्ध छ ।

५. तराईमा रहेका अन्य द्वन्द्वरत राजनैतिक समूहहरुलाई पनि वार्ताको टेबलमा ल्याउनको लागि पहल गर्ने ।

**तराई संयुक्त जनक्रान्ति पार्टीको तर्फबाट**

..............................
गजेन्द्र कुमार मण्डल “अनुराग”
संयोजक

**सरकारी वार्ता टोलीको तर्फबाट**

..............................
जनार्दन शर्मा “प्रभाकर”
संयोजक

## (३१.१७) सरकारी वार्ता टोली र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) बीच भएको सहमति

| मिति २०६५ पुस २६ गते भएको सहमति |
| --- |

१. जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) का वार्ता टोलीका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधिसम्मको लागि नेपाल सरकारले गर्ने ।

२. जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) ले आफ्ना सशस्त्र कारवाहीहरु स्थगित गर्ने र कानूनले निषेध गरेका कुनै पनि क्रियाकलापहरु नगर्ने ।

३. शान्तिपूर्णरुपमा राजनैतिक सभा, कार्यक्रम सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी गर्न सकिने । साथै नेपाल सरकारको तर्फबाट पनि जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) का नेता तथा कार्यकर्ताहरुलाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

४. आन्दोलनको सिलसिलामा बन्दी बनाईएका एवं मुद्धा लगाइएका व्यक्तिहरुको नामावली जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) ले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानबिन गरी क्रमशः रिहा एवं मुद्धा फिर्ता गर्ने प्रक्रिया अगाडि बढाउने ।

५. वार्ताको क्रममा मध्यस्थकर्ताको आवश्यकता महसुस भएमा दुबै पक्षको सहमतिमा गर्ने ।

६. यस सहमति सम्बन्धमा कुनै समस्या आएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) ले तोकेका प्रतिनिधिहरु बीच समन्वय गरी समाधान गर्ने ।

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) का तर्फबाट**

..........................

राजीव झा "उत्कर्ष मुक्ति"
संयोजक

**सरकारी वार्ता टोलीको तर्फबाट**

..........................

जनार्दन शर्मा "प्रभाकर"
संयोजक

## (३१.१८) सरकारी वार्ता टोली र किराँत जनवादी वर्कर्श पार्टी वीच भएको सहमति

| मिति २०६५ माघ ५ गते भएको सहमति |
| --- |

१. वार्ता समितिका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधि सम्मको लागि नेपाल सरकारले गर्ने ।

२. किराँत जनवादी वर्कर्श पार्टीले आफ्ना सशस्त्र कारवाहीहरु स्थगित गर्ने र कानूनले निषेध गरिएका कुनै पनि काम कारवाही नगर्ने साथै नेपाल सरकारको तर्फवाट पनि सो पार्टीका नेता तथा कार्यकर्ताहरुलाई राजनैतिक रुपमा ब्यवहार गर्ने ।

३. आन्दोलनको सिलसिलामा बन्दी बनाइएका ब्यक्तिहरुको नामावली किराँत जनबादी वर्कर्श पार्टीले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानबिन गरी सिघ्र रिहा गर्ने ।

४. नेपाल सरकारले आई.एल्.ओ. १६९ अनुमोदन गरी सकेको छ । सो को कार्यान्वयनको क्रममा आवश्यकता अनुसार ऐन कानूनहरु संशोधन गरिनेछन् ।

५. किराँत जनवादी वर्कर्श पार्टीले वार्ताको टेवुलमा पेश गरेका कतिपय मागहरुको सम्बन्धमा पुनर्विचार गर्ने तथा नेपाल सरकारले मागहरुको वर्गिकरण गरी थप अध्ययन र गृह कार्य गरी आगामी वार्तामा छलफल गर्ने । अर्को वार्ताको मिति आपसी समझदारीमा तय गर्ने ।

| **किराँत जनवादी वर्कर्श पार्टीका तर्फबाट** | **सरकारी वार्ता टोलीको तर्फबाट** |
| --- | --- |
| .............................. | .............................. |
| अनन्त क्रान्ति | जनार्दन शर्मा “प्रभाकर” |
| संयोजक | संयोजक |

## (३१.१९) सरकारी वार्ता टोली र किराँत जनवादी वर्कर्स पार्टी बीच भएको सहमति

| मिति २०६६ कार्तिक २८ गते भएको सहमति |
|---|

१. किराँत जनवादी वर्कर्स पार्टीले १४ वुँदे मागहरू प्रस्तुत गऱ्यो र उक्त मागहरूका सम्वन्धमा छलफल गरियो ।

२. किराँत जनवादी वर्कर्स पार्टी शान्ति स्थापनाको निम्ति वार्ता प्रकृयामा आएकोले वार्ता अवधिभर किराँत जनवादी वर्कर्स पार्टीका कुनै पनि नेता तथा कार्यकर्ताहरूलाई धरपकड नगर्ने र किराँत जनवादी वर्कर्स पार्टीको तर्फबाट हतियारको प्रयोग र प्रदर्शन लगायत वार्तालाई असर पुग्ने गतिविधि वार्ता अवधिभर नगर्ने ।

३. किराँत जनवादी वर्कर्स पार्टीका राजनैतिक मागहरू र हतियार व्यवस्थापन* का सम्वन्धमा आगामी वैठकमा छलफल गर्ने सहमति गरियो ।

**किराँत जनवादी वर्कर्स पार्टीको**
**वार्ताटोलीको तर्फबाट**

......................
सुमन वान्तवा आदिहाङ
संयोजक

..............................
पम्फा किराँती
सदस्य

..............................
हित वहादुर केप्छाकि
सदस्य

..............................
शिव फागो
सदस्य

..............................
डा. जे. वी. तामाङ
सदस्य

**सरकारी वार्ताटोलीको**
**तर्फबाट**

......................
रकम चेम्जोङ
वार्ता टोली संयोजक
तथा
मन्त्री, शान्ति तथा पुनर्निर्माण
मन्त्रालय

---

* *नेपाल सरकार (मं.प.) को मिति २०६६।८।२४ को बैठकबाट "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने" निर्णय भएकोमा उक्त समितिमा छलफल भै समितिको निर्णयबमोजिम तेस्रो बुंदाको "र हतियार व्यवस्थापन" भन्ने व्यहोरा हटाईएको ।*

## (३१.२०) नेपाल सरकारको वार्ता टोली र किरात जनवादी वर्कर्स पार्टी बीच भएको सहमति

| मिति २०६८ असार १७ गते भएको सहमति |
|---|

१. शान्तिपूर्ण वार्ता र सम्वादको माध्यमबाट सबै राजनैतिक माग र मुद्दाहरुलाई सम्बोधन एवम् समाधान गर्न नेपाल सरकार र किरात जनवादी वर्कर्स पार्टी सहमत भएका छन् ।

२. किरात जनवादी वर्कर्स पार्टी शान्तिपूर्ण वार्ता प्रकृयामा आएकोले वार्ता अवधिभर किरात जनवादी वर्कर्स पार्टीका कुनै पनि नेता-कार्यकर्ताहरुलाई सरकारले धरपकड गर्ने छैन, राजनीतिक व्यवहार गर्नेछ तथा शान्तिपूर्ण राजनीतिक गतिविधिहरुलाई सुरक्षा दिनेछ । किरात जनवादी वर्कर्स पार्टीका तर्फबाट हतियारको प्रयोग र प्रदर्शन लगायत शान्ति व्यवस्थालाई असर पुग्ने गतिविधि वार्ता अवधिभर गरिने छैन ।

३. हाल बन्दी अवस्थामा रहेका किरात जनवादी वर्कर्स पार्टीका वार्ता टोलीका ४ (चार) जना सदस्यहरुलाई अर्को वार्तामा सहभागी गराउन सरकारले आवश्यक प्रक्रिया पूरा गरी रिहा गर्नेछ ।

४. किरात जनवादी वार्कर्स पार्टीका राजनीतिक मागहरुका सम्वन्धमा छलफल गर्न २० (बीस) दिन भित्र अर्को वार्ता गर्ने सहमति भयो ।

**किरात जनवादी वर्कर्स पार्टीका तर्फबाट**

सुमन वान्तवा 'आदिहाङ्ग'
संयोजक

**नेपाल सरकारका तर्फबाट**

धनश्याम भूसाल
वार्ता टोली सदस्य
एवं
मन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

## (३१.२१) नेपाल सरकारको वार्ता टोली र किरात जनवादी वर्कर्स पार्टी बीच भएको सहमति

| मिति २०६८ फागुन ३० गते भएको सहमति |
|---|

१. किरात जनवादी वर्कर्स पार्टी शान्ति, संविधान र संविधान सभालाई स्वीकार गर्ने पूर्ण प्रतिवद्धता व्यक्त गर्दछ ।

२. किरात जनवादी वर्कर्स पार्टी संग भएका पूर्व सहमतिहरु दुवै पक्षबाट पूर्णरुपमा कार्यान्वयन गर्ने सहमति भयो ।

३. किरात जनवादी वर्कर्स पार्टी संग भएका सम्पूर्ण हात-हतियार आपसी सहमतीमा तय गरिने अर्को वार्तामा नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमती गरियो ।

४. किरात जनवादी वर्कर्स पार्टीको आन्दोलनको क्रमबाट बन्दी थुनुवा अवस्थामा रहेका तथा राजनितिक मुद्दा लागेका नेता कार्यकर्ताहरुको विवरण अर्को वार्तामा पार्टीले उपलब्ध गराउने र प्राप्त विवरण बमोजिम नियमानुसार मुद्दा फिर्ता तथा बन्दी थुनुवा रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशिघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. आपसी सहमतिमा मिति र स्थान तय गरी यथाशिघ्र अर्को वार्ता गर्ने सहमति गरियो ।

सुमन वान्तवा “आदिहाङ”
संयोजक, वार्ता टोली
किरात जनवादी वर्कर्स पार्टी

सत्य पहाडी
संयोजक, सरकारी वार्ता समिति
एवं मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

भिमराज चौधरी राजवंशी
सदस्य सरकारी वार्ता समिति
एवं राज्य मन्त्री, गृह मन्त्रालय

## (३१.२२) सरकारी वार्ता टोली र लिब्रेशन टाइगर अफ तराई ईल्म (एलटीटीइ) बीच भएको सहमति

| मिति २०६५ फागुन १० गते भएको सहमति |
|---|

१. वार्ता अवधि सम्मको लागि लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) का वार्ता टोलीका सदस्यहरुको सुरक्षा नेपाल सरकारले गर्ने ।

२. लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) ले आफ्ना सशस्त्र कारवाहीहरु स्थगित गर्ने एवं कानूनले निषेध गरेका कुनै पनि गतिविधि सञ्चालन नगर्ने र नेपाल सरकारको तर्फबाट पनि सो समूहका नेता तथा कार्यकर्तालाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

३. लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) ले जेलमा रहेका र मुद्दा लगाइएका आफ्ना कार्यकर्ताहरुको नामावली नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानविन गरी क्रमशः रिहा गर्दै जाने ।

४. स्वतन्त्र एवं शान्तिपूर्ण रुपमा राजनैतिक सभा, जुलुस, ऱ्याली, गोष्ठी, सेमिनार तथा राष्ट्र निर्माणका कार्यक्रम सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सञ्चालन गर्न सकिने ।

५. मुलुकमा दीगो शान्ति स्थापनाका लागि अन्य द्वन्द्वरत राजनैतिक समूहहरूलाई समेत वार्ताको टेबलमा ल्याउन पहल गर्ने ।

**लिब्रेशन टाइगर अफ तराई ईल्म (एलटीटीइ) का तर्फबाट**

..............................

रामलोचन ठाकुर "स्वामीजी"
संयोजक

**सरकारी वार्ता टोलीको तर्फबाट**

..............................

जनार्दन शर्मा "प्रभाकर"
संयोजक

## (३१.२३) नेपाल सरकार र आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधि बीच भएको सहमति

मिति २०६५ साल चैत्र १ गते भएको सहमति

१. तराईका आदिवासी थारु लगायत देशका सम्पूर्ण आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक समुदायको आ-आफ्नै विशिष्ट पहिचान छ भन्ने कुरामा नेपाल सरकार स्पस्ट छ। तसर्थ उनीहरुको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान संबैधानिक तथा कानूनी ब्यवस्थालाई आवश्यक प्रकृयापूरा गरी संशोधन गरिने छ।

२. नेपालको अन्तरिम संविधान-२०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लेखित “मुलुकको राज्यसंरचनाका सबै अंगहरुमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्रलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने” भन्ने ब्यवस्था प्रति प्रतिबद्ध रहँदै अध्यादेश मार्फत जारी भएका प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन, सैनिक ऐन, शिक्षा ऐन, विकास ऐन, स्वास्थ्य सेवा ऐन, नेपाल विशेष सेवा ऐनहरुलाई आवश्यक प्रकृया पूरा गरी संशोधन गरिने छ।

३. आदिबासी थारु समुदायले संचालन गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गर्ने कमल चौधरी, विपिन क्षेत्री, राम प्रसाद चौधरी र प्रकाश चौधरीलाई नेपाल सरकारले शहीद घोषणा गरी निजहरुको परिवारलाई उचित आर्थिक सहायता प्रदान गर्ने छ।

४. आन्दोलनको क्रममा घाइते भएका ब्यक्तिहरुको सम्पूर्ण उपचारको ब्यवस्था र धनजनको क्षतिपूर्ति नेपाल सरकारले मिलाउने छ।

५. आन्दोलनका क्रममा गिरफ्तार गरिएकाहरुलाई तुरुन्त रिहा गर्न गृह मन्त्रालयलाई निर्देशन गरिएको छ।

६. आजैका मितिदेखि थारु कल्याणकारिणी सभा, थरुहट संयुक्त संघर्ष समिति, नेपाल लोकतान्त्रिक थारु संघ, थारु राष्ट्रिय मुक्ति मोर्चा, नेपाल, नेपाल आदिवासी जनजाति महासंघ लगायतका संगठनहरुद्वारा संचालित आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता गरिएको छ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| लक्ष्मण थारू | राजकुमार लेखी | जनार्दन शर्मा “प्रभाकर” |
| वार्ताटोली संयोजक | वार्ताटोली संयोजक | वार्ताटोली संयोजक |
| थरूहट संयुक्त संघर्ष समिति | महामन्त्री | मन्त्री |
| र आदिवासी संघ संस्था | थारू कल्याणकारिणी सभा | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| | | नेपाल सरकार |
| ........................ | ........................ | ........................ |
| बाबुराम चौधरी | पासाङ शेर्पा | इन्द्रजीत थारू |
| वार्ताटोली संयोजक | अध्यक्ष | वार्ताटोली संयोजक |
| नेपाल लोकतान्त्रिक थारू संघ | नेपाल आदिवासी | महा सचिव |
| | जनजाति महासंघ | थारू राष्ट्रिय मुक्ति मोर्चा |
| | नेपाल | |

## (३१.२४) सरकारी वार्ता टोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समिति बीच भएको सहमति

| मिति २०६५ चैत्र ३ गते भएको सहमति |
|---|

१. मुस्लिम लगायत देशका सम्पूर्ण आदिवासी, जनजाति, मधेसी, थारु, दलित, अल्पसंख्यक समुदायको आ-आफ्नै विशिष्ट पहिचान छ भन्ने विषयमा नेपाल सरकार स्पस्ट छ । तसर्थ उनीहरुको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान संबैधानिक र कानूनी व्यबस्थालाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने छ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लिखित "मुलुकको राज्य संरचनाका सबै अङ्गहरुमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।" भन्ने कुरामा प्रतिवद्ध हुँदै मुस्लिम लगायत देशका सम्पूर्ण आदिवासी, जनजाति, मधेसी, थारु, दलित, अल्पसंख्यक समुदायको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक अधिकार सुनिश्चित गर्न नेपाल सरकारले आवश्यक पहल गर्नेछ ।

३. नेपाली मुस्लिम समुदायको विविध क्षेत्रको उत्थान तथा विकास, स्थायी हज कमिटी गठन, मदरसा वोर्ड गठन लगायतका समेत कार्य गर्न आवश्यक प्रकृया पूरा गरी राष्ट्रिय मुस्लिम आयोग अविलम्ब गठन गरिने छ ।

४. हजरत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको जन्मदिन एवं मोहर्रम पर्वहरुमा सार्वजनिक विदा सम्बन्धी माग बारे नेपाल सरकारले सकारात्मक रुपमा विचार गर्ने छ ।

५. नेपाल सरकारको प्रत्येक दश वर्षमा राष्ट्रिय जनगणना गर्ने नीति अनुरुप बि.सं. २०५८ सालमा भएको जनगणनाको प्रतिवेदन सार्वजनिक भइसकेको छ । आगामी समयमा जनगणना गर्दा मुस्लिम लगायत देशका सम्पूर्ण आदिवासी, जनजाति, मधेसी, थारु, दलित, अल्पसंख्यक लगायतका समुदायको छुट्टै सांख्यिक र अन्य विवरण स्पस्ट हुने गरी जनगणना गरिने विषयमा सरकार प्रतिबद्ध छ ।

६. देशको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन तथा नयाँ जनमुखी संविधान निर्माण गर्न नेपालका सम्पूर्ण मुस्लिम समुदायको तर्फवाट प्रतिबद्धता ब्यक्त गर्दै संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिले घोषणा गरेको संघर्षका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिएको छ ।

| **संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिका वार्ताटोलीका तर्फबाट** | **सरकारी वार्ता टोलीको तर्फबाट** |
|---|---|
| ............................ | ............................ |
| अतहर हुसेन फारुकी | जनार्दन शर्मा "प्रभाकर" |
| वार्ताटोली संयोजक | वार्ताटोली संयोजक |
| तथा | |
| ............................ | मन्त्री, शान्ति तथा पुनर्निर्माण |
| ताज मोहम्मद मिया | |
| केन्द्रिय संघर्ष समिति संयोजक | |

## (३१.२५) सरकारी वार्ता टोली र मधेश मुक्ति टाइगर्स बीच भएको सहमति

मिति २०६५ चैत्र ७ गते भएको सहमति

१. वार्ता टोलीका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधिसम्मको लागि नेपाल सरकारले गर्ने ।

२. मधेश मुक्ति टाइगर्सले आफ्ना सशस्त्र एवं उत्तेजक कारवाहीहरु स्थगित गरी कानूनले निषेध गरेका कुनै पनि क्रियाकलाप नगर्ने । नेपाल सरकारको तर्फबाट पनि सो समूहका नेता तथा कार्यकर्तालाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

३. आन्दोलनका सिलसिलामा बन्दी बनाइएका व्यक्तिहरुको नामावली मधेश मुक्ति टाइगर्सले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानविन गरी क्रमशः रिहा गर्ने ।

४. मधेश मुक्ति टाइगर्सका थप मागहरुको वारेमा अर्को वार्ताको टेवलमा छलफल गर्ने र वार्ताको मिति आपसी समझदारीमा तय गर्ने ।

**मधेश मुक्ति टाइगर्सका तर्फबाट**

..........................

भोलाप्रसाद मुखिया
संयोजक

**सरकारी वार्ताटोलीका तर्फबाट**

..........................

जनार्दन शर्मा “प्रभाकर”
संयोजक

## (३१.२६) सरकारी वार्ता टोली र नेपाल पिछडावर्ग (OBC) महासंघ बीच भएको सहमति

| मिति २०६५ साल चैत्र ११ गते भएको सहमति |
| --- |

१. नेपाल सरकारले पिछडिएको समुदायको उत्थान विकास समिति (गठन) आदेश २०६५ जारी गरिसकेको सन्दर्भमा यथाशिघ्र उक्त समितिलाई पूर्णता दिई क्रियाशील बनाइने छ।

२. नेपाल पिछडा वर्ग (OBC) महासंघका मागहरु पिछडिएको समुदायको उत्थान विकास समितिवाट सम्बोधन गर्न प्रभावकारी हुने भएकोले उक्त विकास समितिलाई सुझाव दिन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको संयोजकत्वमा स्थानीय विकास मन्त्रालयको प्रतिनिधि र महासंघका तीनजना प्रतिनिधिहरु रहेको पाँच सदस्यीय सिफारिस समिति गठन गरिने छ।

३. "मगही" भाषामा यथाशीघ्र समाचार प्रसारण गरिने छ।

४. नेपाल पिछडा वर्ग (OBC) महासंघको आन्दोलनको क्रममा बन्दी बनाइएका व्यक्तिहरुको नामावली प्राप्त भएपछि रिहाईको प्रक्रिया अगाडि बढाईनेछ।

५. देशको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन तथा नयाँ जनमुखी संविधान निर्माण गर्न नेपालका सम्पूर्ण पिछडा वर्ग (OBC) को तर्फबाट प्रतिबद्धता व्यक्त गरिएको छ।

**नेपाल पिछडावर्ग (OBC) को वार्ताटोलीका तर्फबाट**

..............................

भरतप्रसाद महतो

वार्ताटोली संयोजक

**सरकारी वार्तटोलीका तर्फबाट**

..............................

जनार्दन शर्मा "प्रभाकर"

वार्ताटोली संयोजक

तथा मन्त्री, शान्ति तथा पुनर्निर्माण

## (३१.२७) सरकारी वार्ता टोली र नेपाल पिछडा वर्ग (OBC) महासंघ बीच भएको सहमति

| मिति २०६६ असार ७ गते भएको सहमति |
|---|

१. नेपाल सरकारले पिछडिएको समुदायको उत्थान एवं विकासको निम्ति पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश २०६५ जारी गरिसकेको सन्दर्भमा उक्त समितिलाई बढीमा एक महिना भित्र पूर्णता दिई क्रियाशील बनाइने छ। यसका लागि २०६५ चैत्र ११ मा भएको सहमतिका आधारमा गठन भएको सिफारिस समितिको प्रतिबेदनको बूँदा नं. २ समेतका आधारमा उक्त विकास समिति गठन गरिने छ।

२. नेपाल पिछडा वर्ग (OBC) महासंघको २०६६ आषाढ २ देखि भएको आन्दोलनको क्रममा थुनामा राखिएका तथा मुद्दा लगाईएका व्यक्तिहरूको नामावली प्राप्त भएपछि छानविन गरी रिहाई प्रक्रिया क्रमशः अगाडि बढाइनेछ।

३. नेपाल पिछडा वर्ग (OBC) महासंघको २०६६ आषाढ २ देखि भएको आन्दोलनको क्रममा घाइते भएका व्यक्तिहरूको नामावली स्थानीय प्रशासन मार्फत प्राप्त भएपछि उनीहरूको उपचारको व्यवस्था नेपाल सरकारले गर्नेछ।

४. नेपाल पिछडा वर्ग (OBC) महासंघबाट संचालित सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू आजैदेखि फिर्ता लिइएको छ।

**नेपाल पिछडा वर्ग (OBC) महासंघको वार्ताटोलीको तर्फबाट**

...............................

भरतप्रसाद महतो
वार्ता तोली संयोजक
तथा
केन्द्रीय अध्यक्ष, पिछडा वर्ग (OBC)
महासंघ

**सरकारी वार्ताटोलीको तर्फबाट**

...............................

रकम चेम्जोङ
वार्ता टोली संयोजक
तथा
मन्त्री, शान्ति तथा पुनर्निर्माण
मन्त्रालय

## (३१.२८) सरकारी वार्ता टोली र नेपाल पिछडा वर्ग (OBC) महासंघ बीच भएको सहमति

| मिति २०६८ जेठ ६ गते भएको सहमति |
|---|

१. यस अघि मिति २०६५।१२।११ गते र २०६६।३।७ गते भएका क्रमशः ५ बुँदे र ४ बुँदे सहमतिहरु कार्यान्वयनका लागि पहल गर्ने ।

२. मिति २०६८।२।१४ गते पछि महासंघका मागका सम्बन्धमा छलफल गर्न पुनः अर्को वार्ता गर्ने । वार्ताको मिति आपसी सहमतिमा तय गर्ने ।

३. महासंघले आव्हान गरेका सम्पूर्ण आन्दोलनका कार्यक्रमहरु आजैका मितिबाट फिर्ता लिने ।

(भरतप्रसाद महतो)
संयोजक
वार्तटोली एवं
केन्द्रीय अध्यक्ष

(मा. विश्वनाथ शाह)
मन्त्री
शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## (३१.२९) सरकारी वार्ता टोली र नेपाल पिछडा वर्ग (OBC) महासंघ तथा जनता दल, नेपालबीच भएको सहमति

| मिति २०६९ बैशाख १३ गते भएको सहमति |
|---|

१. सरकारी वार्ता समिति र नेपाल पिछडावर्ग (OBC) महासंघ तथा राष्ट्रिय जनता दल, नेपाल बीच वार्ताको क्रममा महासंघले राखेका सूचीकृत एवं आयोग गठन सम्बन्धी मागका सम्बन्धमा समिति गठन भैसकेकोले सो समिति एवं स्थानीय विकास मन्त्रालय मार्फत आवश्यक कारवाही गर्न अनुरोध गर्ने सहमति गरियो ।

२. कृषि क्षेत्रका मागका सम्बन्धमा पूरा गर्न सकिने जायज मागका सम्बन्धमा आवश्यक कारवाही अगाडि बढाउन कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गर्ने सहमति गरियो ।

३. हुलाकी सडक, रेल मार्ग, मेट्रो रेलका सम्बन्धमा आवश्यक सुधार एवं निर्माण गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा अनुरोध गर्ने सहमति गरियो ।

४. महासंघले राखेका मगही भाषामा समाचार प्रसारण, नियमानुसार मुद्दा फिर्ता, आन्दोलनका क्रममा भएका घाइतेहरुको उपचार सम्बन्धी पूर्व सहमतिहरु कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता सहित सहमति गरियो ।

५. महासंघले राखेका अन्य विविध मागहरुका सम्बन्धमा मागहरु वर्गिकरण गरी सम्बोधन गर्न सकिने मागहरुमा सकारात्मक रुपले आवश्यक सम्बोधन गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने सहमति गरियो ।

६. २०६९।१।१४ गते महासंघ र राष्ट्रिय जनता दल, नेपालले गर्ने भनिएको बन्दको कार्यक्रम फिर्ता लिने सहमति गरियो ।

**नेपाल पिछडा वर्ग (OBC) महासंघ तथा राष्ट्रिय जनतादल, नेपालको तर्फबाट**

भरतप्रसाद महतो
वार्ताटोली संयोजक

**सरकारी वार्ताटोलीको तर्फबाट**

सत्य पहाडी
वर्ता समिति संयोजक एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## (३१.३०) सरकारी वार्ता टोली र ताम्सालीङ संयुक्त संघर्ष समिति बीच भएको सहमति

| मिति २०६५ चैत २९ गते भएको सहमति |
|---|

१. संविधान सभाको कार्यक्षेत्र भित्र पर्ने मागका बुंदाहरु १, २, ४, ५, ६, ११, १६ र १७ प्रति सरकारले सकारात्मक प्रतिवद्धता सहित सुझावको रुपमा संविधान मस्यौदा समितिमा पेश गर्ने ।

२. सांस्कृतिक विभेदको अन्त्य गरी सबै जातजातिको आ-आफ्नो संस्कृतिलाई स्थापित गर्न र मान्यता दिन सरकारले सम्बद्ध पक्षको सहभागिता सहित साझा सांस्कृतिक नीति तय गर्नेछ ।

३. ताम्सालीङ संघर्ष समितिको भावना, नेपालको अन्तरिम संविधान २०६३ ले निर्देशित गरे बमोजिम धर्म निरपेक्षताको मूल भावनालाई सम्मान गर्दै राष्ट्रिय जनावर लगायतका सन्दर्भमा राजनैतिक सहमति जुटाई संशोधन प्रस्ताव पेश गर्ने ।

४. नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (घ१) मा उल्लेख भए बमोजिम तामाङ जातिको सन्दर्भमा समेत लागू गर्न नेपाल सरकार प्रतिवद्ध छ ।

५. विगतको पिपा गोश्वारा हालको बन्दोवस्ती गणमा तामाङ जाति विशेषको अपहेलना हुने स्वरुपको अन्त्य गरी नेपालको राष्ट्रिय सेनालाई विविध गणहरु निर्माण सहित समावेशी बनाउने नीतिलाई प्रभावकारीरुपमा लागु गर्ने ।

६. आदिवासी जनजातिको ऐतिहासिक थलोहरुमा सोही जातिको भाषामा नामाङ्कन गर्न पहल गर्ने । मातृभाषामा शिक्षा दिने सरकारको स्पष्ट नीति रहेको र सो को कार्यान्वयनका लागि आगामी आ.व. देखि बजेटमा थप व्यवस्था गर्ने ।

७. अन्तर्राष्ट्रिय श्रम संगठनको सन्धि नं. १६९ नेपाल सरकारद्वारा अनुमोदन भईसकेको सन्दर्भमा र संयुक्त राष्ट्र संघद्वारा घोषित आदिवासी विश्व घोषणापत्र २००७ को नेपाल पक्षराष्ट्र भएको स्थितिमा प्राकृतिक स्रोतसाधन, नदीनाला तथा खनिजहरुमा आदिवासी र स्थानीय समुदायको स्वामित्व कायम राख्न सरकारले आवश्यक कानुन बनाई अगाडि बढ्ने ।

८. शिक्षा, स्वास्थ्य र रोजगार जनताको मौलिक अधिकारको रुपमा संविधानमा उल्लेख भएता पनि कार्यान्वयन हुन बांकी रहेको सन्दर्भमा कानुन बनाई कार्यान्वयन गर्ने ।

९. नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था भए अनुसार राज्यको पुनःसंरचना आयोग उत्पीडित जाति, आदिवासी जाति, जनजाति, वर्ग, क्षेत्र समेतको प्रतिनिधित्वमा यथाशीघ्र गठन गर्ने ।

१०. स्वयम्भु तथा नमोःबुद्ध जस्ता सांस्कृतिक तथा पर्यटकीय धरोहरहरुको थप विकास र संरक्षणको लागि तामाङ समुदायको सहभागिता सहित विकास क्षेत्र समिति गठन गर्ने ।

११. भौतिक अभौतिक सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धनका लागि राज्यले नीति तय गर्ने ।

१२. आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, जैविक विविधता, बौद्धिक सम्पत्तिलाई स्थापित गर्न सरकारले पहल गर्ने ।

१३. तामाङ लगायत सबै उत्पीडित समुदायको उत्थान र विकासका लागि आगामी वर्षको बजेट एवं कार्यक्रममा नमूना विकास कार्यक्रम लागू गर्ने ।

१४. अत्यन्त पछि पारिएका तामाङ जाति लगायतका उत्पीडित वर्ग समुदायलाई ध्यान दिई रोजगारको विशेष कार्यक्रम आगामी वर्षमा संचालन गर्दै क्रमशः पूर्णता दिंदै जाने ।

१५. ताम्सालीङ चक्रपथको हाल निर्माण कार्य शुरु भइसकेको र आगामी वर्षमा पनि महत्वका साथ अगाडि बढाउने ।

१६. जनतामा राष्ट्रिय भावना जागृत गर्ने खालका कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउने ।

१७. सहमति कार्यान्वयनका लागि मद्दत र अनुगमन गर्न एक हप्ता भित्र पांच सदस्यीय अनुगमन समिति गठन गर्ने ।

१८. विगतमा राज्यले तामाङ जातिमाथि गर्दै आएको उत्पीडन, विभेद र बहिष्करणलाई स्वीकार गर्दै तामाङ जातिको सर्वोत्तम विकासका लागि प्रयत्न गर्न सरकार प्रतिवद्धता जाहेर गर्दछ । उत्पीडित आदिवासीको रुपमा रहेको तामाङ समुदायले आफूहरुमा गरिएको उत्पीडनका विरुद्ध लामो समय देखि गर्दै आएको संघर्ष विशेषगरी जनयुद्ध, जनआन्दोलनमा खेलेको भूमिकालाई नेपाल सरकार सकारात्मक रुपमा मूल्याङ्कन गर्दछ ।

१९. ताम्सालीङ संयुक्त संघर्ष समिति, नेपालले घोषणा गरेको २०६५ चैत ३० गतेको बन्द कार्यक्रम फिर्ता लिएको छ ।

**ताम्सालीङ संयुक्त संघर्ष समिति नेपालको वार्ताटोलीका तर्फबाट**

....................

**सूर्यमान दोङ तामाङ**

तामाङ राष्ट्रिय मुक्ति मोर्चा

....................

**बीरबहादुर लामा तामाङ**

लोकतान्त्रिक तामाङसंघ

....................

**दिलमान पाखिन तामाङ**

नेपाल तामाङ संघ

....................

**परशुराम तामाङ**

ताम्सालीङ राष्ट्रिय दल

....................

**फुर्नाम्गेल मोक्तान तामाङ**

स्वशासित तामाङ संघ (एकीकृत)

**सरकारी वार्ताटोलीका तर्फबाट**

....................

**जनार्दन शर्मा "प्रभाकर"**

वार्ताटोली संयोजक

तथा

मन्त्री, शान्ति तथा पुनर्निर्माण

...................

**डुपवाङगेल मोक्तान तामाङ**

तामाङ ह्यूल परिषद्

...................

**टेकबहादुर तामाङ**

तामाङ मुक्ति संगठन

...................

**धनप्रसाद तामाङ**

नेपाल तामाङघेदुङ

...................

**कुमार योञ्जन तामाङ**

महासचिव

...................

**कमानसिंह लामा**

सल्लाहकार

नोट : ताम्सालिङ संयुक्त संघर्ष समितिद्वारा वार्ताका लागि प्रस्तुत गरीएका मागहरू मध्ये मागका बुंदाहरू १, २, ४, ५, ६, ११, १६ र १७ अनुसूची १ मा राखिएको छ ।

## (३१.३१) नेपाल सरकारको वार्ता टोली र अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति

| मिति २०६७ वैशाख २४ गते भएको सहमति |
|---|

१. अखिल तराई मुक्ति मोर्चाले सशस्त्र गतिविधि त्यागी कानूनले निषेध गरेका कुनै पनि गतिविधि संचालन नगर्ने र नेपाल सरकारको तर्फबाट पनि सो समूहका नेता तथा कार्यकर्ताहरूलाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

२. वार्ता अवधि सम्मको लागि अखिल तराई मुक्ति मोर्चाका वार्ताटोलीका सदस्यहरूको सुरक्षा नेपाल सरकारले गर्ने ।

३. राजनैतिक कारणले मुद्दा लगाइएका मोर्चाका नेता तथा कार्यकर्ताहरूको नामावली सहितको विवरण अखिल तराई मुक्ति मोर्चाले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्वन्धमा बन्दी रिहाईका लागि आवश्यक सबै कागजात कानून तथा न्याय मन्त्रालयमा प्राप्त भएका मितिले एक महिनाभित्र छानविन गरी प्रकृया पुऱ्याई क्रमशः मुद्दा फिर्ता गर्ने कारवाही प्रारम्भ गर्ने ।

४. मोर्चाले स्वतन्त्र एवं शान्तिपूर्ण रूपमा राजनैतिक सभा, जुलुस, ऱ्याली, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सम्वन्धित स्थानीय प्रशासन कार्यालयसंग समन्वय गरी गर्न सक्ने ।

५. अखिल तराई मुक्ति मोर्चा मुलुकको शान्ति प्रकृयाको मुलधारमा समावेश हुन लागेको सन्दर्भमा मोर्चाले आफुसंग राखेका कानूनले निषेध गरेका हातहतियार लगायतका सामग्रीहरु सहमति भएको मितिले सात दिन भित्र नेपाल सरकारलाई वुझाउने ।

६. मोर्चाले आह्वान गरेको आन्दोलनको क्रममा घाइते भएका नेता तथा कार्यकर्ताहरूको नाम नामेसी सहितको विवरण मोर्चाले नेपाल सरकारलाई एक महिना भित्र उपलब्ध गराउने र उपचार खर्च नेपाल सरकारले उपलब्ध गराउने ।

७. अखिल तराई मुक्ति मोर्चाबाट पेश भएका अन्य मागहरूको वारेमा अर्को वार्ताको टेवुलमा छलफल गर्ने र वार्ताको मिति आपसि समझदारीमा तय गर्ने ।

| **सरकारी वार्ताटोलीको तर्फबाट** | **अखिल तराई मुक्ति मोर्चाको तर्फबाट** |
|---|---|
| मा. मन्त्री श्री रकम चेम्जोङ्ग | श्री विवेक चौधरी |
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय | संयोजक |

## (३१.३२) नेपाल सरकारको वार्ता टोली र अखिल तराइ मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति

| मिति २०६८ श्रावण २३ गते भएको सहमति |
|---|

१. राजनैतिक कारणले मुद्दा लगाइएका मोर्चाका नेता तथा कार्यकर्ताहरुको सम्वन्धमा अखिल तराइ मुक्ति मोर्चा (संस्थापन पक्ष) ले आज मिति २०६८।४।२३ गते उपलब्ध गराएको नामावली अनुसार वन्दी रिहाइ र मुद्दा फिर्ता लिने प्रक्रिया कानून तथा न्याय मन्त्रालय र गृह मन्त्रालयको समन्वयमा १ महिना भित्र शुरु गरि सक्ने ।

२. कानूनले निषेध गरेका कुनै पनि गतिविधि अखिल तराई मुक्ति मोर्चाले आजका मितिवाट पूर्ण रुपमा त्याग गर्ने सहमिति भयो ।

३. अखिल तराइ मुक्ति मोर्चासँग वाँकी भएका सम्पूर्ण हातहतियारहरु मोर्चाले २०६८ भाद्र १४ गते अगावै नेपाल सरकारलाई वुझाउने छ ।

४. अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) ले मिति २०६८ श्रावण २३ मा मन्त्रालयमा वुझाएका मोर्चाको आव्हानमा भएको आन्दोलनका क्रममा मृत्यु भएका मृतकहरुको नामावली सम्वन्धमा यथार्थ छानवीन गरी एकीन गर्न गृह मन्त्रालयमा लेखी पठाउने ।

५. मोर्चाको आन्दोलनको क्रममा घाइते भएका नेता तथा कार्यकर्ताहरुलाई उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा विधिवत रुपमा मन्त्रालयमा प्राप्त नभएकोले स्वीकृत चिकित्सकको प्रेस्क्रिप्सन र सो अनुसारको विल भरपाई सहितको विवरण प्राप्त भए पछि प्रक्रिया अघि वढाउने ।

६. अखिल तराई मुक्ति मोर्चासँग भएका ३ वटा सवारी साधनहरुलाई २०६८।५।१० गते सम्मका लागि सवारी पास उपलब्ध गराउन गृह मन्त्रालयमा अनुरोध गर्ने ।

७. अर्को वार्ता २०६८।५।१० गते पुनः गर्ने सहमति भयो ।

**अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष)का तर्फबाट**

विनोद कुमार चौधरी (विवेक)
वार्ता टोली संयोजक

**नेपाल सरकारका तर्फबाट**

पम्फा भुसाल
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## (३१.३३) नेपाल सरकारको वार्ता टोली र क्षत्री राष्ट्रिय आन्दोलन समिति बीच भएको सहमति

| मिति २०६८ जेठ ८ गते भएको सहमति |
|---|

१. निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गरियोस् भन्ने मागलाई सरकारले स्वीकार गर्दछ ।

२. राज्यको पुनर्संरचना गर्दा राष्ट्रिय अखण्डता र जातीय सद्भावलाई सुदृढ पार्ने गरी भौगोलिक निकटता, प्रशासनिक अनुकुलता, श्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा समेत गर्न संविधान सभामा सिफारिससाथ अनुरोध गर्ने ।

३. राज्यका तर्फबाट प्रदान गरिने विभिन्न आरक्षण सुविधाहरुमा सामाजिक-आर्थिक हैसियत (वर्ग) लाई समेत प्राथमिकता दिन नेपाल सरकार प्रतिबद्धता व्यक्त गर्दछ ।

४. भविष्यमा समानुपातिक निर्वाचन प्रणालीका लागि जातीय समूह बनाउँदा 'खस क्षत्री'हरुलाई निश्चित पहिचानसहित प्रतिनिधित्वको व्यवस्था गरियोस् भन्ने मागका सम्बन्धमा सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

५. क्षत्री जातिलाई आदिवासी जातिमा सूचिकृत गरियोस् भन्ने मागका सम्बन्धमा अध्ययन गर्न एक महिनाभित्र सरकारले एउटा अध्ययन कार्यदल बनाउनेछ र त्यसको सुझावको आधारमा आवश्यक व्यवस्था गरिनेछ ।

६. क्षत्री राष्ट्रिय आन्दोलन समितिले आव्हान गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु आजैका मितिबाट फिर्ता लिइएका छन् ।

| | |
|---|---|
| प्रा.डा. दिलबहादुर क्षत्री | विश्वनाथ शाह |
| संयोजक | शान्ति तथा वार्ता टोली संयोजक एवम् |
| क्षत्री राष्ट्रिय आन्दोलन समिति | मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय |

## (३१.३४) नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति

| मिति २०६८ साउन २८ गते भएको सहमति |
|---|

१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) का वार्ता टोलीका सदस्यहरुलाई वार्ता अवधिभर सुरक्षा दिने विषयमा नेपाल सरकार प्रतिवद्धता व्यक्त गर्दछ ।

२. मोर्चाले सशस्त्र गतिविधि त्यागी संविधान र कानूनले निषेध गरेका कुनै पनि गतिविधि नगर्ने र शान्तिपूर्ण राजनीति गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । नेपाल सरकारको तर्फबाट पनि मोर्चाका नेता तथा कार्यकर्ताहरुलाई राजनैतिक रुपमा व्यवहार गर्नेछ ।

३. मोर्चासंग रहेका सम्पूर्ण हातहतियार सम्बन्धी विवरण (प्रकृति, संख्या) सार्वजनीकरण एवं नेपाल सरकारलाई हस्तान्तरण गर्ने प्रयोजनका लागि र मोर्चाका सशस्त्र गतिविधिमा संलग्न व्यक्तिहरुको विवरण नेपाल सरकारलाई यथाशिघ्र उपलब्ध गराउने र सोही विवरण अनुसारका हातहतियार यथाशिघ्र आपसी सहमतिमा गरिने अर्को वैठकमा नेपाल सरकारलाई हस्तान्तरण गर्न मोर्चा प्रतिवद्धता व्यक्त गर्दछ ।

४. मोर्चाले आफ्ना नेता तथा कार्यकर्ताहरुमा लागेका मुद्दा र थुनुवा तथा वन्दीहरुको विवरण यथाशिघ्र आपसी सहमतिमा तय गरिने अर्को वैठकमा बुझाउने प्रतिवद्धता व्यक्त गर्‍यो र अर्को वैठकमा हतियार वुझाए पश्चात मोर्चाका नेता तथा कार्यकर्ताहरुलाई लागेका मुद्दा र थुनुवा तथा वन्दीहरुको रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारले नियमानुसार अविलम्ब प्रारम्भ गर्ने सहमति भयो ।

५. अव आइन्दा संविधान र कानूनद्वारा निषेधित गतिविधि मोर्चाले नगर्ने भएकोले मोर्चाको नामबाट कसैले त्यस्तो गतिविधि गरेमा मोर्चाले जिम्मेवारी लिने छैन र यस्तो गतिविधि गर्नेलाई नेपाल सरकारले कानून अनुसार गर्ने छ ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) को तर्फबाट**

.......................

प्रल्हाद गिरी (पवन)

के. संयोजक

.......................

जितेन्द्र प्रसाद यादव (सुधिर)

.......................

चन्द्र शेखर सोनार (प्रवेज)

**सरकारी वार्ताटोलीको तर्फबाट**

.......................

पम्फा भुसाल

संयोजक

एवं

मन्त्री, शान्ति तथा पुनर्निर्माण

## (३१.३५) नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति

| मिति २०६८ पौष १६ गते भएको सहमति |
| --- |

१. नेपाल सरकार र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) बीच मिति २०६८ साउन २८ गते भएको सहमति अनुसार देहाय अनुसारका हात हतियारहरु मोर्चाको तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण गरियो । बुझाइएका हात हतियारहरु स्थानीय प्रशासनलाई हस्तान्तरण गरियो ।

(क) ३१५ पेस्तोल थान ४ (चार)
(ख) १२ बोर पेस्तोल थान ४ (चार)

२. पूर्व सहमति अनुसार मोर्चाका तर्फबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा बुझाइएको विवरण बमोजिमका नेता तथा कार्यकर्ताहरुलाई लागेका मुद्दा फिर्ता र थुनुवा तथा बन्दिहरुको रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारले नियमानुसार अविलम्व प्रारम्भ गर्ने सहमति भयो ।

३. यस अघि भएका सहमतिहरु दुवै पक्षबाट कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

४. आगामी वार्ता आपसी सहमतिमा निर्धारण गर्ने ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन)को तर्फबाट**

प्रल्हाद गिरी (पवन)
संयोजक वार्ता टोली

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
संयोजक,
सरकारी वार्ता समिति
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

राजलाल यादव
सदस्य,
सरकारी वार्ता समिति
मन्त्री नेपाल सरकार

## (३१.३६) नेपाल सरकारको वार्ता टोली र पूर्व जन मुक्ति सेना, नेपाल बीच भएको सहमति

| मिति २०६८ भदौ २ गते भएको सहमति |
| --- |

१. पूर्व जनमुक्ति सेना नेपालको तफर्पबाट देहाय अनुसार आफ्ना मागहरु प्रस्तुत भयो ।
   क. कथित अयोग्य बिल्ला खारेज गरिनु पर्ने ।
   ख. सम्मानजनक दीर्घकालीन व्यवस्थापनका लागि एकमुष्ठ आर्थिक प्याकेजबाट हल गरिनु पर्ने ।
   ग. संयुक्त राष्ट्र संघ शान्ति कोष मार्फत पूर्व जनमुक्ति सेनाका नाममा भएको खर्चको सत्य तथ्य सार्वजनिक गरिनुपर्ने ।
   घ. विभिन्न वहानामा पक्राउ परेका सम्पूर्ण पूर्व जनमुक्ति सेनाहरुको अविलम्ब विनाशर्त रिहाई गराईनु पर्ने ।

२. पूर्व जनमुक्ति सेना नेपालले उठाएका माग प्रति नेपाल सरकारको गम्भिर ध्यानाकर्षण भएको छ । प्रस्तुत भएका उल्लिखित मागहरुका सम्बन्धमा यथोचित सम्बोधन गर्न सकारात्मक पहल गर्ने ।

३. हालको सम्बेदनशील परिस्थितिलाई मध्यनजर गर्दै पूर्व जनमुक्ति सेनाले घोषणा र आव्हान गरेका वन्द र हडतालका कार्यक्रमहरु फिर्ता लिन सहमति भएको छ ।

| पूर्व जन मुक्ति सेना नेपालको तर्फबाट | सरकारी वार्तााटोलीको तर्फबाट |
| --- | --- |
| …………………… | …………………… |
| कृष्ण प्रसाद दंगाल | पम्फा भुसाल |
| वार्ताटोली संयोजक | संयोजक |

## (३१.३७) नेपाल सरकारको वार्ता टोली र वहिर्गमित जन मुक्ति सेना, नेपाल बीच भएको सहमति

| मिति २०६८ पुष २१ गते भएको सहमति |
|---|

१. बहिर्गमित जनमुक्ति सेना, नेपालले बन्दीहरुको विवरण तथा एकमुष्ट आर्थिक प्याकेजको खाका अर्को वार्ता हुनु अघि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा बुझाउने र वहिर्गमित जनमुक्ति सेना, नेपालका मागका सम्बन्धमा विस्तृत छलफल गर्न एक हप्ता भित्र अर्को वार्तामा वस्ने सहमति भयो ।

२. वहिर्गमित जनमुक्ति सेना, नेपालले जारी राखेका सम्पूर्ण आन्दोलनका कार्यक्रमहरु हाललाई स्थगन गर्ने सहमति भयो ।

**वहिर्गमित जन मुक्ति सेना**
**नेपालको तर्फबाट**

.......................
सागर लिम्वु
संयोजक

**सरकारी वार्ताटोलीको**
**तर्फबाट**

.......................
सत्य पहाडी
संयोजक
एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण

## (३१.३८) नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति

| मिति २०६८ भदौ २ गते भएको सहमति |
| --- |

१. मोर्चाले संविधान एवं प्रचलित कानूनले निषेध गरेका सशस्त्र एवं फौजी कारवाही नगर्ने ।

२. मोर्चाको नेता तथा कार्यकर्तालाई नेपाल सरकारले राजनैतिक व्यवहार गर्ने र वार्ता अवधिभर वार्ताटोलीका सदस्यहरुलाई सरकारले सुरक्षा दिने ।

३. मोर्चाका नेता तथा कार्यकर्ता माथि लागेका मुद्दा एवं हिरासत वन्दीको विवरण आपसी सहमतिमा हुने अर्को बैठक बस्नु अघि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा बुझाउने र आगामी बैठकबाट नेपाल सरकारले मुद्दा फिर्ताको कारबाही कानून बमोजिम अगाडि बढाउने ।

४. मोर्चासंग रहेका हातहतियारहरुको सम्पूर्ण विवरण अर्को वार्ता अगाडि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा बुझाउने र अर्को वार्तामा त्यस्ता हतियार नेपाल सरकारलाई हस्तान्तरण गर्ने ।

५. कसैले मोर्चाका नामबाट प्रचलित कानूनले निषेध गरेका गतिविधिहरु गरेमा त्यसको जिम्मेवारी मोर्चाले नलिने र सरकारले त्यस्ता गतिविधि उपर प्रचलित कानून बमोजिम कारवाही गर्ने ।

६. अर्को वार्ता आपसी सहमतिको आधारमा यथाशिघ्र तय गर्ने ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद)को तर्फबाट**

........................

उदयकान्त मिश्र (आजाद)

के. संयोजक

**सरकारी वार्ताटोलीको तर्फबाट**

........................

पम्फा भुसाल

मन्त्री, शान्ति तथा पुनर्निर्माण

## (३१.३९) नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति

| मिति २०६८ पौस २८ गते भएको सहमति |
|---|

१. शन्ति र संविधानको लागि नेपाल सरकार र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच मिति २०६८ भाद्र २ गते भएको सहमति अनुसार देहाय अनुसारका हात हतियारहरु र खरखजाना मोर्चाको तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण भयो । बुझाइएका हात हतियारहरु देहाय बमोजिम स्थानीय प्रशासनको जिम्मामा रहेको ।

अ) बिभिन्न जिल्लाहरुबाट संकलन भै प्राप्त जिल्ला प्रशासन कार्यालय पर्सा अन्तर्गत जिम्मामा रहेका हात हतियारहरुको विवरण

(क) बारा जिल्ला- नलकटुवा पेस्तोल थान १७ (सत्र), मिस फायर गोली थान ५ (पाँच) र बारुद अन्दाजी १० किलो ।

(ख) सिरहा जिल्ला- एक नाले कटुवा पेस्तोल थान ७ (सात), रिभल्वर थान १ (एक), दुई नाले कटुवा पेस्तोल थान १ (एक), एक नाले मासकेट बन्दुक थान १ (एक) र मिस फायर गोली थान २ (दुई) ।

(ग) रौतहट जिल्ला- एक नाले बन्दुक थान १ (एक), नल कटुवा पेस्तोल थान ४ (चार) ।

(घ) घनुषा जिल्ला- नल कटुवा पेस्तोल थान २ (दुई) ।

आ) सप्तरी जिल्ला प्रशासन कार्यालय अन्तर्गत जिम्मामा रहेका हात हतियारहरुको विवरण

(क) नल कटुवा पेस्तोल थान ४ (चार) ।

२. आज बुझाउन बाँकी रहेका हात हतियारहरु मोर्चाले हतियार रहेको जिल्लाको सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा यथाशिघ्र बुझाउने सहमति गरियो ।

३. यस अघि भएका सहमतिहरु दुवै पक्षबाट कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

४. पूर्व सहमति अनुसार मोर्चाका तर्फबाछ शान्ति तथा पुनर्निर्माण मन्त्रालया बुझाइएको विवरण बमोजिमका नेता कार्यकर्ताहरुलाई लागेका मुद्दा फिर्ता र थुनुवा तथा बन्दिहरुको रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारले नियमानुसार यथाशीघ्र प्रारम्भ गर्ने सहमति भयो ।

५. मोर्चाले आज प्रस्तुत गरेका ११ बुंदे मागका सम्बन्धमा आवश्यक सम्बोधनका लागि सरकारले पहल गर्ने छ ।

६. अर्को वार्ता आवश्यकता अनुसार आपसी सहमतिमा तय गर्ने ।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) को तर्फबाट**

उदयकान्त मिश्र (आजाद)
संयोजक वार्ता टोली

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
संयोजक, सरकारी वार्ता समिति एवं
मन्त्रि, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

भीमराज चौधरी राजवंशी
सदस्य, सरकारी वार्ता समिति एवं
राज्यमन्त्री, गृह मन्त्रालय

## (३१.४०) नेपाल सरकारको वार्ता टोली र ब्राम्हण, खस क्षत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समिति बीच भएको सहमति

| मिति २०६८ मंसिर ९ गते भएको सहमति |
|---|

१. ब्राम्हण, खस क्षत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समितिले राखेका न्यायोचित एवं तत्काल गर्न सक्ने मागहरु १ (एक) महिना भित्र परिवर्तनको आभाष हुने गरी सम्बोधन गर्ने सहमति गरियो ।

२. प्रक्रिया पूरा गरी सम्बोधन गर्ने कानूनी एवं संवैधानिक विषयहरुसंग सम्बन्धित मागहरु सम्बोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सहमति गरियो ।

३. संघर्ष समितिले आयोजना गरेका विरोधका कार्यक्रमहरु हाललाई स्थगन गर्ने सहमति गरियो ।

**ब्राम्हण, खस क्षत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समितिको तर्फबाट**

श्री नारायण प्रसाद अधिकारी
(संरक्षक, ब्राम्हण खस क्षत्री राष्ट्रिय संघर्ष समिति)
श्री कुमार वहादुर थापा
(संयोजक, ब्राम्हण खस क्षत्री राष्ट्रिय संघर्ष समिति)

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण

## (३१.४१) नेपाल सरकारको वार्ता टोली र संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्च बीच भएको सहमति

| मिति २०६८ पौष १४ गते भएको सहमति |
|---|

१. कालिकोट जिल्लाको जुविथा गा.वि.स. वार्ड नं. ४ का मृतक मनवीर सुनारको छुवाछुतका कारण हत्या गर्ने हत्याराहरुलाई कडा भन्दा कडा कार्वाही गर्ने सहमति भयो ।

२. जातीय भेदभावका कारण मृत्युवरण गरेका कालिकोटका मनवीर सुनारका परिवारलाई राज्यले तत्काल राहत स्वरुप रु. १० लाख उपलब्ध गराउने । साथै मृतकका बालबच्चाको उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यबस्था मिलाउने सहमति गरियो ।

३. मृतक मनवीर सुनारलाई शहिद घोषणा गर्ने मागका सम्बन्धमा राज्यले कार्यदल गठन गरि सोको सिफारिसका आधारमा शहीद घोषणका बारेमा निर्णय लिने सहमति गरियो ।

४. जातीय भेदभाव र छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय निर्देशन समिति, दलित आन्दोलनका नेतृत्वसहितको केन्द्रीय सल्लाहकार समिति र जिल्लाहरुमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लास्तरीय दलित नेतृत्वसमेत रहने गरी र स्थानीय स्तरमा स्थानीय निकायका प्रमुखहरु तथा दलित नेतृत्वहरुको सहभागीता रहने गरी कार्यान्वयन समिति गठन गरी कानूनी कार्वाही र प्रचार प्रसारको यथेष्ठ व्यबस्था गर्ने सहमति गरियो ।

५. दैलेखको तोली गा.वि.स.का सेते दमईको हत्याका घटनालाई राज्यले तत्काल छानविन गरी उचित कार्वाहीको प्रक्रिया अगाडी बढाउने । त्यस्तै कास्की, तनहूँ, सिरहा, दार्चुला, बैतडी लगायत देशका विभिन्न भागमा घटेका छुवाछुतजन्य श्रृंखलाबद्ध घटनाहरुको उचित छानविन गरि राज्यले ती घटनामा संलग्न अपराधीहरुलाई कडा कार्वाही गर्ने सहमती भयो ।

**संयुक्त राजनीतिक दलित संघर्ष समितिको तर्फबाट**

१. तिलक परियार-संयोजक-नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा
२. खड्गबहादुर बस्याल-अध्यक्ष-नेपाल दलित संघ
३. जीतु गौतम-अध्यक्ष-नेपाल उत्पीडित जातीय मुक्ति समाज
४. राजेश विश्वकर्मा-अध्यक्ष-जातीय समता समाज
५. केशबहादुर परियार-अध्यक्ष-उत्पीडित जातीय उत्थान संघ (एकीकृत)
६. सेवल राम महरा-अध्यक्ष-नेपाल सद्भावना दलित मंच
७. रन्जीत पासवान-अध्यक्ष-नेपाल राष्ट्रिय दलित केन्द्र
८. रुपबहादुर परियार-अध्यक्ष-विभेद मुक्ति प्रगतिशिल समाज

**सभासद् मञ्चको तर्फबाट**

१. खडगबहादुर विश्वकर्मा
२. शम्भु हजरा पासवान
३. शान्त वहादुर नेपाली
४. कलावती पासवान

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
मन्त्री

## (३१.४२) नेपाल सरकारको वार्ता टोली र अखिल तराइ मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) बीच भएको सहमति

| मिति २०६८ माघ ७ गते भएको सहमति |
|---|

१. अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) शान्ति र संविधानप्रति प्रतिवद्धता व्यक्त गर्दै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिवद्धता व्यक्त गर्दछ र नेपाल सरकारबाट पनि मोर्चालाई राजनीतिक व्यवहार गरिने छ ।

२. वार्ता अवधिभर मोर्चाका वार्ता टोली संयोजक एवं सदस्यहरुलाई नेपाल सरकारद्वारा सुरक्षाको प्रत्याभूति गराउने प्रतिवद्धता व्यक्त गरियो ।

३. मोर्चासंग भएका सम्पूर्ण हातहतियार आपसी सहमतिमा तय गरिने अर्को वार्तामा मोर्चाले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. जेल तथा हिरासतमा रहेका मोर्चाका नेता तथा कार्यकर्ताहरुको नाम नामेसी सहितको विवरण अर्को वार्तामा पेश गर्ने र प्राप्त विवरण बमोजिम नियमानुसार मुद्दा फिर्ता र वन्दी/थुनुवा रिहाई सम्वन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशीघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. अव उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र गतिविधिहरी नगर्ने प्रतिवद्धता मोर्चाबाट व्यक्त गरियो । कहिंकतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी मोर्चाले नलिने र त्यस्तो गतिविधिउपर नेपाल सरकारले प्रचलित कानून वमोजिम कारवाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकूलतामा मिति र स्थान तय गरी यथाशीघ्र अर्को वार्ता गर्ने सहमति व्यक्त गरियो ।

**अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह)को तर्फबाट वार्ता टोली**

संयोजक अजित सिंह (अजयकुमार यादव)

सदस्य सुल्तान सिंह (महेन्द्र मुखिया)

सदस्य देवराज (सर्वन कामत)

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

राजलाल यादव
सदस्य
सरकारी वार्ता समिति एवं
मन्त्री, नेपाल सरकार

भीमराज चौधरी राजवंशी
सदस्य
सरकारी वार्ता समिति एवं
राज्यमन्त्री, गृह मन्त्रालय

## (३१.४३) नेपाल सरकारको वार्ता टोली र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) बीच भएको सहमति

| मिति २०६८ फागुन १३ गते भएको सहमति |
|---|

१. जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) शान्ति र संविधान प्रति प्रतिबद्ध रहदै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता ब्यक्त गर्दछ र नेपाल सरकारबाट पनि पार्टीलाई राजनीतिक ब्यवहार गर्ने सहमति गरियो ।

२. वार्ता अवधिभर उक्त पार्टीका वार्ता टोली संयोजक, प्रवक्ता तथा सदस्यहरुलाई सुरक्षाको प्रत्याभुति गर्ने सहमति गरियो ।

३. उक्त पार्टीसंग भएका सम्पूर्ण हातहतियार आपसी सहमतिमा तय गरिने आगामी वार्तामा पार्टीले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. जेल तथा हिरासतमा रहेका उक्त पार्टीका नेता तथा कार्यकर्ताहरुको नाम नामेसी सहितको विवरण आगामी वार्तामा पेश गर्ने र प्राप्त विवरण वमोजिम नियमानुसार मुद्दा फिर्ता र वन्दी, थुनुवा रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशिघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. अव उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र गतिविधिहरु पार्टीले नगर्ने । कहिं कतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी उक्त पार्टीले नलिने र त्यस्ता गतिविधिहरुउपर नेपाल सरकारले प्रचलित कानून बमोजिम कारबाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकुलतामा मिति र स्थान तय गरी यथाशिघ्र अर्को वार्ता गर्ने सहमति गरियो ।

**जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) को तर्फबाट :**

संयोजक, प्रह्लाद महरा (तुफान सिंह)
प्रवक्ता, वब्लु खान (सिकन्दर वागी)
सदस्य उमेश यादव (पवन सिंह)
सदस्य, कामेश्वर सिंह (अभय सिंह)
सदस्य, मनोज मंडल (सुवास)

**नेपाल सरकारको तर्फबाट :**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

राजलाल यादव
सदस्य
सरकारी वार्ता समिति एवं
मन्त्री, नेपाल सरकार

## (३१.४४) नेपाल सरकारको वार्ता टोली र जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप) बीच भएको सहमति

मिति २०६८ फागुन २१ गते भएको सहमति

१. जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप) शान्ति र संविधान प्रति प्रतिबद्ध रहंदै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता ब्यक्त गर्दछ र नेपाल सरकारबाट पनि मोर्चालाई राजनीतिक ब्यवहार गर्ने सहमति गरियो ।

२. वार्ता अवधिभर मोर्चाका वार्ता टोली संयोजक तथा सदस्यहरुलाई सुरक्षाको प्रत्याभुति गर्ने सहमति गरियो ।

३. मोर्चासंग भएका सम्पूर्ण हातहतियार आपसी सहमतिमा तय गरिने अर्को वार्तामा मोर्चाले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. जेल तथा हिरासतमा रहेका मोर्चाका नेता तथा कार्यकर्ताहरुको नाम नामेसी सहितको विस्तृत विवरण अर्को वार्तामा पेश गर्ने र प्राप्त विवरण बोजिम नियमानुसार मुद्दा फिर्ता र वन्दी, थुनुवा रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशिघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. अव उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र गतिविधिहरु मोर्चाले नगर्ने । कहिं कतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी मोर्चाले नलिने र त्यस्ता गतिविधिहरुउपर नेपाल सरकारले प्रचलित कानून बमोजिम कारबाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकूलतामा मिति र स्थान तय गरी यथाशिघ्र अर्को वार्ता गर्ने सहमति गरियो ।

**जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप) को तर्फबाट :**

श्री झवर साह (प्रताप) वार्ताटोली संयोजक
श्री बद्री नारायण हलुवाई वार्ताटोली सदस्य
श्री जय कुमार दास (युगेश्वर साह), वार्ताटोली सदस्य

**नेपाल सरकारको तर्फबाट :**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## (३१.४५) नेपाल सरकारको वार्ता टोली र संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा बीच भएको सहमति

| मिति २०६९ बैशाख ६ गते भएको सहमति |
|---|

१. संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा शान्ति र संविधान प्रति प्रतिबद्ध रहंदै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता ब्यक्त गर्दछ र नेपाल सरकारबाट पनि मोर्चालाई राजनीतिक ब्यवहार गर्ने सहमति गरियो ।

२. वार्ता अवधिभर मोर्चाका वार्ता समूहका संयोजक तथा सदस्यहरुलाई सुरक्षाको प्रत्याभुति गर्ने सहमति गरियो ।

३. मोर्चासंग भएका सम्पूर्ण हातहतियारहरु आपसी सहमतिमा तय गरिने आगामी वार्तामा मोर्चाले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. मोर्चाका बन्दी तथा थुनुवाहरुको नाम नामेसी सहितको विवरण आगामी वार्तामा पेश गर्ने र प्राप्त विवरण बोजिम नियमानुसार मुद्दा फिर्ता र बन्दी, थुनुवा रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशिघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. अब उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र, डरधम्कीयुक्त गतिविधिहरु मोर्चाले नगर्ने र कहिं कतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी मोर्चाले नलिने र त्यस्ता गतिविधिहरु उपर नेपाल सरकारले प्रचलित कानून बमोजिम कारबाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकूलतामा मिति र समय तय गरी यथाशिघ्र अर्को वार्ता गर्ने सहमति गरियो ।

**संयुक्त क्रान्तिकारी तराई मधेश मुक्ति मोर्चाको तर्फबाट :**

विवस विद्रोही (रामवृक्ष महतो)
संयोजक वार्तारटोली

**नेपाल सरकारको तर्फबाट :**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

अनुसूची १

## ताम्सालिङ संयुक्त संघर्ष समितिद्वारा वार्ताका लागि प्रस्तुत सहमतिको बुंदा नं. १ संग सम्वन्धित मागका बुंदाहरू

१. आत्मनिर्णयको अधिकारसहित तामाङहरूको ऐतिहासिक भूमि खण्डित नहुने गरी ताम्सालिङ स्वायत्त प्रदेशको घोषणा गरियोस् ।

२. राज्यको संघीय संरचना ऐतिहासिक थलो, जाति, भाषा र क्षेत्रको आधारमा गरियोस् ।

४. जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरियोस् ।

५. राज्यका सबै अंगहरू (संरचनाहरूमा) र प्राकृतिक स्रोतसाधनमाथि अग्राधिकारसहितको जातीय स्वशासनको व्यवस्था लागू गरियोस् ।

६. ताम्सालिङ प्रदेशभित्रका अन्य जातिहरूका लागि स्वशासनभित्र स्वशासनको नीतिको आधारमा स्वायत्त संरचनाहरूको निर्माण गरियोस् । अन्य संघराज्यहरूमा पनि सोही आधारमा तामाङहरूको स्वायत्त शासनको व्यवस्था गरियोस् ।

११. तामाङ भाषालाई संघीय एवम् प्रादेशिक भाषाको रूपमा मान्यता दिइयोस् ।

१६. संविधान मस्यौदा समितिमा तामाङ जातिको प्रतिनिधित्व सुनिश्चित गरियोस् ।

१७. तामाङलगायत आदिवासी जनजातिको प्रथाजन्य कानून (Customary law) लाई मान्यता दिइयोस् ।


शान्ति र संविधान–हाम्रो अभियान
Our Campaign - Peace and Constitution
संविधान
अन्तर्राष्ट्रिय शान्ति दिवस
४ आश्विन, २०६८
International Day of Peace
21 September, 2011
नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय